
# नवप्रज्ञापन

ISSN 2362-129X




पाइला ३१ औं वर्षमा

१०२

समीक्षा विशेष

पहिलो भाग

साहित्य, संस्कृति र कला सभ्य समाजको
आत्मा हो । यिनीहरूको उचित उपयोगद्वारा मात्र
समाज सही बाटोमा हिंड्न सक्छ । यही कुरा आत्म
सात गरी वि.सं २०५० सालदेखि बारा जिल्लाबाट
प्रकाशन आरम्भ गरेको **नवप्रज्ञापन**ले
२०८० वैशाखमा १०० अङ्कको यात्रा पूरा गरेको
छ । तिनीहरूमध्ये २२ अङ्क विशेष अङ्कका रूपमा
प्रकाशित छन् । शतक अङ्क पार गरिसकेको
**नवप्रज्ञापन**को आगामी यात्राको
निरन्तरताको कामना
गर्दछु ।



## कमल अधिकारी

बुचाकोट, नमोबुद्ध नगरपालिका २, काभ्रे

साहित्यप्रति अत्यन्तै अनुराग राख्ने नवप्रज्ञापनका नियमित पाठक कमल अधिकारी यसै अङ्कदेखि हामीसँग जोडिनु भएको छ । हामीलाई माया गरी पारिवारिक सदस्य बन्नु भएकोमा नवप्रज्ञापन परिवार यहाँप्रति आभारी छ । )

# नवप्रज्ञापन

पूर्णाङ्क : १०२, कार्तिक–पुस २०८०

(प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार २०७७ द्वारा पुरस्कृत)



**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**अतिथि सम्पादक**
बद्री ढकाल

**सह-सम्पादक**
प्रमोद पाण्डे

**उप-सम्पादक**
बाबुराम लम्साल
गणेशराज रिजाल

**आवरण/शब्दचित्र**
राजेश मानन्धर

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
लक्ष्मी गणेश प्रेस
बागबजार, काठमाडौं

**सहयात्री**
राममणि दुवाडी
वासुदेव अधिकारी
प्रा.डा. ध्रुवकुमार घिमिरे
डा. विश्वम्बरकुमार शर्मा
गोपाल अश्क
राममणि ढुंगेल
वसन्त रिजाल
विनयराज गौतम
राम अधिकारी
भवानी तावा
देवकरण माझी
जनार्दन खनाल
गोपाल फ्युबा
के.बि. सिम्पल
टीकाराम उदासी
रामचन्द्र नेपाल
डा.पुष्करराज भट्ट
गगनदीप सर्व
उमेश रिमाल
विनोद पाण्डे



मूल्य : १००/-



कार्यालय: स्वाभिमानवस्ती जीतपुर-सिमरा उपमहानगरपालिका-१६, बारा, मधेस प्रदेश, नेपाल
सम्पर्क : ९८५११३८६२४ (काठमाडौं), ९८५५०२४९५५ (बारा)
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

# नवप्रज्ञापन सभा

१. माया ठकुरी, ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर, ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, ललितपुर, ७. पीताम्बरा 'पीयूष', काठमाडौँ ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. रवीन्द्र रिजाल, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ, १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौँ १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ, २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा, ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर, ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ, ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाई, धादिङ ४६. रमेश समर्थन, रुपन्देही, ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. विजय चालिसे, काठमाडौँ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर, ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. सीताराम उप्रेती, झापा ६३. दुर्गाप्रसाद काफ्ले, उदयपुर ६४. कृष्ण, खड्का, धादिङ ६५. प्रदीप प्रधान, रुपन्देही ६६. रश्मि असफल, झापा, ६७. समीर पाखिन, बारा ६८. प्रभात सापकोटा, काभ्रे ६९. विजय मैनाली, बारा ७०. बैकुण्ठ नेपाल, बारा ७१. ईश्वरराज लोहनी, धादिङ ७२. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७३. मनदेवी तण्डुकार, ललितपुर ७४. छायादत्त न्यौपाने, पर्वत ७५. दुर्गा रिमाल, काठमाडौँ ७६. भक्तबहादुर नेपाली, ललितपुर, ७७. खिमानन्द पोखरेल, गुल्मी, ७८. रञ्जुश्री पराजुली, काठमाडौँ, ७९. समन श्रेष्ठ, काठमाडौँ, ८०.गोपाल बराल काठमाडौं, ८१.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८२.आरएम डंगोल नुवाकोट,८३. गोपाल अश्क, पर्सा, ८४. दिनेश गुप्ता पर्सा, ८५. हरिदेव खरेल बारा, ८६. हिर्दयनारायण चौधरी बारा, ८७. नवराज पुडासैनी, काठमाडौँ, ८८. डा. धनप्रसाद सुवेदी, खोटाङ, ८९. राममणि ढुंगेल, भक्तपुर, ९०. अमरकुमार प्रधान, दोलखा, ९१. जंगबहादुर यादव, बारा, ९२. सुदिपराज रिजाल, बारा, ९३. वसन्त रिजाल, काठमाडौँ, ९४.राधेश्याम सिवाकोटी, बारा, ९५. कलाधर काफ्ले, कास्की, ९६. हरिदत्त पाण्डेय, बैतडी, ९७. प्रतीक्षा रिजाल, बारा, ९८. शीतल गिरी रौतहट, ९९. इशहाक हुसेन, बारा, १००. श्याम रिमाल, नुवाकोट, १०१. सानुराजा अन्जान, काठमाडौं, १०२. रमेश कडेल, धादिङ, १०३. बलराम ढुंगाना, धादिङ १०४. मुना काफ्ले सिन्धुली, १०५.डा. यादेवी ढकाल, खोटाङ ।

सम्पादकीय

# मन मनमा प्रश्न

आज हाम्रा युवा दैनिक रूपमा देश छाडिरहेका छन् । यो क्रम बाक्लिने अवस्थामा छ । केले हो कुन्नी परदेश गमन उद्देश्य बनिरहेको छ । तिनीहरूका बाटा न हाम्रा चाडपर्व न त घरायसी वैवाहिक कार्यक्रमहरूले नै बन्द गर्न सकी रहेका छन् । मातापिताको मायामोह र देशप्रेम पनि बलियो छेकबार बन्न सकिरहेको छैन । यीलगायत विविध कुराले रोक्नछेक्न नसकेका कारण ती निर्बाध गतिमा घरदेश छाडी रहेछन् ।

युवाशक्ति देशबाट पलायन हुनु कुनै पनि मुलुकका लागि हितकर हुनसक्दैन । देशको भोलिको जिम्मेवारी उनीहरूको काँधमा हुन्छ । त्यस्तो सम्भावना बोक्ने युवा यहाँबाट धमाधम पलायन हुनु निःसन्देह दुखद् कुरा हो । यसलाई सामान्य नजरले हेर्न सकिँदैन । कोही कसैले सामान्य रूपमा हेर्छ वा भन्छ र गर्छ भने बुझ्न सकिन्छ ऊ यो देशप्रति अलिकति पनि संवेदनशील छैन । जिम्मेवार व्यक्तिले त्यसो गर्न सक्दैसक्दैन ।

कुनै पनि देशको असल नागरिकको मुख्य कर्तव्य मुलुकको भलो चिताउनु हो । जानेबुझेसम्म उन्नति प्रगति बारे चिन्तनमनन गर्नु हो । देशको कुभलो चिताउनेहरूको पहिचान गरेर तिनीहरूलाई नजरको कैदी बनाई अगाडि बढ्नु हो । सकारात्मक सोचका साथ आफू र देश दुवैको उद्यमशीलता बढाउन प्रयत्नशील रहनु हो । अनि बाटो भुलेका र भुल्न खोजिरहेकाहरूलाई वास्तविक धरातल देखाउनु हो ।

आजका हामीहरूले ती काम कति गरेका छौँ ? यो प्रश्न हरेक जिम्मेवार नागरिकका मन मस्तिष्कमा हुनु अति आवश्यक छ । यस्ता प्रश्न नउठ्ने मन यथार्थमा सकारात्मक हुन सक्दैनन् । भए पनि ती अर्कैका हुन्छन् । अर्कै मन बोकी पेटका लागि बाँचेका पनि हुनसक्छन् । आधुनिकताको नाममा फरक भाव, दृष्टिकोण, विचार आत्मसात् गरेका पनि हुनसक्छन् । त्यस्ताहरू यी कुरालाई अति सामान्य मान्ने गर्छन् ।

यतिधेरै युवा पितापुर्खाले दुखका साथ निर्माण गरेको, आफू जन्मी हुर्किबढेको, मातापिता, आफन्तजन, बन्धुबान्धव अनि इष्टमित्र बसोबास गरिरहेको मुलुक चटक्क छाडेर दैनिक रूपमा किन परदेश गइरहेका छन्, यसको मूलकारण के हो ? खोजीतिर कोही कसैको पनि दृष्टि नपुगेको देखिन्छ । दैनिक रूपमा उनीहरू नेपाल र भारतका विभिन्न मार्ग प्रयोग गरी देश छाडिरहेका छन् । हामी यसलाई सामान्य रूपमा हेरिरहेका छौँ अर्थात् यो केही पनि हैन भन्ने ठानिरहेका छौँ ।

संवेदनशील मानिसका लागि यो सामान्य कुरा हैन । आज सामान्यजस्तो लागे पनि त्यसले भविष्यमा गम्भीर समस्या निम्त्याउने पक्कापक्कीजस्तै छ । अलिकति पनि शङ्का छैन । बेलैमा सोच्नु र मूलकारण पत्ता लगाएर समाधानतिर अग्रसर बन्नु मात्र विकल्प हो । समयमै गम्भीरताका साथ नसोचिए ठूलो समस्या आउने निश्चितजस्तै छ ।

बेलैमा नसोचे जब त्यो समय आउँछ तब पछुताउनु बाहेक अर्को कुनै विकल्प नरहने निश्चितजस्तै छ ।

साँच्चै हामी आज हेरेर आजका लागि मात्र बाँचिरहेका छौँ । भोलिको चित्र मन मस्तिष्कमा निर्माण हुन सकेको छैन । यो गलत कुरा हो ।यसले हामीलाई गतिशील बनाउँदैन । अगतिशील जीवनको बाटो अगतिशील नै हुन्छ । मनमा भोलिको निर्माण आज हुनुपर्छ । भोलिको काम पर्सिको लागि सोच्नु हुन्छ । त्यसो त इतिहास इतिहास नै हो, यसलाई सत्तोसराप गरेर सन्तोषको सास फेर्नु असक्षम हुनुको बलियो प्रमाण हो । इतिहासबाट सिकेर वर्तमान बनाउनु जिम्मेवार नागरिकको मुख्य कर्तव्य हो ।

आजको बचाई पेटको बचाई हुन्छ । यसको सम्बन्ध जीवनसँग हुँदैन । जीवनको गति, यति र लयसँग पनि हुँदैन । केवल सास फेर्नुसँग हुन्छ । सम्भवतः हामी त्यही गरिरहेछौँ । त्यो भन्दा एकपाइलो अगाडि जान सकिरहेका छैनौँ । यसले हामीलाई गतिहीन त बनाएको छ नै, यहाँभन्दा अगाडि बाटो छैन भन्ने अवस्था पनि अवगत गराएको छ । अन्यथा युवापलायनलाई गम्भीरताका साथ सोचिनु पर्ने हो । ए बाबा किन ती देश छाडेर हिँडिरहेका छन् । के हो कारण अहँ खोजविन गरिएकै छैन । यसको अर्थ हो त्यसलाई सामान्य रूपमा हेरिएको छ अर्थात् जान्छन् आउँछन् भन्ने नजरअन्दाज गरिएको छ ।

देशका दक्ष जनशक्ति पनि विदेसिने लहरमा छन् । एउटा दक्ष जनशक्ति तयार पार्न देशले धेरै खर्च गर्नुपर्छ तर ती पनि पाइला उठाई रहेछन् । के ती पैसाका लागि मात्र विदेसिएका हुन् ? झारातिराई र गैह्रजिम्मेवारपनमा त हो भन्न सकिएला तर यथार्थ त्यस्तो मात्र हैन । देशमा सम्भावना र समतापूर्ण व्यवहार नदेखेपछि उनीहरूका पाइला उचालिएका पनि त हुनसक्छन् । ती कुरा जिम्मेवार निकायले सोच्नु र निराकरणका लागि पाइला चाल्नु आवश्यक छ । मानिसका हरेक गतिविधिलाई नजरअन्दाज गर्ने प्रवृत्तिले हाम्रा मस्तिष्कमा घर गरेका कारण स्थिति नकारात्मक बन्दै गएको हो । यो कुरा गम्भीरतापूर्वक मनन गर्नु आवश्यक छ ।

विभिन्न बहानामा देश छाडिरहेकाहरूप्रति संवेदनशील बन्नु राज्यको पहिलो आवश्यकता हो । गए जाउन् बसे बसुन् यस्तो भाव कहिल्यै राख्न हुँदैन । कतै कमी कमजोरी त गरिएन भनेर राज्यले सोच्नु अति आवश्यक छ । राज्यले विश्वास दिलाउन नसकेकै कारण तिनीहरूले पलायनता रोजेका हुन् । अब त अति भइसक्यो । पर्नेहरूले सोच्ने बेला आइसकेको छ । अब पनि नसोचे कहिले सोच्ने हाम्रा ध्यान त्यता जानुपर्ने बेला भएन र ?

यो समस्याबाट तपाई हामी पनि भाग्न पाउँदैनौँ । हाम्रो पनि नैतिक जिम्मेवारी छ । हामी अन्य कुरा गर्न नसके पनि बोल्न त सक्छौँ नि । अब बोलौँ । हाम्रा आवाज ठूला भए अवश्य सुनिन्छन् । नबोलेरै हाम्रो बोली नसुनिएको हो । मानिसहरूमा किन देशप्रति अविश्वास बढेको हो र युवाहरू पलायन भइरहेका हुन् यसको खोजी गरी समस्या समाधानतिर पाइला बढाउन जिम्मेवार निकायलाई आग्रह गरौँ । यो हामी सबैको साझा कर्तव्य हो ।

# करैयामाई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, करैया, बारा

## सम्पूर्ण गाउँवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै गाउँपालिकामा दर्ता गरौं, गराऔं।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन्। यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौं।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं। सभ्य बनौं। सभ्यताको परिचय दिऔं।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं। नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं। यी सामूहिक धरोहर हामी सबैको हो। यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं।

# देवताल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, प्रिप्राढी, बारा

## सम्पूर्ण गाउँवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै गाउँपालिकामा दर्ता गरौं, गराऔं।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन्। यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौं।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं। सभ्य बनौं। सभ्यताको परिचय दिऔं।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं। नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं। यी सामूहिक धरोहर हामी सबैको हो। यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं।

# रचनाक्रम

## समीक्षा


- अच्युत घिमिरे/७
- आर. एम. डङ्गोल/१०
- ईश्वर चौहान/१३
- प्रा.डा. कपिल लामिछाने/१६
- गोपाल अश्क/१९
- डा.छायादत्त न्यौपाने 'बगर'/२२
- जनार्दन खनाल/२५
- तेजविलास अधिकारी/२८
- दीपक गौतम/३१
- देवेन्द्र अर्याल 'आँसु'/३४
- नन्दलाल आचार्य/३७
- नवराज रिजाल /४०
- डा. पुष्करराज भट्ट/४३
- बद्रीप्रसाद ढकाल/४६
- बाबुराम लम्साल/४९
- डा. मधुसूदन गिरी/५२
- रमेश समर्थन/५५
- राममणि ढुंगेल/५८
- विवेक वाइबा/६१
- शरद प्रधान/६४
- शीतल गिरी/६७
- डा. शेखरकुमार श्रेष्ठ/७०


## बगैंचाभित्रका फूलहरू


- संयोजक बाबुराम लम्साल/ ७३


## बजारमा नयाँ पुस्तक


- संयोजक प्रतीक्षा रिजाल/७५



# भवानी तावाको कृति न्वारान नभएको अक्षांशलाई नियाल्दा

● अच्युत घिमिरे

भवानी तावा समकालीन नेपाली कविता लेखनमा चर्चामा रहेका कवि स्रष्टा हुन्.। उमेरले ५० वर्ष पूरा भए पनि युवापुस्ताबीच घेरिएका प्रौढ वा बुढा पुस्ता हुन नसकेका उनलाई युवापुस्ताका चर्चित कवि भन्दा अत्युक्ति नहोला । राजधानीभन्दा धेरै टाढा सुदूरपूर्वको पहाडी जिल्ला पाँचथरको सदरमुकाम फिदिमलाई कर्मथलो बनाएर साहित्यिक गतिविधिमा सम्लग्न तावा नेपाली कविता साहित्यले बिर्सन नहुने नाम हो । तावा ६० को दशकमा नेपाली कविता साहित्यमा चर्चामा आएका कवि हुन् । त्यसपछि कविता लेखनमा निस्क्रिय भए पनि त्यस अवधिका उनका सशक्त कविताहरूले उनलाई आजपर्यन्त बचाइरहेको छ । आज पनि उनको नाममा जोडिएको कविपरिचयको ख्याति घटेको छैन ।

राम्रा स्रष्टाहरू अन्तर्मुखी हुन्छन् । मान्छेसँग नानाभाँती सस्ता कुरा गरेर लोकप्रियता कमाउने धन्दा तिनले गर्दैनन्, ती त शक्तिशाली विचार हरूलाई अक्षरमा उतार्छन् । भवानी तावा यस्तै एउटा कवि प्रतिभा हुन् । विम्ब, प्रतीक, अलङ्कार जस्ता कवितामा हुनुपर्ने तत्वहरू थाहै नपाई उनका कविताभित्र प्रवेश भएका छन् । राम्रो स्रष्टा सिद्धान्त घोकेर स्रष्टा बनेको हुँदैन । सिद्धान्त नजानेरै ऊ ख्याति प्राप्त स्रष्टा बन्छ । तावा अक्षरसँग खेल्न सक्ने प्रयोगशील र आजका उम्दा कवि हुन् । यद्यपि उनको कविता कृतिभित्रका कवितामा भने एउटाबाहेक अरू कवितामा प्रयोग छैनन्, ती समसामयिक गद्य कविता लेखन परम्पराका शक्तिशाली कविता हुन् ।

भवानी तावा वि.सं. २०३२ असार ३० गते पाँचथरमा जन्मेका हुन् । केही समय हङकङमा बसे पनि फेरि उनले पाँचथरको फिदिमलाई नै आफ्नो थातथलो बनाए । तावा त्यहीँ बसेर साहित्य लेखन र पत्रकारिताका क्षेत्रमा सक्रिय छन् । उनी नेपाली र लिम्बू दुवै भाषाका अत्यन्तै राम्रा सर्जक हुन् । पछिल्लो समय उनी मातृभाषा लिम्बूको उत्थान र प्रचारप्रसारमा सक्रिय छन् । यो कुरालाई सकारात्मक आँखाले हेर्नुपर्छ । लिम्बू भाषाको विकास हुनु भनेको पनि नेपाली

भाषाकै विकास हुनुसरह हो ।

कवि भवानी तावाको सामान्य परिचय प्रस्तुत गरेपछि अब मैले न्वारान नभएको आक्षांश कविता कृतिलाई सामान्य रूपमा दृष्टिगोचर गर्नु छ । म अहिले त्यही काम गरिरहेका छ । तावाको यस कृतिमा ४५ वटा कविताहरू समाविष्ट छन् । आयामगत रूपमा यहाँभित्रका अधिकांश कविता मझौला आकारका छन् । ११ पङ्क्तिमा संरचित आलोचित अनुहार र अनुदित आस्था सबैभन्दा छोटा कविता हुन् भने मांशाहारी फूल सबैभन्दा लामो ११२ पङ्क्तिमा संरचित कविता हो । कविलाई आजको समयको चिन्ता छ । समयसँग उनको विद्रोह छ । यही समयलाई टेकेर उनले कविताहरू रचना गरेका छन् ।

न्वारान नभएको अक्षांश कवितासङ्ग्रह पढ्दा भवानी तावा ५० र ६० को दशकको पूर्वाद्धमा नेपाली कविता लेखनमा सशक्त उपस्थिति जनाइसकेका स्रष्टा हुन् । सङ्ग्रहमा उनी लिम्बू भाषामा सशक्त कविका रूपमा चिनिन्छन् । उनले यस सङ्ग्रहका केही कविताहरूमा लिम्बू शब्दको प्रयोग गर्नुले आफ्नो जातीय नश्लका कुराले कविताभित्र कहीँ न कहीँ प्रवेश पाएका छन् । यस सङ्ग्रहभित्रका कविताहरू सामान्य पाठकलाई बुझ्न धौ धौ पर्छ । कविताहरू सरल नभएर लाक्षणिक छन्, बिम्बात्मक र प्रतीकात्मक छन् । त्यसैले तावाका कविताहरू कविता जस्ता छन् । उनका कविताहरूमा देश छ, देशभक्ति भावनाहरू छन्, समाज छ, समाजमा भएका अभाव र गरिबीहरू छन्, राजनैतिक विकृतिहरू छन्, विद्रोह छ, प्रकृति छ र त्यसप्रतिको ममत्व छ; आशा, निराशा, प्रेम, घृणाजस्ता मान्छेले अनुभूति गर्न सक्ने सबैजसो कुराहरू उनले कविताभित्र समेटेका छन् । यी सबै कुराहरूलाई शब्द छनौट, विचार र प्रस्तुतिका कोणबाट कुनै खोट नलगाउने गरी उनले सिङ्गारेका छन् ।

भवानी तावाका समाज र त्यहाँभित्रका गरिबी चित्रण, समाज र समाजभित्र राजनैतिक गन्ध समावेश भएका कविताहरू गाइनेको गीतमा दुखेसोको इतिहास, समय अदालत, महनको एउटा उदास रात, मांसाहारी फूल, आतङ्ककारी साबित हुन्छु हुन् भने नितान्त समाजलाई पृष्ठभूमिमा राखेर सामाजिक विकृति विरुद्ध आवाज बोलिएका कविताहरूमा दूरनियत, बन्दीगृह, मेरो यात्रा अलमल्ल परिरहेछ, कुहिरो, अस्ताएको इतिहास, न्वारान नभएको अक्षांश, अनूदित आस्था, शताब्दिऔँ अघिको वर्तमान, आलोचित अनुहार, व्यवधान शीर्षकका कविताहरू पर्छन् । यसरी नै ढुङ्गेसाँघु शीर्षकको कवितामा उनले ठाउँको माया दर्शाएका छन् ।

यसरी नै तावाका युद्धभूमिको ज्वालामुखी, पीडामा जेलिएको मातृभूमि, अनिँदो सपना, जनताले पाएको प्रजातन्त्र, मेरो विचार, मानवको

तन-मेरो मन, अदृश्य क्षितिज, नेता र प्रजातन्त्र, अनभिज्ञ हाँसो, भेट्न खोजेको अस्तित्व, जिउनुको अर्थ, सङ्घर्ष, मातेपछिजस्ता कविताहरूमा राजनैतिक व्यङ्ग्य पाइन्छन् । उनको अनुभूति शीर्षकको कवितामा युद्धविभीषिकाको चित्रण छ भने जीव चरम् अन्त्य शीर्षकको कवितामा विज्ञानप्रति मोहभङ्ग छ । यसरी नै तावाका यस सङ्ग्रहभित्रका आइ लभ यु भाइरस, प्रेमः प्रतिविम्ब, पुरुषत्व, पत्रःप्रतिक्रिया, भ्यालेन्टाइन डे, वार्ता प्रेमभावले भरिएका कविता हुन् ।

उनका मेरो अल्छी, अतृप्त सम्झना, शताब्दीऔँ अघिको वर्तमान, मृत आत्माजस्ता कवितामा निराशाका भाव पाइन्छन् । यसैगरी कवि तावाको संस्कृति कवितामा सांस्कृतिक चेतना अभिव्यक्त भएको पाइन्छ भने नयाँ वर्ष शीर्षकको कविता राष्ट्रभक्ति र प्रकृति प्रेमले भरिपूर्ण कविता हो । यसरी नै आह्वान शीर्षकको कवितामा देशभक्तिको भाव छताछुल्ल पाइन्छ । उनको समाज, राजनीति र प्राकृतिक सौन्दर्यको त्रिकोणात्मक सम्बन्ध भएको कविता प्रकृतिको छटाःगोठालाहरूको स्वागत शीर्षकको कविता रहेको छ भने जीवनचक्र शीर्षकको कविता सामाजिक विकृत पक्षलाई विषय बनाइएको प्रयोगशील कविता हो ।

न्वारान नभएको अक्षांश कविता सङ्ग्रहभित्रका कविताहरू पढिसक्दा अब प्रश्न उठ्छ, भवानी तावा नेपाली कविता साहित्यका क्षेत्रमा कहाँनेर आफ्नो उपस्थिति जनाउँछन् त ? नेपाली कवितामा कुनै बेला देवकोटाको युग थियो । बिस्तारै गोपालप्रसाद रिमाल, सिद्धिचरण श्रेष्ठ, भूपि शेरचन, हरिभक्त कटुवालहरूको युग आयो । त्यसपछिको युगमा कुन्ता शर्मा, दिनेश अधिकारी, बम देवान, कृष्णभूषण बल, तारा गाउँले, यज्ञराज प्रसाई, डी. कौडिन्य, कृष्ण सेन इच्छुक, हीरा आकाशहरू देखा परे ।

त्यसपछिका कविहरूमा लक्ष्मी माली, सिता शर्मा, राजेश ढुङ्गाना, दुबसु क्षेत्री, वासुदेव अधिकारी, महेश प्रसाई, अनिल पौडेल, श्रवण मुकारुङ आदि हुँदै सरिता तिवारी, भूपिन व्याकुल, निमेष निखिल, मनु मञ्जिल, अभागी थेगुबा, प्रोल्लास सिन्धुलीय, ठाकुर बेलबासे, ज्योति जङ्गल, आर.एम. डङ्गोल, टङ्क उप्रेतीहरू आइपुगे; यही पुस्ताका कवि हुन् भवानी तावा । यसपछि पनि विमला तुम्खेवा, स्वप्निल स्मृति, रीता खत्री, मिनकुमार नवोदित, सुरेश सत्याल, सीमा आभासजस्ता नयाँ नयाँ कविहरू पनि देखा परिरहेका छन् । यी थुप्रै कविहरूका भीडमा कुनै पूर्वाग्रहबिना निस्पक्ष मूल्याङ्कन गर्ने हो भने भवानी तावाले अब कुनै कविता लेखेनन् भने पनि यही एउटा कवितासङ्ग्रहले नै उनलाई नेपाली कविता साहित्यमा बचाइरहने छ ।

*उर्लाबारी नपा- ४, बिजुली अफिस, मोरङ*



# भोका सपनाहरू कृतिभित्र होमशङ्करका प्रतिध्वनित आवाज

● आर. एम. डङ्गोल

होमशङ्कर बास्तोला साहित्यिक वृत्तमा सिर्जना, सम्पादन र सङ्गठनका माध्यमबाट क्रियाशील र स्थापित छन् । सिर्जनात्मक लेखनका हिसाबले कथाकार व्यक्तित्वले सुपरिचित उनको 'आँसुका झरनाहरू' कथासङ्ग्रह (२०५८) पहिलो कृति हो । देशको द्वन्द्वग्रस्त सामाजिक, राजनीतिक मनोदशाको सुन्दर चित्रण गरी लेखिएका १२ वटा कथाहरूको सँगालो 'बन्दुकको छाया' कथासङ्ग्रह (२०६७) ले उनलाई नेपाली आख्यान परम्परामा सार्वजनिक परिचय प्रदान गर्‍यो । कथाका साथै उनका दर्जनौँ फुटकर लघुकथाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् ।

आफ्नो विचार सम्प्रेषणका लागि उनी कथामा मात्रै खुम्चिएका छैनन् । शब्दको गेयताको परीक्षण क्रममा उनले गजल पनि लेखेका छन्/लेख्दै छन् । 'घाम हराएको दिन' गजलसङ्ग्रह (२०६१) मा ६६ वटा गजलहरू समेटिएका छन् । यसबाहेक उनले 'हिमाल पहाडका कथा' (२०७१) कथाकृतिको सम्पादन-प्रकाशनसहित आफ्नो सम्पादनकलाको नमुना प्रस्तुत गरेका छन् । पछिल्लो कथासङ्ग्रह प्रकाशनको तयारीमा रहेका उनको चौँथो सिर्जनात्मक कृति 'भोका सपनाहरू' (कवितासङ्ग्रह,२०७८) का माध्यमबाट उनको कवि व्यक्तित्व पनि सार्वजनिक भएको छ ।

होमशङ्करजी समाजको प्रगतिशील रूपान्तरणका लागि प्रतिबद्ध वैचारिक स्रष्टा हुन् । उनका कथा, गजलमा प्रगतिशील विचारधारात्मक मत अभिव्यक्त भएको पाइन्छ । यस कविताकृतिमा समेटिएका ३४ कविताहरूका माध्यमबाट दुई दशकयताका राष्ट्रिय जीवनका उतारचढाव, यसले नेपाली जनजीवनमा पारेको प्रभाव र असरप्रति यी कविताका माध्यमबाट चिन्ता र चासो व्यक्त गरिएको छ । राज्य राष्ट्रियताको मामिलामा चुक्दै गएको छ । जनता आफ्नो निर्णय आफैँ गर्न सक्ने स्वाधीन मानसिकतामा छैनन् । युवाहरूश्रम बेच्न विदेसिन बाध्य छन् । मूलतः यही विद्रुपतालाई यस कवितासङ्ग्रहको शीर्षकले नै व्यञ्जित गरेको छ ।

यस सङ्ग्रहमा सङ्गृहित ' अभाव', 'त्रिशुलीमा गिट्टी कुट्नेहरू', 'कैसाङ र तिनपाने', 'ओडारे माइलाका भोका सपनाहरू','तमसुक', 'सपना र तिम्रो तस्बिर', 'म सपना देखिरहेछु', 'खोसिएको खुसी' र 'जिन्दगी' शीर्षकका

कवितामा अभाव, गरिबीले पिल्सिएका पात्रहरूको जीवन भोगाइको कारुणिक चित्र प्रस्तुत गरिएको छ । अभावकै कारण नेपाली युवाहरूश्रम बेच्न विदेशको गल्लीमा भौतारिनुपरेको, घरपरिवार चलाउन छोरीसहित आमाले गिट्टी कुट्नुपरेको, अभावजन्य पीडा बिर्सन मदिराको मातमा जीवनलाई बर्बाद बनाउनुपरेको, गाउँघरमा सामन्तवाद जीवितै रहेको र यसकै कारण अभावको जीवन ज्युन बाध्य भएका पात्र र तिनका भग्न मनोदशाको प्रस्तुति यी कविताहरूमा छन् ।

साक्ष्य : १

*कहिले ओभाउलान् त ?*
*पसिनाले भिजेका हात*
*कहिले सुक्लान् त ?*
*जिलजिल उठेका फोकाहरू*
*तर हामीसँग त*
*मुहार फेर्ने एउटा नक्कली सपना छ*
*विद्रोहले उडाउने एउटा नक्कली पखेटा छ*
*जुन पखेटाबाट उड्दाउड्दै*
*आफ्नै चाउरिएको अनुहारमा*
*सत्ताको इन्जेक्सन लगाएर*
*हृष्टपुष्ट देखिनु सिवाय*
*खै के देखिरहेछ र यहाँ ।*
*(त्रिशुलीमा गिट्टी कुट्नेहरू, पृ. ४)*

सत्ताको चरित्र दमनकारी हुन्छ । आफू सत्तामा टिकिरहन जनतामाथि शासकीय अहम् लाद्दै ऊ शक्तिको दुरूपयोग गर्न उद्यत हुन्छ । पञ्चायत व्यवस्था यसैकारण ढल्यो । निरङ्कुश राजतन्त्रको जरोकिलो उखेलिनुको कारण यही थियो । यस सङ्ग्रहका केही कवितामा शासन यन्त्रणाका विरुद्ध भएको आन्दोलनको तस्बिर प्रस्तुत गरिएको छ ।

साक्ष्य : २

*तिम्रो क्रूरता सहन नसकेर*
*एकमुठी श्वास र आशा बोकेर*
*नाङ्गा हातहरू उठाउँदै-उठाउँदै*
*आवाजहरू ओकल्दै सडकमा हल्लिदा*
*सङ्गिनका धाराहरू रोप्यौं हाम्रो छातीमा*
*र बगायौ-*
*पानी नभएको सहरमा रगत ।*
*(जन्जिर र पर्खालहरू, पृ . २८)*

शहर र गाउँबिच अवसरको, अधिकारको विभेद छ । मान्छे आफ्नो स्वार्थमा मानवीय गरिमा बिर्सन्छन् । मानवीय संवेदनहीनताको कुरूप पाटो पनि उनको कविताको सरोकार विषय हो । उनी लेख्छन् :

साक्ष्य : ३

*बदनाम दृश्यका श्रृङ्खला*
*पानीका सिर्काले छ्यापेर*
*बितिरहेछ समय त्रासदपूर्ण*
*जब ब्युँभन्छन् घामका रेखाहरू*
*इमानको ब्रिफकेस बोकेर*
*दौडन्छ समय*
*आफ्नो अनुहारको अस्तित्व देखाउन*
*निमुखा जनताको अनुहार छेउ*
*तसर्थ यो सहर*
*इमानको हो वा बेइमानको ?*
*(यो शहरमा,पृ. १२)*

निरङ्कुश सत्ता विरुद्धको सङ्घर्ष, मान्छेमान्छेबिचको स्वार्थजन्य सम्बन्धले जन्माएको तिक्तता र मानवीय संवेदनहीनतालाई 'खोसिएको खुसी' ,' जन्जिर र पर्खालहरू', 'सालिक', 'सहिद र स्वतन्त्रता' र 'सडक' शीर्षकका कविताले संबोधन गरेको छ ।

मुलुक दश वर्ष लामो राजनीतिक द्वन्द्वको भुमरीमा फस्यो । यसले नेपाली समाज र जनमानसमा सकारात्मक परिवर्तन त ल्यायो तर यसको नकारात्मक पाटो पनि उत्तिकै चहऱ्याउने खालको छ । यस सङ्ग्रहका कवितामा यी परिघटनाको दृश्याङ्कन गरिएको छ । यस दृष्टिबाट 'आमाका पीडा', 'नानीहरूप्रति समवेदना', 'आमाको दुखेको छाती', 'ओ मृत्यु ! बाँच्न दे', ' मान्छेहरू', 'सडकमा पल्टेको मेरा लास' शीर्षकका कविताहरू उल्लेखनीय छन् । 'आमाको पीडा' कवितामा द्वन्द्वले आहत आमाको कारुणिक मानसिकता यसरी प्रस्तुत गरिएको छ :

साक्ष्य : ४

*तिम्रो कोख रित्तिएर*
*मुटु धेरै दुखेको छ*
*आजभोलि सिउँदोमा रातो धर्का*
*मेटिएर हाँसोको अनुभूति छैन*
*भर्मराउँदो जवानी चुँडिएर*
*बिरक्तिएर रोएको म हेरिरहेको छु*
*तर के गर्नु र आमा*
*मसँग बुद्धको औषधि छैन ।*

राजनीतिक, सांस्कृतिक जीवनमा विचलन छ। समाजको बदलिँदो चरित्रको चित्राङ्कन गर्नुमात्र लेखकको दायित्व होइन । विचारले समाजलाई डोऱ्याउन सक्नुपर्छ । यस सङ्ग्रहका 'आऊ हाम्रो यात्रामा', 'मलम खोजिरहेछु ', 'हिमाल, पहाड भत्कन्न', 'शोकधुन र भविष्यका सपनाहरू', 'दूधकोसी हुँदै यात्रामा' र ' एक चिम्टी सिन्दुर शीर्षकका कवितामा जीवनबोधी स्वर टड्कारो छ। प्रगतिवादी जीवनदृष्टिले यी कविता उज्यालिएका छन् । 'विश्वास भत्किएको बेला' शीर्षकको कवितामा आस्थाको क्षयप्रति चिन्ता व्यक्त गरिएको छ। यही चिन्ताको बिच उनी नयाँ यात्राप्रति प्रतिबद्ध छन् । 'आऊ हाम्रो यात्रामा'शीर्षकको कवितामा उनी भन्छन् :

साक्ष्य :५

*तर मित्र -*
*तिमीहरूले हाम्रो यात्रा बुझ्नेनौ*
*हामी फूलबारीमा फूल चुँडेर काँडा रोप्दैनौँ*
*बोटहरू गिँडेर झारहरू रोप्दैनौँ*
*हामी प्रत्येक माटोका बगैँचाहरूमा*
*बिउहरू छरेर भोका पेटहरू भर्न चाहन्छौँ*
*बत्तीहरू बालेर बस्तीहरू उज्यालो पार्न चाहन्छौँ*
*तसर्थ, मित्रहरू*
*आऊ हाम्रो यात्रामा सरिक हुन*
*(आऊ हाम्रो यात्रामा, पृ. १८)*

समग्र कवितामा आम नेपाली जनताको जीवन भोगाइको चित्र उतारिएको छ । देशको समकालीन उकुसमुकुसपूर्ण राजनीतिक परिदृश्यको अङ्कन गरिएको छ र नेपाली संस्कृतिको गायन छ। यस सङ्ग्रहमा समेटिएका ३४ वटा प्रतिकात्मक शीर्षकका कविताहरू लघु आयामिक संरचनाका छन्। शिल्पका हिसाबले उनका कविता सरल, सहज नै देखिन्छन् तापनि भन्न खोजिएको मूल कुरालाई सपाट ढङ्गले राखिनुले विचार र चिन्तनका कलात्मक संयोजनमा केही कमजोरी देखिन्छन्। यो कमजोरी कविता लेखेरै सच्याउने हो । उनको आगामी काव्ययात्रा सफल र सार्थक हुने कुरामा विश्वास गर्न सकिन्छ ।

*- शेरा, नुवाकोट*



# पाठकीय आलोकमा हरि गौतमको कठैबरा काठमाडौं !

● ईश्वर चौहान

**आलेख सन्दर्भ** : सर्जक हरि गौतमद्वारा सिर्जित कठैबरा काठमाडौं ! (२०८०) निबन्धसङ्ग्रह कृति प्रकाशित भएको छ । प्रकाशन पूर्व पनि गौतमले केही विमर्श र मन्थन गर्न पाण्डुलिपिमा केही निबन्ध थमाउनु भएको थियो । पहिले त पाण्डुलिपि पढ्दा शीर्ष निबन्ध वा कृतिको नामाङ्कनमा फरक मत तेर्स्याएको थिएँ । दुई शब्दको नामाङ्कनमा रहेको कृतिमा कठैबरा र काठमाडौं ! रहेका छन् । भाषिक संरचना वा पदवर्गका दृष्टिले विस्मयादीबोधक र नाम पदको संयोजन भएको पाइन्छ । शीर्षकमा विस्मयादीबोधक चिह्न चैं विचलन भएको पाइन्छ । किन? भनी प्रश्न गर्दा, उहाँले भन्नुभयो :किनकि त्यसैले र त्यही बुझाउन, पहिला पढ्नुस् ।" प्रकाशित कृतिमा त्यही रूप देखेँ त्यसैले कृति पढ्न थप उत्साह जाग्यो र पढेपछि अलिकति लेखें ।

**कठैबरा काठमाडौं** !: **विधेयवादी स्पर्श** : कठैबरा काठमाडौं ! निबन्ध सङ्ग्रहभित्र दुई खण्डमा १९ निबन्ध सङ्गृहीत छन् । ती निबन्धमध्ये कठैबरा काठमाडौं ! पहिलो र शीर्ष निबन्ध हो । यस निबन्धमा काठमाडौंको हिजो, आज र काल्पनिक भोलिको त्रिकालिक दर्पण प्रस्तुत गरिएको छ । विशेषतः सामाजिक, सांस्कृतिक एवम् ऐतिहासिक विषय केन्द्रित दर्पण उद्घाटन गर्नुमात्र नभई त्यसमाथि स्वभाविक रूपमा लेखकीय विमर्श प्रस्तुत गरिएको छ । जुनकुरा परम्परागत आत्मपरक स्रष्टाबाट मात्र सम्भव थिएन । निबन्धमा काठमाडौंको अन्वेषण गरिएको छ, मानव सभ्यताका सन्दर्भमा मिलाएर झटनी हानिएको छ । विषयगत विविधता र गहनतामा सांस्कृतिक, कलात्मक, सुन्दर र शान्त काठमाडौँको प्रागैतिहासिक भाष्य वर्तमान सकसपूर्ण काडमाडौंमा परिणत भएकोप्रति कठैबरा काठमाडौं ! ठिङ्ग उभिएको छ ।

विज्ञान, दर्शन र कल्पनाको वैचारिक गठजोडका रूपमा समयचेतना निबन्ध प्रस्तुत भएको छ । जुन कुरा टेनको क्षणगत चेतना समीचीन देखिन्छ । वास्तवमा समय वा क्षण एउटा सानो विन्दु हो तर त्यो सानो विन्दुले विशिष्ट विचारधाराको प्रतिनिधित्व गर्दछ । समयचेतना पनि नेपाल तथा विश्व शक्तिराष्ट्र र तिनका वैचारिक पक्षहरूको विधेयवादी चिन्तन प्रस्तुत गरिएको विशिष्ट निबन्ध हो । नेपाली र विश्व समाजको क्षणगत दर्पण र सामाजिक प्रतिनिधित्वको सार समय र समाज निबन्धमा पाइन्छ । खासगरी समाजका स्वरूप, सामाजिक वर्गीकरण, शासकीय स्वरूपकेन्द्री

प्रतिनिधित्व, पहिचान र प्रतिरोधको तथ्य उद्घाटन गर्नु पनि निबन्धगत वैशिष्ट्यता हो ।

नेपालका शासक र उनका समयको मिथकीय सन्दर्भले नेपाली समाज विकासको स्वभाविक गतिलाई मध्यरातका सपनाले समेटेको छ । यो एक हेजेमनी हो, शासकीय प्रभुत्व हो । त्यसैगरी सामाजिक सङ्घर्षका केही झलक तथा नेपाली समाज परिवर्तनका ऐतिहासिक आन्दोलन र समसामयिक सन्दर्भको दर्पण प्रस्तुत गरिएको छ ।

सामाजिक सङ्घर्षका केही झलक निबन्धले पाठकलाई मार्मिक बनाउँछ । निबन्धमा सामााजिक, सांस्कृतिक जीवनदर्शनका फाँकाहरूले बान्की भरेको पाइन्छ । पाठकलाई आनन्दित बनाउँछ । सहृदयलाई आकर्षित गर्ने र उत्तरवर्ती शृङ्खलाको आख्यानात्मकता निबन्ध कृतिमा नवीनता हो अर्थात् विधामिश्रणको रूप हो । समग्र निबन्ध अध्ययन गर्दा आदि र मध्य भागमा आख्यानको तरेली पाइन्छ भने अन्त्य भागमा वैचारिक सार प्रस्तुत गरिएको छ । नेपाली संस्कृतिका कुइनेटाहरूभित्र आदर्श जीवनको अपरिहार्य विवाह, सम्बन्धविच्छेद र पुनः विवाह संस्कृतिलाई विषयवस्तुको केन्द्र बनाइएको छ । ससाक्ष्य विषयवस्तुको उठान र पुष्टि पनि गरिएको छ । वास्तवमा संस्कृति मानव आचरण, बानी, व्यावहार वा स्वभाविक जीवन भोगाइको परिणति हो । मानवेत्तरबाट अलग गर्ने प्रमुख आधार संस्कृति हो । विवाह, सम्बन्धविच्छेद र पुनः विवाह संस्कृतिकै स्वरूप वा उपहार हुन् । निबन्धमा यही विषय केन्द्रित नेपाली मौलिक संस्कृति र उपभोक्तावादी आयतित संस्कृतिको विहङ्गम चर्चा गरिएको छ ।

मानव विकास र वंशपरम्परा निबन्ध जीववैज्ञानिक तथा बौद्धिक तथ्यको प्रस्तुतीकरण हो । एकातर्फ काल मार्क्सको ऐतिहासिक भौतिकवादको एङ्गेल्स व्याख्याको अनुकरण छ भने अर्कोतर्फ भौतिक विज्ञानका आधारमा जीववैज्ञानिक व्याख्या छ । निबन्धको विषयको गहनता र प्रस्तुतिगत क्लिष्टताले पाठकलाई सहज साहित्यास्वादन गर्न दिँदैन । विरेचित नभई गम्भीर बनाउँछ ।

सम्मानित जेष्ठ नागरिक एक विवरणात्मक निबन्ध वा बर्लिनका विम्बका मिथकीय सन्दर्भका साथै कोभिड १९ को महामारी र भोगाइलाई आत्मसंस्मरणात्मक रूपमा प्रस्तुत गरिएको फेरि आयो त्यो कालो रात अर्को निबन्धमा यथार्थ सामाजिक घटना र जीवन भोगाइको सकसपूर्ण आत्मदर्शन प्रस्तुत गरिएको पाइन्छ भने पहिलो खण्डको अन्तिम प्रस्तुतिमा अन्तर्वार्ता समेटिएको छ ।

साहित्यमा अङ्ग रसको रूपमा करुण रसलाई स्थापित गर्ने प्रमुख आधार मृत्यु हो । मृत्यु शाश्वत सत्य भएर पनि मृत्युका अनेकन रूपहरू हुने विमर्श मृत्यु चेतनामा पाइन्छ । प्राण, मन र बुद्धि गतिशील हुने अवस्थाको विश्राम वा ज्ञानेन्द्रीयको स्थिरता नै मृत्यु भएको सन्दर्भ मृत्यु चिन्तनको मूल मर्म हो । यही सैद्धान्तिक मान्यताको अनुभूति आमा जानुभोमा पनि पाइन्छ ।

खासगरी आमाप्रतिको विश्वदृष्टि अर्थात् मातृवात्सल्यको मर्मलाई निबन्धमार्फत् सहृदयले सहज अनुभूतिगर्न सक्छन् । लेखकीय भोगाइ वा यथार्थमा केन्द्रित विषय र मृत्युदर्शनको सैद्धान्तिक सन्दर्भको उत्तरवर्ती प्रस्तुति आमा जानुभो पढ्दा पाठकमा बेचैन हुन्छ । पहिलो सिद्धान्तको परिणति र दोस्रो भोगाइका रूपमा बुझ्न सकिन्छ ।

लेखकीय नोस्टाल्जिया पहिराले दिएको ऐँठन निबन्ध हो । पूर्वीपहाडको आञ्चलिक सन्दर्भ र बाल्यकालीन फ्ल्यासब्याक पनि हो । यसमा प्राकृतिक विपत्ति र मानवीय आर्तनाद् प्रस्तुत गर्नु निबन्धको मूल सार हो । ताप्लेजुङबाट झापा र मोरङ बसाइँका विषय र जीवन भोगाइका सन्दर्भ उत्तरवर्ती दुई निबन्धमा पाइन्छ । सशस्त्र क्रान्ति वा जनक्रान्तिको स्वभाविक पीडा सार्वजनिक गरिएको छ । यसरी एउटा फोनले बाँचे निबन्धले पनि द्वन्द्व, सङ्कटकाल र छापामार युद्धले समाजमा पारेको प्रभाव र भोगाइलाई प्रष्टीकरण गरेको छ । यो एक युद्ध साहित्य वा युद्ध सकसको अभिव्यक्तिका रूपमा प्रस्तुत भएको रचना हो भन्न सकिन्छ ।

**अन्त्यमा** : गौतमका पूर्ववत कृति खोजमूलक एवम् तथ्यमा केन्द्रित भएर प्रकाशित थिए । समग्र नेपाली साहित्यभन्दा भिन्न यो नवीन प्रवृतिबाट कठैबरा काठमाडौं ! पनि विचलित भएको देखिँदैन । अर्थात् अनुसन्धानमूलकता गौतमका कृति लेखनको मौलिकता हो । उनका यी साहित्यिक वैशिष्ट्यताले नेपाली साहित्य जगत्मा प्याराडाइम सिफ्ट गरेको अनुभूति हुन्छ । कविता काव्यमा २०१६ पछि जसरी मोहन कोइरालाले एउटा भाष्य तयार गरे त्यसैगरी समसामयिक गद्य साहित्यमा गौतमले स्थापित गरेको मान्यता त्यतिकै विशिष्ट र नवीन छ । निबन्ध विधाको पाठकीय अपेक्षा भनेकै वस्तुपरक वा आत्मपरक बान्कीमा विशिष्ट संरचनासहितको साहित्य हो । गौतमका निबन्धमा भाषागत विशिष्टता र विषयगत गहनता भेटिए पनि परम्परागत र निबन्धको तत्व, स्वाद नभेट्दा पाठकमा अलमल सिर्जना हुनु स्वभाविक देखिन्छ । त्यसमा पनि साक्ष्य र सन्दर्भसहित कथन प्रमाणित गर्नु निबन्ध लेखनको मूल धर्म नभएकाले औपचारिक मार्ग हो भन्दा अतियुक्ति नहोला । मोन्तेनका अनुसार "म नै मेरा निबन्धको विषय हुँ, किन भने मलाई चिन्ने पहिलो र नजिकको व्यक्ति म नै हुँ ।" भनेझैँ कठैबरा काठमाडौं कि विशिष्ट पाठकले बुझ्छन् कि त स्रष्टा स्वयंले मात्र बुझ्लान् ।

आकर्षक आवरणमा काठमाडौंको प्रागैतिहासिकता र उत्तरवर्ती विकृत रूपको कार्टोनाइज गरिएको कृति ओरिएन्टल पब्लिकेसनबाट प्रकाशित भएको छ । ३६८ पृ. को कृति रु. ६५० मा सार्वजनिक गरिएको छ । थोरै तर विशिष्ट पाठकको रोजाइमा पर्ने सम्भावनाको कृतिले नेपाली निबन्ध साहित्य लेखनमा नवीन प्रवृत्ति स्थापित गर्न सफल रहोस् हार्दिक शुभकामना !

*सालपासिलिछो-२, भोजपुर ।*



# स्रष्टा तिलक लामिछाने र उनको दृश्यमा देश कविताकृतिको विवेचना

● प्रा.डा. कपिल लामिछाने

**दृश्यमा देश** (२०८०) कवि तिलक लामछानेको एक अँगालो छन्दोबद्ध कविताको सँगालो हो । लामिछानेले पचासको दशकदेखि विभिन्न साहित्यिक कार्यक्रममा कविका रूपमा उपस्थिति जनाउँदै आएका हुन् । मुसीकोट नपा ७, वामीमैदान, ठूलाखर्क, गुल्मीमा आमा हरिकला र बुबा अग्निधर लामिछानेका माहिँला सुपुत्रका रूपमा २०२२ साउन २० गते जन्मेका लामिछानेले लामो समयदेखि रूपन्देहीको भैरहवालाई कर्मथलो बनाएका छन् । २०४१/२०४२ सालताका स्कुले जीवनदेखि नै गीत लेख्न थालेका भए पनि २०४५/२०४६ सालदेखि उनी कवितामा लागे ।

२०५७ चैत्र २५ गतेको **जनसङ्घर्ष** दैनिकमा 'शिथिल भएछ वर्तमान' शीर्षकको कविता उनको पहिलो प्रकाशित कविता हो । पुस्तकाकार पहिलो कृति भने वि.सं.२०७५ मा प्रकाशित **सुन्तली** नाटक हो । सुरुमा गद्यकवितार त्यस पछि नाटक लेखे पनि पछिल्ला दिनमा उनलाई छन्दको माधुर्यले आकर्षित गरेको देखिन्छ । उनी छन्दमा रमाउँदै आएका छन् । फलस्वरूप उनले शताधिक कविताको सिर्जना गरे । प्रस्तुत सङ्ग्रह तिनैमध्येका केही (६३ वटा) कविताहरूको सँगालो हो ।

तिलक लामछानेका कवितामा विषयगत विविधता रहेको छ भने देश शीर्षस्थानमा रहेको छ । उनका कवितामध्ये 'खै के गऱ्यौ पौरख ?', 'फर्किन्छु आफ्नै घर', 'धम्कीनदे दानव', 'नेपाल भेटिन्छ रे', 'नेपाल मेरो घर', 'सधैँ भन्न पाऊँ', 'मेरो महाशक्ति', 'नेपालआमा', 'इच्छा छ यै देशको', 'जागौँ हे जनता सब', 'देशमा रक्त बग्दछ', 'उठौँ न अब !' जस्ता कवितामा आफ्नै देशमा पौरख गर्नुपर्ने, विदेशमा पसिना बगाउनुको सट्टा आफ्नै देशमा पाखुरी बजार्नुपर्ने, आफ्नै देश नेपाललाई सिँगार्नुपर्नेभन्दै स्वतन्त्र देश नेपाल र नेपालीलाई नहेप्न तथानेपालको जमिनमा आँखा नलगाउन हुङ्कार गरेको पाइन्छ । जस्तैः

*भाला सब्बल या कुटो र हँसियाखुर्पा लिई भिड्दछौँ*
*चम्काएर खुँडा र तेज खुकुरी वैरीहरू गिँड्दछौँ*
*हामीसँग छ स्वाभिमानबलियो स्वाधीनता अस्त्र छ*
*हात्ती ढाल्दछ मात्र एक कमिलो धम्कीनदे दानव*

*--*

*हाम्रो यो जलमा तथा जमिनमा आँखानलाभो बरू*
*तेरो नेत्र फुटाउने प्रकृतिकाआवाज*

*उठ्छन् अरू*
*सानाभाइमिचेर हैकम गरौँ तेरो सधैँध्यान छ*
*तेरो धाक सधैँ सहिन्न यसरी धम्कीनदे दानव*
*'धम्कीनदे दानव' (पृ.१८)*

लामिछानेले देशको मान सम्मान, स्वाभिमान, माटो, भाषा, वेशभूषा, इतिहास, वीरता, गौरवगाथा, सिमाना आदिप्रति गौरव गरेका छन् । यसमा कहीँ कतैबाट आँचआउने काम हुननहुने उनको मान्यता छ । यसमा आँच पुऱ्याउनेउपर उनी कविताका माध्यमबाट खनिएका पनि छन् । जस्तै :

*माने भन्ज्याङ सुस्ताले उठ भन्दै जगाउँछ*
*उठ हे वीर हो भन्दै खुकुरी ऊ नचाउँछ*
*तिम्रो यो देहमा रक्ततातो बग्छ भने अब*
*रक्षा नेपालको गर्न जागौँ हे जनता सब*
*--*
*कैले बन्द गरी नाकागासै बन्द गराउँछ*
*राखेर काखमा कैले चुम्छ मख्ख बनाउँछ*
*स्वार्थको खेल बुझ्दैनौ पुज्दछौ दिनकादिन*
*सर्पमा गरुडी छायाँ परे झैँ बन्दछौ किन ?*
*'जागौँ हे जनता सब'(पृ.९५)*

उनका कवितामा नेतृत्वका कमजोरीप्रति ठुलो आक्रोश अभिव्यक्त भएको छ । फेरि पनि उनले गौरवपूर्ण इतिहास र देशप्रति पूर्ण आस्था र सम्मान व्यक्त गरेको पाइन्छ ।

नेपाल प्राकृतिक सौन्दर्यको भण्डार हो । यस्तो भण्डार देखेर कवि मन आल्हादित र भावुक पनि भएको छ । 'सधैँ भन्नपाऊँ' कविताबाट एक उदाहरण :

*म अग्ला हिमाली धरा यो सजाऊँ*
*म डाँफे चरीझैँ यहीँ रम्न पाऊँ*
*बिहानी निशा सँगसँगैगै चाँदनीमा*
*सिरानी उषाको बनी बस्न पाऊँ*
*--*
*हजारौँ हिमाली लता चाँदनी छन्*
*सजाएर रोखे सरी लाममा छन्*
*यिनै शृङ्खलाको सदा गीत गाऊँ*
*म नेपाल आमा सधैँ भन्न पाऊँ*
(पृ.२३)

कवि परिवार र समाजमै बाँच्छ । जीवन भोगिरहँदा जेजस्तो अनुभव गर्छ, त्यसलाई कतै न कतै कवितामा अभिव्यक्त नगरी ऊ रहन सक्तैन । लामिछानेका कवितामा पनि परिवार र समाजको छाँया देखिन्छ । उमेरका हिसाबले बालक, किशोर र बुढ्यौली अवस्थालाई लिएर तथा पारिवारिक सम्बन्धलाई विषय बनाएर उनले कविताको रचना गरेका छन् । 'म बालक', 'किशोर, 'बुढ्यौली', 'छोरी', 'बालचीत्कार', 'छोरी बिदाइहुँदा', ' बाबाको महिमा', 'मातृ-पुत्र', 'बैनी तिमी आइनौ' आदि यस्तै केही कविता हुन् । यी कवितामा उमेर अवस्थाकाविशेषता र समस्या तथा छोरी, छोरा, बहिनी, आमा र बाबुको महिमा गाइएको छ । छोरीको बिदाइको पीडा पोखिएको छ ।आमा र छोराको सम्बन्ध देखाइएको छ । बुढ्यौलीको सकस तीव्रानुभूतिका

साथ प्रकट गरिएको छ । जस्तै :

*बाबाको यदि हात पाउन चले रोकिन्छ भान्साघर*
*गर्छन् काम अनेक कष्ट दुखका सन्तानका खातिर*
*आफ्ना सन्ततिको दुख्यो शिर भने चस्किन्छ छाती भनै*
*रोए सन्ततिले भने हृदयको रोकिन्छ सञ्चार नै*

*'बाबाको महिमा' (पृ.१०)*

--

*जे खाएपनि पेट गड्गड सधैँ आकाश गर्जे सरी*
*कैले लाग्दछ हिँक्कहिँक्क मुखमाअत्याउँदै बाडुली*
*खोकी लाग्दछ ख्वाङ्ङख्वाङ्ङ जहिल्यै आन्द्रा चुँडाल्ने गरी*
*लाग्यो वृद्ध उमेर यो सकसले बाँचिन्छ खै के गरी*

*'बुढ्यौली'(पृ.१४)*

पारिवारिक जस्तो लागे पनियहाँ यो कथ्य साधारणीकरण भई सर्वसम्प्रेष्य बन्नगएको छ । त्यसैले यी कविता व्यक्तिगत कुण्ठा र गथासा होइनन् ।

यी कवितामा समकालीन युगजीवन प्रतिध्वनित भएको पाइन्छ । यिनमा समाज छ, प्रकृति छ, संस्कृति छ, देश र स्वाभिमान छ । यिनमा राष्ट्रबोध, युगबोध, जागरण तथा उत्साहको भावनासञ्चारित भएको छ । नेपाल र नेपालीको दुखबाट कवि दुखी भएका छन् । कविका मनमा छटपटी, पीडा र आह यहाँ कविताभएर प्रकट भएका छन् ।

लामिछानेले समकालीन युगजीवनका धुकधुकीलाई छन्द लयमा ढालेका छन् । शार्दूलविक्रीडित, अनुष्टुप, वसन्ततिलका पञ्चचामर, इन्द्रवज्रा, भुजङ्गप्रयात, सोमराजी र शिखरिणी छन्द उनले प्रयोग गरेका छन्द हुन् ।

पढ्दै जाँदा केही कवितामा दाँतमा ढुङ्गा पनि लाग्छन् । 'व्यर्थै गयो जीवन' शीर्षकको कवितामा "मात्रै खान र सुत्नमा बितिगयो व्यर्थै भयो जीवनी ।" भनी निराशा व्यक्त भएको छ । 'रोपौँऔषधी' जस्ता कवितामा सतही वर्णन छ । यस्तो वर्णनले कवित्व ओझेलमा पारेको छ । यस्ता केहीकमजोरी हटाउन अझ सघन साधना आवश्यक छ ।

तिलक लामिछानेका छन्दोबद्ध यी कवितामा कथ्य विषयलाई प्रस्तुतगर्न अँगालिएको भाषा, शैली रलयमा सरलता र सामञ्जस्य छ । भाषाअझै परिष्कृत र लालित्यपूर्ण रहेको छ । उनले थोरै छन्दमा काव्य साधना गरेको पाइन्छ । छन्दको छनौट कथ्य विषय र भावअनुरूप गरिएको छ । प्रश्रित प्रतिष्ठान नेपालले प्रकाशन गरेको यस कवितासङ्ग्रहमा बूँद राना, कपिल लामिछाने, रुद्र ज्ञवाली, लक्ष्मी पोखरेल कोकिला, शालिकराम पौड्यालका शुभकामना र भूमिका छन् । समग्रमा लामिछानेका यी छन्दोबद्ध कविता देशलाई शीर्षस्थानमा राखेर सिर्जना गरिएको पाइन्छ । देशको दुखाइ नै यी कविताको गुदी हो भन्न सकिन्छ । यी उत्तिकै रसिला र जीवन्त पनि छन् । यसबाट नेपाली कविताको इतिहासमा नयाँ इँटा थपिएको छ ।

*– भैरहवा, रूपन्देही*

# रामणि दुङ्गेलको चेतनाको चित्कार कृतिभित्र पाइने सामाजिक र राजनीतिक विसङ्गतिको चित्रण



● गोपाल अश्क

साहित्य जीवनको एउटा सशक्त बाटो हो । यही बाटोले मान्छेलाई जीवन जगत्को परिचय गराउँछ । साहित्य विनाको जीवन साँचो अर्थमा वास्तविक र यथार्थ जीवन हुन सक्दैन । साहित्य र जीवनलाई एकअर्काको पर्यायको रूपमा हेरिनु अति आवश्यक छ । यी दुवैलाई अलगअलग राखेर हेर्ने प्रयास गरिए न जीवनको वास्तविकता फेलापार्न सकिन्छ न त साहित्यको रस नै भेट्न सम्भव हुन्छ । रस विनाको साहित्य र साहित्य विनाको जीवनको वास्तविक मेल कहिल्यै पनि हुन सक्दैन । यसैभित्र सबै कामकुरा अड्किएको छ ।

मान्छेलाई अत्यन्तै मनपर्ने साहित्यका विधाहरूमध्ये काव्य पहिलो स्थानमा आउँछ । मनपर्ने कारणमध्ये एक यसले दिने आनन्द र सन्देश हो । कविता शास्त्रीय छन्द र स्वतन्त्र लय, दुवैमा लेखिन्छ । कमभन्दा कम समय खर्चेर बढीभन्दा बढी आनन्द लिनु मान्छेको स्वाभाव नै हो । त्यसैले हिजोआज पद्यमा मुक्तक र गजल तथा गद्यमा लघुकथा लोकप्रियताको शिखरमा चढिरहेको अवस्था छ । छोटो रचना हेर्दा मात्र सजिलो देखिन्छ, तर त्यसको सृजन कर्म निकै कठिन हुने गर्दछ । 'मुक्तक' प्रायः हिन्दी, नेपाली आदि भाषाका प्रयोगकर्ताका बिच चल्ने गरेको शब्द हो । उर्दूमा रूबाई र कत्आ भन्ने गरिन्छ । नेपाली साहित्यमा लेखिने प्रायः मुक्तकहरू, संरचनाका दृष्टिले 'रूबाई'सँग नजिक रहेको प्रतीत हुन्छ ।

एउटा मुक्तकमा चार पङ्क्ती हुन्छन् । ती चार पङ्क्तीमा क्रमश, पहिलो र दोस्रो समतुकान्त (एकदम चुरोमा चुरो मिल्ने), तेस्रो बेजोडा (नमिल्ने तर कौतूहल जगाउने) र चौथोमा एक किसिमले भावलाई उचाइमा लगेर झङ्कृत गर्ने खालको संयोजन हुने गर्दछ । तर 'मुक्तक' को सृजन-संरचनाबारे बोल्नु वा पाठ पढाउनु जस्तो सजिलो त्यसको सृजन पक्कै छैन । त्यसैले त मुक्तक सृजनामा धेरै कलमजीवीहरू संलग्न देखिए पनि नेपाली साहित्यमा राम्रा मुक्तकारहरूको सङ्ख्या निकै कम छ ।

राममणि दुङ्गेल (२०१३) नेपाली साहित्यमा चिनिएको नाम हो । अर्थात् यो नामलाई चिनाईरहनु पर्दैन । यसअघि उनका चेपाङ समुदाय र संस्कृति (२०५१), आस्थाको बगैँचा (२०५३), सडक सीमा (२०५३), अँध्यारोभित्रको मान्छे (२०५७),

अनलाइन डट कम (२०६६),अक्षर भ्रुण र अर्को बुद्ध (२०६७) र शान्तिको गीत (२०७७) नामक कृतिहरू प्रकाशित भइसकेका छन् । यी कृतिहरू एक हैनन् बहु विधाका हुन् । यी कृतिहरूको अध्ययनबाट बहुमुखी प्रतिभा हुन् भन्ने कुरा पुष्टि हुन्छ । वस्तुतः यिनी सामाजिक सचेतनाका लागि कलम चलाउँछन् । यिनका रचनाहरूमा सामाजिक चेतनाको पक्ष प्रबल रूपमा देख्न सकिन्छ ।

२०७९ मा यिनका १६६ ओटा मुक्तकहरूको सङ्ग्रह 'चेतनाको चित्कार' प्रकाशित भएको छ । १६६ ओटा मुक्तकहरूमा केही विषयगत विविधता पाइए पनि,समग्र रूपमा विश्वका जनतालाई दिनसम्म दुःख र मृत्युको कराल छायाँमा पुऱ्याउने 'कोरोना' नामक रोग र त्यसबाट नराम्ररी प्रभावित भएका विश्व एवम् नेपाल र नेपालीको मनोव्यथा तथा जीवन रेखाङ्कित रहेको पाइन्छ । एक शब्दमा भनौँ यो मुक्तक सङ्ग्रह कोरानाकालको उपज हो । यसलाई कोरोनाको आदिविम्ब भन्दा पनि हुन्छ । यसो त केही मुक्तकरूमा नेपाली समाज र राजनीतिमा जरो गाडेर बसिसकेको विसङ्गति (सामाजिक, आर्थिक तथा राजनीतिक) पनि अभिरेखाङ्कित रहेको पाइन्छ ।

प्रकृति र समाजको आआफ्नै भाषा, लय र गति हुन्छ, । आआफ्नै व्याकरण र सङ्गति पनि हुन्छ । त्यसलाई राम्रेसँग पढ्न सके प्रकृति र समाजसितको सम्बन्धलाई प्रगाढ बनाउन सकिन्छ । आफ्नो जीवनलाई पनि सुन्दर, सरल तथा सार्थक बनाउन पनि सकिन्छ । खै किन को किन तर तर मान्छे त्यस्तो गर्दैनन् । विश्वमा थरीथरीका मान्छे हुन्छन् । तिनीहरूलाई पढ्न सक्नेहरू आफुलाई सचेत गराउन सक्छन तथा नसक्नेहरू मान्छेको कुदृष्टिको सिकार हुन पुग्छन् । मान्छेको प्रकृतिलाई परिभाषित गर्दै मुक्तककार 'ढुङ्गेल'यसरी लेख्छन् ::

*थरीथरी मान्छे हुन्छन् यो संसारमा*
*पद माग्न जालो बुन्छन् यो संसारमा*
*पुरा हुन्न जब माग आफ्नो कसैगरी*
*लोकाचार पार्दै रुन्छन् यो संसारमा*
(मुक्तक सं.२३)

कसैगरे पनि प्रकृतिलाई हामी हाम्रो बसमा ल्याउन सक्दैनौँ । मानिसहरू हिजो देखिनै त्यो बाटोमा पनि हिँडिरहेका छन् तर ती सफल हुन सकिरहेका छैनन् । आजसम्म गरिएका प्रयत्न खेर गएका छन् । अर्थात् प्रकृतिले जितेको छ अनि । मानिसले हारेका छन् । प्रकृतिको अनिवार्यतालाई मुक्तककार 'ढुङ्गेलले राम्ररी बुझेका छन् । यसकारण उनी प्रकृतिबारे यसो भन्छन्-

*अक्सिजन लिएर हावामा सास फेर्दछ मानव*
*सूर्य किरणको राप लिँदै आङ सेक्दछ मानव*
*बिना आश्रय प्रकृतिको पलभर बाँच्न सकिन्छ र ?*
*अझै किन प्रकृति लुछ्न तीर छेड्दछ मानव ?* (मुक्तक सं. २४)

नेपाली राजनीति कहिल्यै पनि सही मार्गमा हिँड्न सकेन । जहिल्यै कुबाटोमा हिँडिरह्यो । भोलि त अवश्य पनि राम्रो होला भन्ने सोच्दासोच्दै

पुस्तौंपुस्ता बितिसकेको छ । सत्तामा नपुगुञ्जेल निकै फुर्तीफार्ती हुन्छ तर सत्तामा बसिसकेपछि केही हुँदैन । हिजो देखाइएको सपना मात्र ङिच्च दाँत देखाईरहेको हुन्छ । कोही केही गर्न सक्दैनन् । पुनः सपना कसरी बेच्ने भन्ने कल्पना मात्र हुन्छ । सीमातिर जे जस्तो भए पनि सत्ता आँखा चिम्लेर बस्ने गर्दछ भन्ने आरोप मुक्तककारको छ । उनी यसरी अभिव्यक्त हुन्छन् :

*आतङ्कको शृङ्खला नै चल्छ सीमातिर*

*बारम्बार मानवता ढल्छ सीमातिर*

*विदेशीले गोली ठोक्छ कहिले तुइन काट्छ*

*किन सत्ता निरीह झैं गल्छ सीमातिर ?* (मुक्तक सं. २५)

नेपाली समाजमा उद्दण्डता बढेको छ । कानुनसँग न डर छ, न त मायामोह नै । अलिकति केही भयो, उद्दण्ड प्रवृत्तिका मान्छे हरकतमा आइहाल्छन् । मुखभरि गाली गर्छन् अनि थुक्छन् । कुट्छन् र आफै आफ्नो बडाइ गरेर हिँड्छन् । यस्तो प्रवृत्तिको जीवन्त चित्रण तलको मुक्तकमा पाइन्छ :

*दानवको हुल उठ्यो डाक्टरलाई कुट्यो*

*आलमारीमा कानुन बस्यो अपराधी छुट्यो*

*चोरका लागि चौतारी छ सोझालाई सुली*

*गुण्डाराज देशमा बढ्यो देशको ललाट फुट्यो* (मुक्तक सं. ३०)

यसको अर्थ यो पनि होइन कि मुक्तककार 'ढुङ्गेल'को मन सामाजिक, आर्थिक तथा राजनीतिक विसङ्गतिहरूमा मात्र रमाएको छ, रमाउँछ । यो पनि होइन । उनको मनले प्रीतिको भाखा पनि बोलेको जानेछ । प्रीतिको संसारमा रमाउन जानेको छ, । उनी यसरी प्रस्तुत हुन्छन् :

*चोखो प्रीत रोपेको थिएँ, तिम्रो दिलको पाटाभरि*

*थोपा शीतको पोखेको थिएँ, तिम्रो जरा माटाभरि*

*सुन्दर फूल टिप्ने रहर ओइलाएर झर्न लाग्यो*

*आउँछौं कि त दल्न मल्हम मेरो घाउ खाटाभरि* (मुक्तक सं. ३९)

अर्थात् विसङ्गतिले नेपाली समाजलाई नराम्ररी गाँजेपनि, मुक्तककारले आशाको पछ्यौरी छाडेका छैनन् । देशको गौरव गाएका छन् । यो नै हो एउटा सजग र समाजप्रति इमानदार नागरिकको धर्म । उनी भन्छन् :

*आँधी हुरी जति चलोस् अडिग छ सगरमाथा*

*मेटी कसले मेट्न सक्छ स्वर्णिम नेपाल गाथा*

*शिव, जनक, बुद्ध जन्मे सभ्यताका अनुयायी*

*फैलाएथे सीता, भृकुटीले विश्वमाझ हाम्रो आस्था* (मुक्तक सं. १६५)

यसरी मुक्तककार 'ढुङ्गेल' ले आफ्नो कृति चेतनाको चित्कारमा सामाजिक तथा राजनीतिक विसङ्गतिको जीवन्त चित्रण गरेका छन् । एक पटक पढ्न सुरू गरिसकेपछि, छाड्न मन लाग्दैन । यही हो 'ढुङ्गेल' का मुक्तकहरूको विशेषता हो । मुक्तककार ढुङ्गेललाई हार्दिक बधाई ।



# बस्तीमा आगो कृतिभित्र वासुदेव अधिकारीको समय सन्दर्भ बयान

● डा.छायादत्त न्यौपाने 'बगर'

'बस्तीमा आगो' कवि वासुदेव अधिकारीको पछिल्लो कवितासङ्ग्रह हो । यसमा ६१ ओटा कविताहरू सङ्कलित छन् । यी सबै कविता कोरोनाको बिगबिगी बढेका बेला लेखिएका हुन् । यी कवितामध्ये ५ओटा बाहेक सबै कविताको आरम्भ 'प्रिय बन्दाबन्दी' पदावलीबाट सम्बोधित छ । यी कविताको आयाम २१ शब्ददेखि २ पेजसम्म रहेको छ । यी सबैजसो कविता सरलतामै गम्भीर चेतना सम्प्रेषणीय उद्देश्य अनुरूप सामयिक भाव-प्रवाह गर्ने सशक्त रचना हुन् ।

वासुदेव अधिकारी गतिशील जीवनदृष्टि बोकेका कवि हुन् । उनको बस्तीमा आगो सङ्ग्रहका कवितामा मानिसलाई चुनौतीसँग भिडेर आफू सुरक्षित रहन र अरूलाई सुरक्षित राख्न परिस्थितिजन्य स्वास्थ्य निर्देशनप्रति सजग रहन सुझाइएको छ । अन्तर्लय चेतनाका मुक्तलयीय कविताहरू सशक्त विम्ब-प्रतीकहरूको व्यवस्थित संयोजनबाट सरस भाव-प्रवाह गर्ने सहज सम्प्रेष्य सरचना हुन् । यी रचनाले कोरोना कहरले जीवनमा पारेको प्रभावलाई सकारात्मक रूपमा लिएर धैर्यपूर्वक सामना गरौं भन्ने आग्रह गरेका छन् । नआउनु थियो आयो । अब आत्तिएर छटपटिएर वा कसैले कसैलाई गाली गरेर दोष दिएर होइन । विश्वस्वास्थ्य सङ्गठन र हाम्रा आफ्नै स्वास्थ्यकर्मीको सल्लाहमा नेपाल सरकारले समस्त नेपाली जनतालाई घरमै बसेर सुरक्षित हुन गरेको आग्रही भावलाई स्रष्टा अधिकारीले जीवन जोगाउने उपयुक्त विकल्पका रूपमा चिनाएका छन् ।

वासुदेव अधिकारी समन्यायिक सामाजिक विधि व्यवहारले जनहित गर्छ । समाजका सबै सदस्य सुरक्षित सुखी हुन पाउनुपर्छ भन्दै यो व्यवस्थाका लागि सरकारलाई आह्वान गर्दै जनतालाई इमानदारीपूर्वक सचेत रहनुपर्ने अवश्यकता रहेको तथ्य औंल्याएका छन् । उनी अप्ठ्यारो परेका बेला जनसेवा गर्नुपर्ने पदीय दायित्व लिएकाहरू नै स्वार्थमा अलमलिएको देख्दा आक्रोशित पनि हुन्छन् । त्यस्तो निकृष्ट लोभी प्रवृत्तिप्रति कटाक्ष गर्दै भन्छन् :

*निम्छरो छोपी छोपी स्वार्थ*
*सिद्ध गर्न तम्सिएकाहरूलाई*
*गाली गरेर समय बिताउनुभन्दा*
*म आफूले के गरैं ?* (पेज-२०)

भनेर आफैंसित प्रश्न गर्दै उत्पादनशील कर्ममा लाग्नु उत्तम हुने सल्लाह दिएका छन् । समय परिस्थितिको हेक्का राखी सचेत परिवारको सदस्य अनि असल नागरिकको दायित्व निभाउनु उचित हुने भाव व्यक्त गरेका छन् ।

कवि अधिकारी कोरोनाका केही सबल पक्ष पनि रहे । यसले मानिसलाई पूर्वीय दर्शनप्रिय बनायो, हाम्रो प्राचीन सभ्यता नबिर्सन अरायो । मानिस-मानिसबिच निश्चित दूरी कायम राखेर बस/उठ गर्ने अनुशासन बिउँझायो । हामीसँग रहेको विधि-व्यवहार र जरीबुटीको उपयोग गर्न सुझाव दियो भन्ने मर्मलाई कलात्मक प्रस्तुति दिन्छन् :

*यो टनिक भयो हाम्रा लागि*
*लडाइँ हल्लाले होइन*
*अनुशासनले जितिने रहेछ ।*

(पेज-१९)

वरिपरि बेप्रवाह हुर्किरहेका जरीबुटी चिनेर उपयोग गर्ने र आउँदो पुस्ताका लागि जतनसाथ हस्तान्तरण गरिदिन सिकायो । फुर्सद नमिलेर छुटेका कामहरू गर्न प्रेरित गऱ्यो । अर्काले मुन्टो झ्याकेपछि लिकमा हिँड्ने हाम्रो बानी तिमीले पो सच्यायौ 'प्रिय बन्दाबन्दी' भनेर कविले कोरोनालाई जस दिएका छन् ।

कवि अधिकारी बन्दाबन्दामा हामीले के के गर्न सक्थ्यौँ र के के गऱ्यौँ ? भनी प्रश्न गर्छन् । बाझिएका आफ्नै गराहरूमा के उत्पादन गऱ्यौं, वातावरण संरक्षणमा के-कस्तो भूमिका निभायौं ? यो मान्छे स्वयंको आत्ममूल्याङ्कन गर्ने विषय पनि हो । मान्छेले आफूलाई कुन काममा प्लस बनायो र कुनमा माइनसतिर ओरालियो स्वयंले आफ्नो अन्तस्करणसँग सोधोस् भन्ने दृष्टिकोण राखेका छन् । कवि मानिसलाई बाह्यजगत्को लहैलहैसित दौडिनुभन्दा अन्तर्चेतनासित इमानदार रहन आग्रह गर्छन् ।

स्रष्टा अधिकारी कवितामा विम्ब र प्रतीकहरूको माध्यमबाट बौद्धिक पाठकको ध्यानाकृष्ट गर्छन् । उनी नदी धोएर सफा गरौँ हावा पखालेर स्वच्छ पारौ भन्दै निर्बाध धर्तीमा ओर्लिने धाम छेक्न धुवाँ धुलो उत्पादन गर्ने तुँवाले प्रवृत्ति कसको हो ? प्रश्न गर्छन् :

*अरूको लागि हो र ?*
*खाने थाल सफा गर्ने*
*सिरक डसना सुकिलो बनाउने ?*

(पेज-६२)

कवि मानवीय चेतनाफोहोर नभइदिए हुन्थ्यो । स्वार्थवस थुप्रिएको फोहोर पखालेर मिल्काउन पाए हुन्थ्यो भन्दै आफूले उत्पादन गरेको प्रदूषण आफै सफा गरौं अरूसँग चेतना पैचो माग्दै नहिडौ भन्ने विषयलाई कौशलपूर्ण शैलीले प्रस्तुत गरेका छन् । उनी हात थाप्ने बानीले स्वाभिमान कुच्याएको तथ्य मनन गर्नुपर्ने कर्तव्य गर्छन् ।

कविले परबाट आउँदै गरेको विनाशकारी आगो देखेर पनि अनदेखा गरी दुनो भर्ने प्रतिस्पर्धामा जुटेका अधमहरू विनाशकारी आगोको बाटो छेक्नुभन्दा त्यसैमा चुरोट सल्काउने ध्याउन्नमा लागेर आनन्दिएको तितो यथार्थ नलुकाई भन्दिएका छन् । पानीमाथि ओभानु छु भनेर जनता झुक्याउन गाली गलोजमा उत्रिने उत्तेजित हुने तर जलेका घाउमा मलम र खाली पेटमा सामलको व्यवस्था नगर्ने पदासीनहरू देखेर कविहृदय छटपटिएको छ । बजारमा बर्सेको सहयोगी हल्लाले, उत्तेजना घोप्टिएको छ यसैले त इमान र चेतना उधिनेर कमिसनको वर्षा गरेको छ । बिरालो बढेर बाध भइसक्यो अनुशासन/अनुशासन गानबाहेक राज्यव्यवस्थाले पीडा

सुमसुम्याउन नसकेको यथार्थ व्यक्त गरिएको छ ।

कवि दृष्टि देख्छ बजार बन्द छ तर कात्रो र माला बिकिरहे सँगै प्लास्टिकले मुख छोपेका अनुहारहरू असिनपसिन बनिरहे । जनसेवामा चलेका ठाउँठाउँका भान्छाघर कमिसनको दाउपेचले बन्द गराउने गरी मूल्यवृद्धिको होडसँग भागबिलो लागिरहेको देखिन्थ्यो । कतिले सिर्जनात्मक काम गरेर पारिवारिक परिवेश सुमधुर राख्ने अवसरको सदुपयोग गरे । कति सर्जकले सहानुभूतिका पोका फुकाउन सके । यो सिर्जनात्मक कर्मले सुमसुम्याउन खोजे पनि शासकहरू सत्ता र शक्तिसँग खेले, खुब खेले तर देशको सान बचाएर जनताको मान उठान सकेनन् ।

कवि अधिकारी मान्छेले खेत खन्न चाह्यो पाटाहरूमा मल बिउ खोज्यो उत्पादनले गरिबी हटाउन र स्वरोजगारी बढाउन बल गऱ्यो तर श्रमको मोलसँग पसिनाको कदर भेट्ने सम्भावना दृश्यमा कतै आएन । गाउँघर सुनसान मसानघाटमा परिणत हुन खोजे । युवा बिदेसिँदा आउने रेमिटान्स सम्झेर शासकहरू आकर्षित रहे । अभावी बेथाले पिटिएका मान्छे विज्ञानको बहादुरीमा भन्दा व्यवहारको बगैंचामा रमाउन खोज्यो । नेपाली चेतना आफ्नै संस्कार संस्कृति र जडीबुटीको बलमा कोरोना जित्न चाहन्छ भन्ने स्वाभिमानी चेतनालाई कविले सशक्त प्रस्तुति दिए :

*मेरो सजगता*
*अवसान हो तिम्रो*
*जीवन हो मेरो*
*हामी नेपालीहरूको ।* (पेज-३)

हामी सजग छौ । सरसफाइमा ध्यान दिन्छौ, बासी खाना खाँदैनौ आपसमा निश्चित दूरी कायम गर्छौ । आवश्यक ठाउँमा माक्स प्रयोग गर्छौं, अब भन कोरोना तिमी कसरी आक्रमण गर्छौ ? हामीलाई भन्दै कवि समस्त नेपालीहरूमा आत्मबल बढाउँछन् । उनी हामी आफै सचेत हौँ सुरक्षित रहौँ, सुरक्षित रहन मद्धत गरौं । उनका रचनामा अरूसँगको आशा-भरोसा खोजिरहने आश्रित चेतनाबाट मुक्त हुनसकौं भन्ने गतिशील चेतना सम्प्रेषण भएको छ ।

कवि अधिकारीका कविता छोटा र रसिला छन् । उनी कुनै पदमा पुग्नु आफूमात्र रमाउन होइन । उद्योग चलाउनु भनेको एक्लै समृद्ध बन्न होइन । समृद्ध भई रमाउन त समस्त मानवीय संवेदना सुमसुम्याउनु पनि हो । समताको सूत्रमा उनेर साथ सहयोग दिई सुखानुभूति गराउनु पनि हो भन्ने अन्तर्वस्तुबाट प्रस्तुत सङ्ग्रहका कविता अनुप्राणित छन् । कवि इमान र कर्मयोगप्रति सबै मान्छे सजग रहनुपर्ने आवश्यकता औंल्याउँछन् । उनी एउटा औंलाले अरूलाई औंल्याउँदा अरू चारओटाले आफैलाई सोधिरहेका छन् कि बन्धु कोरोनाको समय कति सिर्जनात्मक कर्म गऱ्यौ ? करेसाबरी कति उर्वर बन्यो, बाझा खेतबारीले कस्तो स्याहार पाए, परिवारका सदस्य बिच कति सान्निध्य बढ्यो ? कविले अरूबाट आशा-अपेक्षा गर्ने ? नपाएपछि निरास हुने प्रवृत्तिबाट मुक्त भई सिर्जनशील जीवन बाँच्न सुझाएका छन् । गतिशील पाइला हिँडेर शिर उचालेर बाँच्न आग्रह गर्छन् । 'अस्तु'



# रोकिँदै हिँड्दै कृतिभित्र प्रतीक्षा रिजालको गतिको मूल्याङ्कन

● जनार्दन खनाल

रोकिदै हिँड्दै किताब मेरो हातमा परेको ।
छोट्करी रूप समीक्षा गर्न म लागि रहेको ॥
लेखक उनी उदीयमान प्रतीक्षा रिजाल ।
पुस्तक भित्र रहेका कुरा लेख्दैछु सरल ॥
१
सत्चालीस् वटा रचनाहरू मिश्रित सँगालो ।
कथामा पन्ध्र नियात्रा रैछ छ वटा लेखेको ॥
समीक्षा तीन निबन्ध तीन यी चौध कविता ।
लेखनी अति बगेको छ है ! सरीझैँ सरिता ॥
२
नोकरी स्वास्थ्य भएता पनि सुरुचि साहित्य ।
भएको हुँदा साहित्यकार उनीको भविष्य ॥
किशोरी वय देखिनै गर्दै विविध सृजना ।
साहित्यमय बनिदै गयो नानीको जीवन ॥
३
मन्तव्य लेखि दिनुनै भयो न्यौपाने बगर ।
किताब भित्र भएको कुरो अत्यन्त सुन्दर ॥
समीक्षै भन्दा फरक पनि नपर्ने रहेछ ।
गहनसँग गठन गरे सुपाच्य यहीँछ ॥
४
सन्तानलाई उचित शिक्षा खाँचो नै पर्दछ ।
सुझाव दिने नभेटे मान्छे कुमार्गी बन्दछ ॥
बालक छँदै नबुझी कुरा पछाडि बुझेको ।
पछुतो कथा पढीँदा यस्तै सन्देश दिएको ॥
५
पहिला त दुःख पाईए पनि ईमानदारिता ।
नछोड्दा खुसी आउँछ पछि बुझिन्छ कथामा ॥
विश्वास नै गर्दा अपरिचित मान्छेको साथमा ।
सतर्क आफै हुनु नै पर्छ हो जीवन यात्रामा ॥

६
अशक्त साथै गरिबलाई सेवाको भावना ।
गरेको राम्रो प्रमुख हाम्रो विभिन्न शास्त्रमा ॥
खलासी भाइ यो कथा पढ्दा पठन उमेर ।
बाध्यताबस भएका कठै ! पेसाले मजदुर ॥
७
आमाले दुःख र हण्डर खाँदै सन्तानहरूको ।
भविष्य सुखी भएको देख्न चाहन्छन् अरूको ॥
अनाथलाई सकेको सहयोग मानवीयपन हो ।
उद्देश्य ठूलै राखेर पढ विद्यार्थी वर्ग हो ॥
८
बालक रोगी भएता पनि साथीको साथमा ।
गएर खेल्नु उसको ईच्छा यो अभिलाषामा ॥
गरिब हुनु अतीव पीडा दारुण्य रोदन ।
गरेका कति देखिन्छन् अहो ! गरिबी जीवन ॥
९
झगडा गर्दा साथीको साथ कुटाई खाएको ।
पैसाको खर्च हुनुको साथै पढाई बिग्रियो ॥
महिला मान्छे नबुझिकन विदेश जानाले ।
पाउँछौं दुःख अवश्य पनि निकाव कथाले ॥
१०
सम्बन्ध कथा पढेर दाजु-भाइको सम्वन्ध ।
बिग्रिनु हुन्न मिलेर बस्नु यो अति उत्तम ॥
उन्नति एवम् प्रगति गर्न परीक्षा फाराम ।
कथाले आफै सङ्घर्ष गर्नु नपर्नु भरमा ॥
११
नानीको यात्रा भ्रमण स्थान छवटा रहेको ।
प्रमुख ठाउँ देशको हाम्रो भ्रमण गरेको ॥
यो राष्ट्रलाई संसारै भर चिनारी दिनु हो ।
धार्मिक साथै प्राकृतिक दृश्य प्रचार गर्नु हो ॥
१२
उनले यात्रा गरेका ठाउँ छन् हेर्न लायक ।
ती ठाउँहरू घुमेमा आहा ! छ फलदायक ॥
सुन्दर गाउँ हरिया ठाउँ तीनको वर्णन ।
जतिनै गर्न खोजेता पनि हुने हो कठीन ॥
१३

रचनाकार प्रवुद्ध व्यक्ति सुनाम चलेका ।
कविजीहरू लेखनकला प्रवीण भएका ॥
विद्वान् दश जनाको कृतिहरूको समीक्षा ।
गरेकी अनि पढिँदा पनि यी ठूलै लेखिका ॥
१४
स्वतन्त्र लेख लेखेकी रैछिन् यी तीन शीर्षक ।
महत्वपूर्ण विषयहरू छन् उत्साहवर्धक ॥
नर्सिङ पेसा पहिला कठै ! घृणाको दृष्टिले ।
हेरिन्थ्यो भने अहिले राम्रो भन्दछन् सबैले ॥
१५
अहिले आफै लेखिका नानी त्यसैमा आबद्ध ।
भएर रोगीहरूको सेवा गर्दैछिन् सवल ॥
यी चौधओटा कविता छोटा रचना गरेकी ।
नोकरी स्वास्थ्य साहित्य तर्फ भविष्य देखेकी ॥
१६
कथामा धेरै गरिबी पीडा टङ्कारो बोल्दछ ।
नेपाली जति दुखिको दुःख उदाङ्गो पार्दछ ॥
कविता कथा नियात्रा साथै समीक्षा कृतिको ।
लेखनी अहो कुदेको देख्दा प्रतीक्षा नानीको ॥
१७
कविता कथा नियात्रा साथै समीक्षा तर्फमा ।
जीवनीहरू सम्पूर्ण एकै विविध विधामा ॥
लेखनीलाई नरोक्नु नानुचेतना छर्नु छ ।
साहित्यद्वारा समाजलाई सम्मृद्ध पार्नु छ ॥
१८
तृतीय पुस्ता साहित्यकारहरूमा श्रेष्ठता ।
उदाइसक्यौ ती अन्य भन्दा लेखन अग्रता ॥
अहिल्यै देखि राष्ट्रिय भाव प्रचुर मात्रामा ।
लेखनी अझै अगाडि बढोस् साहित्य यात्रामा ॥
१९
स्तरीय लेख रचनाहरूअवश्य सिर्जिऊन् ।
हृदय छुने खालका होउन् शिखर चुम्नेहुन् ।
जीवन सभ्य साहित्यमय सृजना कुशल ।
सहजसँग जीवन बितोस् मङ्गलै मङ्गल ॥
२०

*छतिवन, बकैया-४, मकवानपुर*



# विश्वेश्वरप्रसाद कोइरालाको कवि व्यक्तित्व र कविता

● तेजविलास अधिकारी

**आरम्भ**

नेपाली साहित्यमा धेरै पढिएको नाम हो, साहित्यकार विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९) । खास त उनको आख्यानकार व्यक्तित्वले कवि व्यक्तित्वलाई ठूलो रुखले सानो विरुवालाई छोपेजस्तै बनाएको छ । समाजमा रहेका विचार र व्यवहारलाई व्यक्तिले गर्ने अनुभूतिको सञ्चारबाट साहित्य जन्मन्छ । कठिन परिस्थितिमा पिता कृष्णप्रसाद कोइरालाले व्यहोरेको राज्यको दण्डस्वरूप विश्वेश्वरप्रसाद कोइरालाको बाल्यकाल मात्र नभएर झण्डै युवावय समय पनि भारतमै बित्यो । उनले विद्यालय शिक्षा लिने बेलामै थालेको साहित्य साधनाले विश्वेश्वरप्रसाद कोइरालालाई वि.सं. २००७ सालअगाडि छुट्टै परिचय दिलायो। त्यसैले त विश्वेश्वरप्रसाद कोइरालालाई राजनीतिमा मन नपराउनेहरूले पनि साहित्यिक कृतिका माध्यमबाट भेटेका छन्, छोएका छन् र नजिकबाट बुझेका छन् । यही हिसाबले हेर्दा विश्वेश्वरप्रसाद कोइराला नेपाल अध्ययनको एउटा स्रोत सामग्री वा स्रोत व्यक्तिका रूपमा रहेको प्रष्ट ठहरिन्छ ।

विश्वेश्वरप्रसाद कोइरालाको धेरै चर्चा पाएको साहित्यिक विधा आफ्नोकथा तथा आत्मवृत्तान्त हो। जसले नेपालको राजनीतिक इतिहास, आर्थिक पक्ष र सामाजिक एवम् सांस्कृतिक पक्षको खोजी गर्न सहयोग पुर्‍याउँछ । विश्वेश्वरप्रसाद कोइरालालाई एकमुष्ठमा कवि व्यक्तित्वको परिचयको आलोकमा ल्याउने काम समालोचक हरिप्रसाद शर्माले गरेका हुन । ‘विश्वेश्वरप्रसाद कोइरालाका कविता’ शीर्षक दिएर वि.सं.२०५९ सालमा हरिप्रसाद शर्माले उनको कवि व्यक्तित्व र काव्य प्रवृत्ति औंल्याउँदै जब पुस्तक सार्वजनिक गरे त्यसपछि धेरै पाठकले पढ्ने सामग्री प्राप्त गरे । यस हिसाबले हेर्दा छरिएर फुटकर रूपमा रहेका कविताहरूलाई एकीकृत गरी प्रस्तुत भएको ‘ विश्वेश्वरप्रसाद कोइरालाका कविता’ शीर्षकको पुस्तक नै हालसम्मको विश्वेश्वरप्रसाद कोइरालाको कवि व्यक्तित्व र काव्यकारिता चिन्नका लागि प्राप्त आधिकारिक पुस्तक मानिन्छ । पुस्तक सम्पादनको सन्दर्भमा हरिप्रसाद शर्माले विश्वेश्वरप्रसाद कोइरालालाई स्वच्छन्दतावादी, प्रकृतिवादी, कविहृदयी व्यक्तित्व भनेका छन् (शर्मा : २०५९, भूमिका )।

विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो अध्ययनलाई फराकिलो बनाउने सन्दर्भमा पूर्वीय तथा पश्चिमी साहित्य र चिन्तनलाई आफ्नो साहित्यको प्रेरणा स्वरूप ग्रहण

गरेको परिप्रेक्ष्यमा प्राप्त ऊर्जा र शैलीलाई कविताहरूमा समेत प्रयोग गरी देखाएका छन् । विश्वेश्वरप्रसाद कोइरालाका कविता जम्मा बाह्र ओटा (एउटा हिन्दीबाट नेपालीमा अनुवादसहित) रहेको छ । आफ्नो लेखनीमा राजनीति विषयवस्तुलाई न्यूनरूपमा मात्र स्थान दिने भनेर चिनिएका कोइरालाका कवितामा पनि राजनीति विषयवस्तु कम मात्रामा प्रवेश पाएका छन् । विश्वेश्वरप्रसाद कोइरालाका कविताहरूमध्ये प्रकृतिको चित्रण प्रस्तुत कविता केही छन् भने उनका आधाजसो कविताले जुन ढङ्गले भए पनि स्वतन्त्रताभित्र पनि जैविक आवश्यकता र यौनजीवनका विम्बात्मक विषयलाई प्रकट गरेको देखिन्छ (अधिकारी : २०८०, पृ. ६) । यस टिप्पणीबाट पनि  थाहा हुन्छ कि विश्वेश्वरप्रसाद कोइरालाका कवितामा समाजभित्रका विविध विषयवस्तुले स्थान पाएको सन्दर्भमा उनले नेपाली साहित्यमा सुरु गरेको यौन मनोविश्लेषणात्मक धाराको प्रमाण उनका कवितामा समेत भेट्न सकिन्छ । यस हिसाबले हेर्दा विश्वेश्वरप्रसाद कोइरालाको कविता उनको लेखकीय व्यक्तित्वको पुष्टि समेत हो । विश्वेश्वरप्रसाद कोइरालाले वि.सं. १९८७ मा लेखेको कविता ' बम्बई के प्रति' उनको साहित्य यात्राको एउटा महत्वपूर्ण उपस्थिति हो । यो रचना (हंस, वर्ष १, अङ्क ८, पृ. ८) हिन्दी भाषामा छापिएको कविता हो (शर्मा : २०५९, पृ. १८)। कविताको विषय वा शीर्षक जेजस्तो होस् उनले २००७ सालको क्रान्तिपूर्व थालेको कविता लेखन, प्रकाशनक्रम २०१७ पछिको जटिल सन्दर्भ अर्थात् २०१५ सालदेखि २०५२ सालसम्म प्रकाशित भएको पाइन्छ । उनले लामो अन्तरालपछि नेपाली भाषामा कविता लेखनलाई २०२५ सालपछि मात्र निरन्तरता दिएको देखिन्छ । उनका बाह्र ओटा कवितामध्ये चार ओटा कविता भने उनको देहावसानपछि मात्र प्रकाशित भएको पाइन्छ ।

विषयवस्तुका हिसाबले हेर्दा विश्वेश्वरप्रसाद कोइरालाको पहिलो कविताले अत्यन्त सान्दर्भिक विषयलाई स्थान दिएको छ । भारतीय स्वतन्त्रता सङ्ग्राम चलिरहेको बेलामा बम्बईले खेलेको भूमिकालाई उनले खुलेर सम्मान गरेका छन् ।

*तर आज ?*<br>
*साँच्चै तैले भारतको लाज राखिस् -*<br>
*भारतको शिर उज्यालो पारिस् ।*<br>
*आज तैले ऐश्वर्य र त्यागको रणस्थलमा*<br>
*हज्जारौँ शिर चढाइदिइस्*

(शर्मा : २०५९, पृ. ७६)

साहित्य समाज प्रभावको उत्पादन पनि हो। यसबाट बढेर उनले भनेका छन्; सहिदहरूको जय ! स्वतन्त्र भारतको जय !! यस हिसाबले हेर्दा उनको युवा मनोविज्ञानले छोएको विषयले नै उनलाई राजनीतिका साथै स्वतन्त्रताको चाहनालाई समेटेर आफ्नै जीवनमा बदल्न पनि सफल बनाएको देखिन्छ । 'एउटा सन्धिः एक सम्झौता' कवितामा कवि विश्वेश्वरप्रसाद कोइरालाले मान्छेको जीवनलाई अमर बनाउने कि परिचयविहिन बनाउने भन्ने सन्दर्भलाई समेत मार्मिक ढङ्गले यसरी प्रस्तुत

गरेका छन्;

*अमरता हो भीषण अतिशय दण्ड*
*जसमा गरिब श्वासले तिर्छ राजकर*
*प्रत्येक क्षण बाँच्नलाई ।*

(शर्मा : २०५९, ६४)

कविका कतिपय कविताको शृङ्खलाभित्र विषयको प्रस्तुतिमा विरोधाभाषपूर्ण स्थिति देखिन्छ तथापि मानव जीवनका यावत् उदाहरणहरूलाई कविले मरणशील जीवनमा केही गर्न नसके हाम्रो जीवन व्यर्थ हुनेछ निष्कर्ष निकालिएको छ । कविले पोखराको सौन्दर्यलाई पौराणिक विम्बात्मक सम्मिलनभित्र मिठासपूर्ण तरिकाले उनेका छन् । आयामका हिसाबले केही लामो कवितामा पोखराको सौन्दर्य वर्णनको लय भाषिक प्रवाह सरल हुन नसक्दा अवरोधपूर्ण तथा दुर्बोध्य बन्न पुगेको छ । कहाँ के भन्न खोजेको होला ? भन्ने कुरा पाठक सहजै बुझ्न सक्दैनन् त्यति मात्र होइन अर्थ लगाउन पनि सजिलो हिसाबले सकिन्न ।

*तिनको म साक्षी छु वसन्तको दिनको*
*वसन्तमा चराचर सृष्टि सपनामा*
*पराशरको मायामा निमग्न ।*

(शर्मा : २०५९, पृ. ८७)

आम कविताका हिसाबले हेर्दा उनका कवितामा अमूर्त र रहस्यात्मक विषयले समेत स्थान पाएको देखिन्छ । आध्यात्मिक चेतलाई समेत कलाकृति विषयप्रवेश गरेको जस्तो लाग्ने उनका कवितामा हिमालय क्षेत्रको सौन्दर्यलाई मानवीकरण गरेको देखिन्छ । कवि कोशी र कोशीको जलक्षेत्रले निर्माण गरेको सभ्यतालाई एउटा प्रमुख पक्ष भन्दै “कोशी कौशिकी” कविताभित्र नेपालको जलधाराको विषयलाई यसरी प्रस्तुत गर्दछन् :

*कोशी-सप्तकोशी-कौशिकी*
*जसको किनारमा उभिएर स्वच्छ, शान्त*
*निर्मल जलराशिबाट*
*अञ्जुली उठाएर*
*तृष्णा ... क्षुधा*
*तृप्त भरिएर*
*पाउसम्म सप्रेम छालको आलिङ्गन ।*

(शर्मा : २०५९, ९६)

यसैगरी कवि कोइरालाको ‘टाढाको कल्पना’ कवितामा स्वच्छन्दतावादी भावलाई नेपालको जनजीवनमा भिजेका उखान टुक्का वा लोकोक्तिलाई समेत उच्च प्राथमिकता दिएका छन् । उनको काव्यकारिता र सृजनशील चेतनाका बिच भने अन्तर परेको देखिन्छ ।

कवि विश्वेश्वरप्रसाद कोइरालाका कविताहरू गद्यलयमा लेखिएका छन् । कविले कल्पना तत्व र ज्ञानमीमांसा दुवैलाई कवितामा मिसमास गरेर प्रस्तुत गरेका छन् । मानव जीवनको यावत उल्झनलाई विम्बात्मक र प्रतीकात्मक रूपमा प्रस्तुत गर्ने क्रममा मानवलाई प्रकृतिको अंश भएकाले पनि यो जाति प्रवृत्तिजस्तै नाङ्गो छ । उनले भनेझैं लुकाउने विचार र देखाउने हिंस्रक व्यवहारमा कहिल्यै एकरूपता छैन । तथाकथित प्राज्ञिकपनले छोप्न खोजेर मान्छेको जन्मसिद्ध गुण नमर्ने रहेछ भन्ने सच्चाइ कविताहरूमा प्रस्तुत भएको छ । वाक् स्वतन्त्रता, राजनीति स्वतन्त्रता मूलतः वैयक्तिक स्वतन्त्रताको वकालत गर्ने कविताहरू सुबोध र सरल भने देखिँदैनन् । समग्रमा कविताले चेतन पक्षको उजागर गरेको छ ।



# जनार्दन खनालको 'घुम्दै फिर्दै' यात्राकाव्यको नालीबेली

● दीपक गौतम

१. **विषयप्रवेश** : वि. सं. २०१४ सालमा नुवाकोटमा जन्मेका जनार्दन खनाल मकवानपुरको बकैया गाउँपालिका-४ छतिवनमा स्थायी बसोबासी हुन् । जीवनको साँढे तिन दशक शिक्षण कार्यमा व्यतीत गरेका खनाल हँसिला, रसिला, सरल एवम् मिजासिला कवि हुन् । मकवानपुरमा हुने सबैजसो कार्यक्रममा पुगेर सकेसम्म रचना वाचन गर्ने खनालको लेखनको मुख्य विधा कविता हो । शास्त्रीय लयको अनुकरण गर्दै कविता लेख्ने प्रयासमा रहेका खनाल पछिल्लो समय लोकलयलाई अँगाल्दै कविता लेखिरहेका छन् । विभिन्न साहित्यिक सामाजिक सङ्घसंस्थासँग आबद्ध खनाल पुरस्कार तथा सम्मानबाट सम्मानितसमेत छन् । यतिखेर उनको पहिलो कृति 'घुम्दै फिर्दै' यात्राकाव्य सङ्ग्रहको रूपमा साहित्यिक फाँटमा आएकोछ र यसैका आधारमा उनी आफूलाई चिनाउने जमर्कोमा छन् ।

२.**'घुम्दै फिर्दै' कृतिको विषयवस्तु** : लोक लयअन्तर्गतको झ्याउरे छन्दमा विरचित यस काव्यमा गोसाइँकुण्ड, रारा र दार्जिलिङ-सिक्किमको लेखकले गरेका तीन स्थानको यात्रा वर्णन छ । यात्रा गोसाइँकुण्डको :गोसाइँकुण्ड यात्राको क्रममा लेखकसहित ६ जनाको टोलीले नारायणगढबाट रसुवाको धुन्चेसम्मगरेको यात्रा, त्यस क्रममा भएका डाँडापाखा, छाँगाछहरा आदिको दृश्यावलोकन, होटल बसाइको सुखदुःखका अनुभूति, पैदल यात्रामा भोगेका दुःखकष्ट तथा रमाइला क्षणहरूको विशेष चर्चा गरिएको यस कृतिमा २१४ श्लोकछन् । यात्रा राराको :२०७६ असोजमा हेटौँडा-रारा-जुम्ला साहित्यिक यात्राका क्रममा लेखकसहित १७ जनाको टोली रारा जुम्ला यात्रामा निस्केको, हेटौँडादेखि सुर्खेतसम्म रात्री बसमा यात्रा गरेको कारण बाटाको दृश्यावलोकन गर्न नपाएको, कष्ट र हण्डर भोग्दै रारानजिक बसेकोजस्ता कुरारहेको यो खण्ड २२३ श्लोकामा विरचित छ । यात्रा दार्जिलिङ-सिक्किमको : २०७८ असोजमादार्जिलिङ-सिक्किम यात्रामा कविले गरेका अनुभूतिलाई मूल विषयवस्तु बनाई लेखिएको प्रस्तुत खण्डमा २५३ श्लोक छन् । यसमा१८ जनाको टोलीले विभिन्न स्थलको भ्रमण गरेको विवरण प्रस्तुत छ ।

३. **काव्यिक विचरण** : (क)

**गतिशीलता** : पाठकलाई लेखकले भोगेका, देखेका, अनुभूत गरेका कुरासँग साधारणीकृत तुल्याउने र पुस्तक पढे जस्तो अनुभूत नभई स्वयम् लेखकसँगै यात्रा गरेको जीवन्त एवम् गतिशील अनुभूत तुल्याउने तत्व नै यात्रासाहित्यको मुख्य तत्व हो । यस कृतिमा ठाउँठाउँमा ती कुरा छन् । साक्ष्य :

*घोडामा चढी आनन्द लिँदै यो ठाउँ घुम्ने कि !*
*आँखाले हेर्दै गोडाले घुम्दै यो रारा चुम्ने कि !*
*विभिन्न थरी रुचिको साथ फोटो नै खिच्ने कि !*
*हरिया वन प्राकृतिक छटा अटुट हेर्ने कि !*

*(राराको प्राकृतिक सौन्दर्य चित्रण)* (१३०, पृ. ८७)

(ख) स्थानीयता : यात्रारत स्थानको स्थानीय परिवेश (प्रकृति, संस्कृति, भूगोल, समाज, भाषा, रहनसहन, कला, अर्थ, राजनीति, उद्योग, सञ्चार, यातायात, आदि परिवेश) तथा घटना प्रसङ्ग अनि पात्रका वैयक्तिक विशेषताको ऐतिहासिक, तात्कालिक साक्ष्य प्रस्तुत गर्नु स्थानीयता हो । यसमाती कुरा मनग्गे छन् । साक्ष्य :

*घुमियो त्यहाँ वर र पर स्याउको फाराम*
*हेरियो अनि किनियो स्याउ गरेर आराम*
*बोटैमा स्याउ टिपेर खाँदा समान अमृत*
*रोगीले पनि खाएमा हुने मन भो द्रवित ।*

*(जुम्लाको स्याउबगानको प्रसङ्ग)* (१५३, पृ. ९३)

(ग) तथ्यात्मकता :सिर्जनामा कल्पनाशीलताको प्रयोग हुन्छ भन्नुको अर्थ सिर्जना अयथार्थवादी हुन्छ भन्नु किमार्थ होइन । अझ यात्रासाहित्य त सत्यतथ्यमा आधारित हुने हुनाले तथ्यपरक विवरणमात्र यसमा लेखिनुपर्छ । यस कृतिमा ती कुरा मनग्गे देखिन्छन् । साक्ष्य :

*शिवले डाह भएर जाँदा चन्दन लाएको*
*थिए रे त्यहाँ पुगियो जब चन्दन खसेको*
*त्यसैले पनि ठाउँको नाम चन्दनबारी हो*
*सबैले त्यसै बेला नै देखि भनिँदै आएको ।*

*(चन्दनबारी नामकरणको किंवदन्तीगत वर्णनको प्रसङ्ग)*
(१२६, पृ. ३२)

(घ) निजात्मकता

यात्राव्यक्तिपरक लेखन हो । निजात्मकताको अभावमा यो काम नलाग्ने बन्छ । यसले विशेषरूपमा नौलो स्वाद दिइरहेको हुन्छ । लेखकले स्वतन्त्र शैलीसँग पाठकलाई परिचित गराइरहेको हुन्छ । लेख्ने क्रममा सम्बन्धित स्थानसँग निजी अनुभवको सौन्दर्य प्रस्ट्याइरहेको हुन्छ । यसमा ती कुराहरू रहेका छन् । साक्ष्य :

*जन्मनु अनि बालक हुँदै बुढ्यौली उमेर*
*पुगेर मृत्यु हुनु नै पनि यात्रा हो सुन्दर*
*विभिन्न काम गरेर हिँड्नु यो पनि यात्रा हो*
*सम्झेर त्यार्ई विचार गर्दा संसारै जात्रा हो ।*

*(यात्राबारेको कविको निजी अनुभूति)* (१, पृ. ५५)

(ङ) आत्मीयता

आत्मीयता यात्रासाहित्यको

अर्को तत्व हो । जुन यात्रावृत्तान्तमा आत्मीयता कमी हुन्छ, त्यो सफल हुँदैन । आत्मीयतामिश्रित वृत्तान्त पढ्दापढ्दै पाठक चित्रण गरिएको ठाउँतिर जान उत्सुक भइरहेका हुन्छन् । यहाँभित्रत्यस्ताश्लोक धेरै छन् ।ः साक्ष्य ः

*विषको डाहा शमन गर्न त्रिशूल हातमा*
*लिएका थिए शिवले त्यही हिर्काए भित्तामा*
*तिनौटा धारा बनेर पानी निस्कियो तुरुन्तै*
*पिएका पानी शिवले खुसी भएर अत्यन्तै ।*

*(त्रिशूली नदीको किंवदन्तीको रोचक प्रसङ्ग)* (१७५, पृ. ४४)

(च) कल्पनाप्रवणता

कल्पनाप्रवणता साहित्यका हरेक विधामा आवश्यक छ । यो भनेको कल्पनामा बहनु हो । साहित्ययथार्थ र कल्पना सम्मिश्रित रूप हो । यसलेसिर्जनालाई रोचक र प्रभावकारी बनाउन भूमिका खेल्छ । यस कृतिमा ती कुरा ठाउँठाउँमा छन् । साक्ष्य ः

*प्रकृतिप्रेमी नेपाली हामी प्रकृति ईश्वर*
*ईश्वरलाई मनले सधैँ गर्दछौँ आदर*
*हेर्नैमा राम्रो हिमाली बस्ती अटल हिमाल*
*पाइन्न यस्तो विश्वमा कतै भूस्वर्ग नेपाल ।*

*(नेपालको पर्यावरणको चित्रणको प्रसङ्ग)* (२१४, पृ. ५४)

(छ) चित्रात्मकता

चित्रात्मकताले चित्रकारितालाई नभएर शाब्दिक चमत्कारलाई सङ्केत गर्दछ ।यात्रासाहित्यमा यसको विशेष महत्व हुन्छ । लेखकले आफूले देखेका ठाउँलाई पाठकसमक्ष चित्रवत् प्रस्तुत गर्न नसके त्यो कोरा विषयवस्तुको वर्णनमात्र हुन्छ । यहाँ चित्रात्मकताको अनुभूति गर्न सकिन्छ । साक्ष्य ः

*मानिस कालो ठाउँ नि कालो समय कालो छ*
*जसरी हुन्छ यात्रालु धुत्ने माकुरे जालो छ*
*अन्यत्र कुनै नजाने ठाउँ नजाने समय*
*मौकामा चौका हान्दा नै रैछन् भएर निर्भय ।*

*(मानवीय स्वार्थी प्रवृत्तिप्रतिको कटाक्ष)* (४९, पृ. ६७)

**निष्कर्षः**

समग्रमा, जनार्दन खनालकृत यात्राकाव्य सङ्ग्रह यात्रासाहित्यिक तत्वका कसीमा जाँच्दा सम्पूर्ण तत्वको सम्मिश्रण सुन्दर कृति रहेको निष्कर्ष निस्कन्छ । पहिलो प्रयासमै यति सुन्दर कृति लेख्न सक्नु र अझ गद्य जस्तो सहज सम्प्रेषणीय माध्यमलाई छाडी कवितात्मक बाटो रोज्नु आफैँमा जोखिमपूर्ण तर साहसिक कदम हो ।

कृतिभित्र प्रशस्त सबल पक्षहरू हुँदाहुँदै पनि कोरा यात्रा वर्णनमा केन्द्रित हुनु र कलात्मकतामा केही कमजोर देखिनु, एकाध स्थानमा छन्द भङ्ग हुनु तथा भाषिक त्रुटिहरू देखिनु कृतिका कमजोर पक्ष हुन् । पहिलो कृति भएकाले यस्ता कुराहरूलाई सामान्य रूपमा लिनुपर्दछ । समग्रमा नेपाली यात्रासाहित्यको इतिहासमा कमै सङ्ख्यामा प्रकाशित यात्राकाव्यको सूचीमा खनालकृत कृति सूचीकृत भएको छ । यसका लागि लेखकलाई बधाई र शुभकामना ।

*बकैया-४, छतिवन, मकवानपुर*



# अश्कको निदाउन नसकेका रातहरूमा विचरण गर्दा

● देवेन्द्र अर्याल 'आँसु'

नेपाली, भोजपुरी र हिन्दी साहित्यमा उत्तिकै सिद्धहस्त मानिने गोपाल अश्क (२०१८) को निदाउन नसकेका रातहरू कथा सङ्ग्रहमा सोह्रवटा कथाहरू समावेश छन् । उनका कथामा सामाजिक, सांस्कृतिक, राजनीतिक आदि विषयवस्तु पाइन्छन् । अश्कका कथामा आञ्चलिकता पनि नपाइने होइन । उनका कथामा सांस्कृतिक रूपान्तरणले ल्याएको जटिलतासमेत समेटिएको पाइन्छ ।

कथा सङ्ग्रहको शीर्षक कथा निदाउन नसकेका रातहरूमा छोरीप्रतिको अगाध माया प्रस्तुत भएको देखिन्छ । छोरीलाई पढाउन नसकेको, छोरीका लागि केही गर्न नसकेको, जेठी छोरीको चिन्ता बढेको र जसका कारण ऊ निदाउन सकेको छैन । कथाको प्रमुख पात्र माधवले छोरी मलाई माफ गरिदेऊ मैले गल्ती गरेँ भन्नु नै यस कथाभित्रको छटपटी हो जसका कारण उनका कैयन् रात छटपटीमा बितेको छन् ।

भोलिको चिन्तामा आहत वर्तमान कथामा एउटा रिटार्यड कर्मचारीको समस्याग्रस्त जीवनको चित्रण पाइन्छ भने सेवा निवृत्तपछिका दिनहरू कथामा सेवा निवृत्त जीवन पछिका कठोर क्षणहरूको चित्रण पाइन्छ । सेवा निवृत्त हुँदा अरूको बढी चासो हुने र सेवा निवृत्त पछिको जागिरको खोजीलाई उठाइएको छ । त्यस्तै रामपियारी पोइल गई कथामा नेपाली समाजको पोइल जाने समस्याको चित्रण पाइन्छ । वर्तमान सन्दर्भमा वैदेशिक रोजगारीका कारण सिर्जित ज्वलन्त समस्याका रूपमा पोइल जाने समस्यालाई कथामा जैविक समस्याका रूपमा उठान गरिएको छ । वैदेशिक रोजगारीका लागि लोग्ने परदेसिए पछिको पारिवारिक अवस्थालाई सटिक रूपमा यस कथामा चित्रण गरिएको छ । यो समस्या वर्तमान अवस्थाको पेचिलो समस्या पनि हो ।

तर यो कथा होइन कथामा विवाह प्रसङ्गसँगै भूकम्पको त्रासदीको पनि चित्रण गरिएको छ भने कतै मानव जीवनमा विवाह पनि एकप्रकारको भूकम्प त होइन भनी साङ्केतिक रूपमा प्रस्तुत गरिएको छ । मरिरहेको मान्छे कथामा अन्तरजातीय प्रेम र विवाहको चर्चा पाइन्छ । जसमा बहिनीको पीडा एकातिर छ भने अर्कोतिर दाजुको सपनाको कुरा पनि पाइन्छ । अन्तरजातीय विवाहका कारण समाजमा घट्ने इज्जत प्रतिष्ठाका

कारण बहिनीसँगको सम्बन्ध तोडिएको देखिन्छ । यसैगरी बदलिएको लक्ष्मण कथामा भाउजूको इज्जतका लागि लड्ने लक्ष्मण अहिले कलियुगमा नभएको र दाजु घर नभएको र विदेश गएको समयमा आफ्नो भाउजुप्रति देवरको यौनआकर्षण बढ्दै गएको र देवरबाट नै भाउजू सुरक्षित नभएको विषयवस्तुलाई व्यङ्ग्यात्मकरूपमा कथामार्फत् चित्रण गरिएको छ । त्यस्तै सुहागरात कथामा विवाहको महत्वपूर्ण क्षणका रूपमा सुहागरातलाई उल्लेख गरिएको छ । विगतमा भएका कमिकमजोरीको आत्मसात् गर्दै नवीन जीवनको थालनीका रूपमा सुहागरातलाई लिनुपर्ने सन्देशलाई यस कथाले विषयवस्तु बनाएको छ ।

तिमी भन्नेहरू भन्ने कथामा नोकरी खाएर पहाडमा गएको तराईको एउटा पात्र रिटार्यड पछि आफ्नो गाउँ फर्किएको छ । फर्कँदा आफ्नो उमेरका मित्रहरू केही मात्र बाँकी रहेको र उनीहरूसँगको सामिप्यतालाई यस कथामा उठाइएको छ । त्यस्तै त्रियाहठ कथामा हिमाल पहाड र तराई राजनीतिले विभक्त नभएको, सेवानिवृत्त हरिशंकर पहाडमा बस्ने गरेको र उसको मृत्यु भएपछि उसका छोराबुहारी भन्दा छोरी नै बाबुलाई भेट्न चाँडै आएको कथामा देखिएको छ भने पीडा कथामा पलायनवादीको आरोप लागे पनि गोविन्द नामक पात्रको मन गाउँसँग जोडिएको छ । गाउँबाट जागिर छाडेर शहरतिर लागे पनि बेलाबेलामा ऊ आफ्नो जन्मस्थल गाउँ जान्छ र गाउँमा हुने साहित्यिक कार्यक्रममा सहभागी हुने गरेको छ ।

यसप्रकार उसमा गाउँलेको आरोपको पीडा मनभित्र गुम्सिएको छ । बीचको जिन्दगी कथामा श्रीमान् र श्रीमती दुवैको प्रेम सम्बन्ध अर्कैसँग भएको देखिन्छ । दुवैले वैवाहिक जीवनको अन्त्य गरी प्रेमलाई पुनर्मिलनको अवस्थामा पुऱ्याएर नवीन वैवाहिक जीवनको थालनी गर्न पुगेको कथालाई समावेश गरिएको छ ।

त्यस्तै नाई..नाई... कथामा निर्भीक र इमान्दार पत्रकार लोग्नेको हत्यापछि देवर र भाउजूसँगको विवाह सम्बन्धमा जोड्न परिवार राजी भएको पाइन्छ । देवर भाउजूसँग विवाहका लागि तयार भएको छ भने भाउजू रञ्जनाले भने त्यसको विरोध गरेकी छिन् । यस कथामा देवरसँग विवाह गर्न नसक्ने कुराको विरोध गरिएको छ । यस्तै कथान्त कथामा नारी मन बुझ्न धेरै गाह्रो हुने कुरा चित्रण गरिएको छ । छोरी र छोरोले आफू निर्णय गर्दा र अन्तरजातीय तथा प्रेम विवाह गर्दा केही नबोल्ने पत्नी देख्दा ऊ पात्र ज्यादै रिसाउँछ तर आफ्नी बहिनीले लोग्नेको अकाल मृत्युपछि दोस्रो विवाह गर्दा उनीहरूले गरेको भेदभाव र तिरष्कारलाई चिर्दै ऊपात्रको कमजोरीलाई पटाक्षेप गरिएको छ । त्यस्तै, गाउँ टोलमा हुने अवैध यौन सम्बन्धको कथा हो यहाँ यस्तो पनि हुन्छ । भौतिक रूपमा

टाढा भएका दुई प्रेमीलाई सामाजिक सञ्जालले नजिक बनाएको र उनीहरू बिच प्रेम झाँगिन पुगेको तर त्यही समाजिक सञ्जलमार्फत् अन्त्यमा कुनै प्रेम नरहेको यथार्थ पखाई कथामा पाइन्छ । ऊ पात्र बाबुको लाश जल्दा पनि आफ्नी प्रेमिकाको पखाईमा रहेको देखाइएको छ ।

शब्दार्थ प्रकाशनद्वारा प्रकाशित यस कृतिका कथाहरू सामाजिक, सांस्कृतिक एवम् आञ्चलिक बिम्बहरू पाइन्छन् । कथाको भाषाशैली सरल र सुललित रहेको छ । खास गरी उनका कथामा निम्नवर्ग वा टिठलाग्दो जीवन जीउन विवश पात्रको कथालाई उतारिएको छ ।

कथामा स्थानीय रङलाई सजाइएको मात्र छैन, त्यहाँको सामाजिक, सांस्कृतिक, भौगोलिक विषयवस्तुलाई कथाका माध्यमबाट चित्रण गर्न अश्क पूर्णरूपमा सफल भएका छन् । कथामा पात्रका संवादका रूपमा भोजपुरी भाषा पनि आएको छ। त्यसो त अश्क भोजपुरी साहित्यका महत्वपूर्ण र प्रभावकारी स्रष्टा पनि हुन् । उनका कथाका रैखिक ढाँचा हेर्दा उत्कर्षपछि कथाको समापन ज्यादै सहज ढङ्गबाट हुन पुगेको देखिन्छ । अश्क समवर्ती वृहत्तर नेपाली समाजका जटिल विषयलाई कथाका माध्यमबाट सहजरूपमा चित्रण गर्ने सफल कथाकार हुन् । उनका कथामा व्यक्ति साथै समाज परिवर्तनको तीव्र चाहना पनि पाइन्छ । उनलाई सुधारवादी दृष्टिकोण भएका आञ्चलिक कथाकारका रूपमा लिन सकिन्छ । सामाजिक विकृतिविसङ्गतिप्रति तीव्र प्रहार उनका कथामा पाउन सकिन्छ । समग्रमा उनका कथामा समाजिक यथार्थको चित्रण पाइन्छ ।

*– तारकेश्वर, काठमाडौँ*

# हार्दिक बधाई र शुभकामना !



**साहित्यकार टीकाराम उदासीले 'उत्तरवर्ती चरणका नेपाली गजलका प्रवृत्ति' विषयमा विद्यावारिधि पूरा गर्नु भएको छ । लामो समयदेखि प्राध्यापन पेशामा संलग्न रहनु भएका स्रष्टा तथा द्रष्टा व्यक्तित्व उदासीलाई नवप्रज्ञापन हार्दिक बधाइ र शुभकामना ज्ञापन गर्दछ ।**

**नवराज रिजाल**
**सम्पादक तथा प्रकाशक**
**नवप्रज्ञापन परिवार**



# 'हमर मनोरथ' कृतिभित्र देवकरण माझीका अभिव्यक्तिहरू

● नन्दलाल आचार्य

*बुद्ध जन्मल देशमे, बुद्धिक कमि अछि ।*
*नेपाल जका ठाममे, शान्तिक कमि अछि ।*

उपर्युक्त गीति हरफका रचयिता बनौला-४, सप्तरी स्थायी ठेगाना भई हाल राजविराजमा बसोबास गर्दै आएका युवा सर्जक देवकरण माझीका हुन् । पितामाता चिनीलाल र कुसुमकला देवी माझीका सुपुत्रका रूपमा वि.सं. २०४१ साल असार ११ गते यस धर्तीमा पहिलो पटक आँखा खोलेका माझी 'पहिलो प्रेम' नेपाली गीतिक्यासेट सार्वजनिकसँगै चर्चामा आएका हुन् ।

उनको २०६१ सालमा ' हमर मनोरथ' नामक मैथिली गीत/गजलसङ्ग्रह प्रकाशित छ । यस लेखमा सोही कृतिमा आधारित रही उनको कृतित्वमा आधारित व्यक्तित्व पहिचान गर्ने ध्येय राखिएको छ ।

**सामाजिक यथार्थवादी विचार सम्प्रेषण** : कवि माझीका गीति हरफहरूले समाजको तस्बिर हुबुहु उतार्ने काम गरेका छन् । साँचो कुरो जहिल्यै पनि कटु लाग्छ । अन्नको भण्डार तराई, राजस्व सङ्कलनको प्रमुख क्षेत्र तराई र उत्पादनको महत्वपूर्ण स्थान तराई भएको कारणले तराईले पूरै नेपाल थेगेको कुरा कटु सत्य हो । यो सत्यतालाई उनले यसरी व्यक्त गरेका छन्-

अन्नसँ धनिक रहितो विकासमे पिछडल तराई ।
प्रदेश हमर गरीब रहितो, देश चलबैय तराई ।

**दार्शनिक दृष्टिकोण मुखरित** : हामी को हौं, कहाँबाट आयौं र कसरी फर्कन्छौं ? जस्ता प्रश्नहरूको जवाफका लागि घोत्लँदा गीतका हरफमा दार्शनिक दृष्टिकोण व्यक्त भएको देखिन्छ । आए पछि जानु संसारको रीत हो । यस रीतका विरुद्ध कोही जान सक्दैन । अनि, काया बूढो होला तर मन बूढो कसैको हुन्न । मन परिपक्व हुने मात्र हो । बूढो भएर कमजोर हुने अवस्था भने आउँदैन । ती कुरा उनी यसरी भन्छन्-

(अ.) हम के छी, हम कि छी, हम किछु नै छी ।
समय आब दिय, समय एलासँ फेर देखा देव ॥

(आ.) तन भेद वृद्ध हमर, मोन अछि जमान ।
अखन मोन साधु, कखनो ककरोप ध्यान ॥

**राजनैतिक चित्रण** : कुर्सीको जोड घटाउमा जनप्रतिनिधि व्यस्त र व्यग्र भएको अनि जनउत्तरदायित्वप्रति बेखबर भएकै कारण मुलुक लामो समयसम्म द्वन्द्वमा फँस्यो । जनता अन्योलमा परे । उनी राजनैतिक कर्तुत विरुद्ध बमवर्षा गर्दै यसो भन्छन्-

कोना रहत नेपाली कोना चलत हमर देश ।

जनता अपन देश छोडि जाय लागल परदेश ॥

**सांस्कृतिक रूपान्तरणको आवाज** : परिवर्तन र रूपान्तरणको अध्याय नपल्टाउने हो भने मानिस सर्वश्रेष्ठ प्राणी कहलाएको कुनै अर्थ रहँदैन । यहाँ परिवर्तन र रूपान्तरणको अभियानमा गीतकारको कलम तीखो छ । उनी भन्छन्-किय होइत छुवाछूत, किय होइय भेदभाव यौ ।

हमहुँ एक मानब छी, सुनु हमरो विचार यौ ॥

**उज्जवल भविष्यको चाहना** : मानिसको कर्मको एउटै अभीष्ट हुन्छ उज्जवल भविष्यको खोजी । परिश्रमीले सिर्जनाको खोलो बगाउँछ । मेहनतमा विश्वास गर्नेले सफलता पाउछ । यही धारमा गीति हरफ यसरी बेजोड आएका छन्-

(अ.) कामकाज नै सिखब, सदिखन बेकार जिनगी ।

मेहनत नै करिक' खायब, कहत चोरक जिनगी ॥

(आ.) रोजगार नहि अछि, एकटा काज चाही ।

काज कएला पर, मेहनतक दाम चाही ॥

**मधेसी भएकोमा गर्ववोध आभाष** : मानव मन जुटे रूपान्तरणको स्वाद चाख्न पाइन्छ । जहाँ जति बढी द्वन्द्व छ, त्यहाँ त्यत्ति बढी मेल लुकेको हुन्छ । मधेसमा देखिएको विशाल भावनामा मन कल्पाउने तागत पनि छ । यहाँ सम्पूर्ण नेपाल र नेपालीकै भोलि लुकेको छ । जित बचाउन नसक्नेले हार सहन पनि सक्दैन । मनले मधेसीलाई हृदयमा बसाउनुपर्छ र नेपालीमा रूपान्तरण गर्नुपर्छ । आफू मधेसी भएकोमा गीतकार माफी गर्वानुभूति गर्दै यसो भन्छन्-

(अ.) हम छी मैथिल बाबु, धोती-कुर्ता भेष ।

मैथिली भाषा बाजु, मिथिला हमर देश ॥

(आ.) भाषाके विकासमे पिछडल अछि ई मिथिला हमर ।

जनक जानकीके गाथासँ पुजित ई जनकपुर हमर ॥

**प्रणय लीलाको वकालत** : माफीले प्रेमको गहिराइबारे यसरी अभिव्यक्ति दिएका छन् ।

अ. सजनी अहाँ विन जिनगी अन्हार लागैए

कोन मोहनी लगेलौ हमर दिन नै बितैए ।

आ. मोन हमर अहाँसँ, बहुत प्रित करैए ।

प्रित करितो अहाँसँ, मुदा हृदय डरैए ॥

इ सुतैत काल जखन हमर मोन आबैत हैत ।

रातिमे अहाँक निन, देरसँ अबैत हैत ।

**अधिकारप्रति सचेतता** : कवि देवकरणले मैथिल समाजमा आफूले भोगेको युगीन पीडा, राजनैतिक अस्थिरताले ल्याएको छटपटी बेचैनी, विसङ्गति र घृणित अवस्था एवं वर्तमान युवा पिँढीमा देखिएको गडबडीप्रति आक्रोश पोखेका छन् । अनि आशलाग्दो समय भित्र्याउने जीवनवादी दृष्टिकोण पनि व्यक्त गरेका छन् । उनी भन्छन्

*हम छी बेटी, खोजै छी अधिकार ।*

*उमेर अछि छोट, पैघ अछि विचार ।*

**कोमल, सुललित एवं धाराप्रवाहमय शैलीको प्रयोग :** काव्यात्मक सूधापान गराउन गीतकार माझीका गीत/गजलहरू सशक्त रहेका छन् । विशेषतः गीत/गजलहरूमा लय हुनुपर्छ, अन्त्यानुप्रासयुक्त रहनुपर्छ । यी दुवै गुण 'हमर मनोरथ'मा सशक्तरूपमा देखापरेका छन् । शुद्ध मैथिली भाषालाई आत्मसात् गरेर अघि बढेका माझीले मैथिली भाषाको गरिमामय मधुर र करुण परम्परालाई आफ्ना गीत/गजलहरूमा समेटेका छन् ।

हमर मनोरथ अछि जीवनके दुःख
एसगर भोगितहुँ हम ।
मिथिलामे रहिक हजारौं दर्द
आजीवन सहितहुँ हम ॥

गीत/गजलकार देवकरण माझी 'देव'का बारेमा विविध विद्वान्हरूले यस्तोभाव प्रकट गरेका छन् ःराजविराज-९ निवासी मैथिली भाषा/साहित्यका ज्ञाता तथा लेखका सर्जक देवेन्द्र मिश्रको कथन छ- 'उमेरक हिसावसँ, विशेष क' कए युवावस्थाक मनोभावनेक चित्रण सही, हिनक मातृभाषा प्रेमकें जँ देखल जाय त' ई हिनकर एकटा उत्साहबर्द्धक प्रयास लागि रहल अछि ।' (उमेरको हिसाबले, विशेष गरी युवावस्थाका मनोभावहरूको चित्रण गरी गीत/गजल लेख्नु र यिनले मातृभाषामा प्रेम झल्काउनु उत्साहवर्द्धक प्रयास हो ।)

पत्रकार, सम्पादक, कुशल अभिनेता, उद्घोषक तथा मैथिली भाषाका व्यङ्ग्य कवि महेन्द्रप्रसाद मण्डल 'बनवारी'को मत छ- 'समाजमे रहल विकृति आ समस्या सवपर प्रहार करैत प्रेमरसमे श्रृङ्गार करि सजौने छथि ।' -गीतकार देवकरणले समाजमा रहेका विकृति र समस्याहरूमा प्रहार गर्दै प्रेमरसमा श्रृङ्गार गरेर सजाएका छन् ।)

'मिथिलाक संघर्षरत जीवनक परिप्रेक्ष्यमे मिथिलावासीक मनोरथ एवं क्लेशक बहुत सरल आ सहज शब्दमे यथार्थपरक चित्रण कएने छथि ।' (मिथिलाको संघर्षरत जीवनको परिप्रेक्ष्यमा मिथिलावासीको मनोरथ एवं क्लेशलाई बहुत सरल र सहज शब्दमा यथार्थपरक चित्रण गरेका छन् ।') विद्या मिश्रा (अध्यक्ष, राजदेवी सङ्गीत कलाकेन्द्र, राजविराज) ।

माटोलाई माया गर्ने, परम्परा र संस्कृतिप्रति मोह दर्शाउने, युवापिँढीलाई मार्गनिर्देश गर्ने, लैङ्गिक असमानताका कारणले नारी जगत्ले सामाना गर्नु परेका चुनौतिहरू देखाउने, सृष्टिको चक्र चलाउने मात्र हैन क्रान्तिको आगो ओकल्ने सामर्थ्य नारी वर्गमा रहेको आभाष दिलाउने, हाम्रो समुन्नत भविष्य बनाइदिन प्रयत्न गर्ने वीरसहिदहरूको त्याग आदि विषयहरूको विशद् चर्चा गर्ने जस्ता प्रयत्नहरू गीतकार देवकरणबाट भएको छ ।

अन्तमा रसिक स्वभावका गीतकार माझी व्यवहारमा लचकता, विचारमा दृढता, बोलाइमा शिष्टता, प्रस्तुतिमा नम्रता र चिन्तनमा वस्तुनिष्ठताले ओतप्रोत व्यक्ति हुन् । प्रतिभावान् कवि, गीतकार, गजलकार बन्न र क्षमतावान् पत्रकार हुन उनले सङ्घर्ष गर्नैपर्छ । देवकरण माझी भन्नासाथ गीत/गजल, लघुकथा लेख्ने साहित्यकार, गीतिक्यासेटमा सङ्गीत दिने, गीत लेख्ने र क्यासेटनिर्माता हुने सङ्गीतप्रेमी एवं त्रिवेणी व्यक्तिका रूपमा हेर्दा अतिशयोक्ति गरेको नठहर्ला ।

*गोलबजार, सिराहा*



# दिलु सिंहको 'बोर्डफस्ट सुम्निमा र अभिभावकको भूमिका' कृतिको सेरोफेरो

● नवराज रिजाल

निकै लामो समयसम्म नेपाल सरकारको सेवामा रहेर देशको सेवा गरेका दिलु सिंह नेपाली भाषा साहित्यका अनन्य सेवी हुन् । सरकारी सेवामा व्यस्त रहँदारहँदै पनि सिंहले नेपाली साहित्यमा योगदान पुऱ्याए । यो अत्यन्तै महत्वपूर्ण र सकारात्मक कदम हो । यो कार्यले सिंहको भाषा साहित्यप्रतिको लगाव प्रष्ट पार्छ । यति मात्र हैन भाषा साहित्यलाई सधैँ उच्च नजरले हेर्छन् भन्ने कुरा पनि पुष्टि हुन्छ । उनको यो कार्य अत्यन्तै सह्रानीय छ । यस किसिमको कार्यले उनी साहित्यलाई अति माया गर्छन् भन्ने पुष्टि हुन्छ ।

एउटा कर्मचारीले आफ्नो कामबाट समय नेपाली साहित्यको उत्थानका निम्ति काम गर्नु अत्यन्तै सकारात्मक पक्ष हो । यस्ता कार्यहरूले उनीहरूलाई अझ अगाडिको बाटो तय गर्न अभिप्रेरित गर्छ । कतिपय मानिस एउटा जिम्मेवारी सम्हालेपछि अर्कोतिर हेर्दैनन् तर साहित्यकार दिलु सिंह त्यो भन्दा विलकुल फरक बाटोमा छन् । अर्थात् उनी फुर्सदको समय भाषा साहित्य र समाज सेवाका क्षेत्रमा लगाउँछन् ।

यसैले त सिंहले आफ्नो जिम्मेवारी पूरा गर्दै अतिरिक्त समय निकालेर नेपाली भाषाको उत्थानका निम्ति निरन्तर काम गरिरहेका छन् । त्यही निरन्तरको सक्रियता र मेहनतका कारण उनका विभिन्न साहित्यिक कृतिहरू प्रकाशित भएका छन् । सिंहको यो काम अत्यन्तै सकारात्मक र महत्वपूर्ण छ । यसले नेपाली भाषा र साहित्यको विकासमा महत्वपूर्ण टेवा पुगेको छ । कुनै पनि साहित्यले मानिसलाई सकारात्मक दिशातिर मात्र मोड्दैन कर्तव्य र उत्तरदायित्व सम्झाएर अगाडिको बाटोमा सरल तरिकाले हिँड्न र गतिशील बन्न समेत सिकाउँछ । यसर्थ पनि देश विकासमा साहित्यको ठूलो योगदान रहने गर्छ ।

प्रस्तुत कृति 'बोर्डफस्ट सुम्निमा र अभिभावकको भूमिका' कथा, कविता, मुक्तक, उपन्यास, समीक्षा, गीत, गजल र निबन्धजस्ता विधाहरूको पुस्तक होइन । यो त बिलकुल प्रेरणात्मक पुस्तक हो । यस पुस्तकले मानवीय मन मस्तिष्कमा सकारात्मक सन्देश दिन्छ । हरहमेशा कर्ममा लागिरहन अभिप्रेरित गर्छ । कर्मको बाटो हिँडे

निश्चित गन्तव्यमा पुग्न सकिने सन्देश दिन्छ । कर्म गरे फल प्राप्त हुने विचारलाई बढावा दिएको छ । यसर्थ यही सोचतिर लाग्न प्रेरित गर्दै कर्मअनुसारको फल प्राप्त हुन्छ भन्ने सन्देश दिएको छ ।

यो संसारमा कर्म गर्नेहरू कहिल्यै पछि परेका छैनन् मात्र हैन भविष्यमा पनि ती पछि पर्ने छैनन् । ती सधैँ अगाडिको अगाडि नै हुन्छन् अर्थात् तिनीहरूलाई कोही कसैले पनि पछि पार्न सक्दैन । तिनीहरूलाई सफलताले पनि सधैँ चुमिरहेको हुन्छ । त्यसले तिनीहरूलाई हिँडिरहन र कहिल्यै नथाक्न हौस्याउने काम पनि गर्छ । पछि त ती परिरहेका छन् जो हिँडिरहेका छैनन् । यदि हिँडिरहेका नै भए पनि मन, वचन र कर्मले हिँडिरहेका छैनन् । यो कुरालाई आत्मसात् नगरी हिँड्न खोज्नेहरू कहिल्यै गन्तव्यमा पुग्न सक्दैनन् । यस पुस्तकले यतातिर सङ्केत गरेको छ ।

सफलताको खोजीमा एक वा दुई अथवा यो वा त्यो हैन सबैसबै लागेका हुन्छन् । अर्थात् यसका लागि मरि मेट्नेहरू कोको छन् तुरुन्तै लेखाजोखा वा नापतौल गर्न सकिँदैन किनकि यसको विपक्षमा कोही पनि हुँदैनन् । सबै पक्षमा हुन्छन् । पक्षमा हुने बित्तिकै पनि यसलाई सहज तरिकाले प्राप्त गर्न सकिदैँन । यसका लागि योजनाबद्ध किसिमले लाग्नु पर्छ । त्यसो सफलता प्राप्त गर्न सकिन्छ । प्रस्तुत पुस्तकको विषयवस्तु यही हो । विडम्बना के भने हामी सफलता त चाहन्छौँ तर त्यसका लागि आफूले गर्नुपर्ने कर्तव्य र उत्तरदायित्व पूर्ण रूपमा बिर्सने गर्छौँ र सम्झे पनि दायित्व निर्वाह गर्नेतर कहिल्यै ध्यान दिँदैनौँ । खासमा पछि पर्नुको कारण पनि त्यही हो ।

यो पुस्तक सबैका लागि उपयोगी हुँदाहुँदै पनि विद्यार्थी र अभिभावकका लागि सबैभन्दा उपयोगी छ । यसले सरल तरिकाले सफलता के हो र प्राप्त गर्न के कसो गर्नुपर्छ भनेर सिकाएको छ । सिकाइ कोरा सैद्धान्तिक नभएर प्रयोगात्मक छ । पुस्तकले आँटे धेरै काम कुरो सहज तरिकाले गर्न सकिन्छ तर त्यसका लागि योजनावद्ध ढङ्गले काम गर्नुपर्छ भन्ने सन्देश सबैका सामु छाडेको छ । अर्थात् यसले मन मस्तिष्कमा कौतूहलता र उत्सुकता जगाउन के कसरी काम गर्नुपर्छ भनेर सन्देश छाडेको छ । यसो पनि भन्न सकिन्छ प्रस्तुत पुस्तकको मूल काम मनमनमा अभिप्रेरणा जगाउनु र निरन्तर हिँड्न हौसला प्रदान गर्नु हो । तसर्थ त्यो उद्देश्यको प्राप्तीमा यो पुस्तक अत्यन्तै सफल देखिन्छ ।

सफलता सबैलाई मनपर्ने कुरा हो । संसारका कोही पनि यसको विपक्षमा देखिँदैनन् । यसलाई प्राप्त गर्न सबै मरिमेट्छन् । मरिहत्ते गरेर लाग्छन् । तथापि मरिमेट्ने बित्तिकै यसलाई प्राप्त गर्न सकिँदैन । अर्थात् सहज तरिकाबाट यो प्राप्त भएको इतिहास कतै पनि देख्न सकिँदैन ।

सफलता प्राप्तिका लागि कठीन मेहनत र कडा परिश्रमको आवश्यकता हुन्छ। सकारात्मक सोच र निरन्तर गति पनि चाहिन्छ। सहज र सरल दैनिकी पनि यसका लागि सहायक हुन्छ । जो जसले कठीन बाटो हिँडेर गन्तव्यमा पुग्ने अपेक्षा राखेका छन् ती अवश्य पनि लक्ष्यमा पुगेका छन् र सफलता चुमेका छन् विना परिश्रम सफलता खोजी गर्नेहरू जहाँको त्यहीँ छन् ।

संसारभर जहाँ पनि सफलता पाउनेहरूको सङ्ख्या ठूलो हुँदैन किनकि यसका लागि दिलो ज्यानले लाग्नेहरूको सङ्ख्या सानो छ । शक्ति, सामर्थ्य, बल र सामाजिकस्तरका भरमा यसलाई प्राप्त गर्न सकिँदैन। यसका लागि त्याग, तपस्या र समर्पणको ठूलो आवश्यकता पर्छ । निरन्तरता, गतिशीलता र भविष्यप्रतिको आशावादिता अनि समर्पण भावको पनि उत्तिकै दरकार पर्छ। यी कुराहरूमा लाग्नेहरू कहिल्यै पछि पर्दैनन्। हमेशा अगाडिको अगाडि नै हुन्छन् र सफलताले तिनीहरूलाई सधैँ पछ्याईरहेको हुन्छ।

सुम्निमा सिंह वि.सं २०५६ सालको एसएलसी परीक्षाकी सर्वोत्कृष्ट अर्थात् बोर्डफस्ट हुन् । सो सालको एसएलसी परीक्षामा ९२.४३ प्रतिशत अङ्क ल्याएर देशभरमा प्रथम श्रेणीमा प्रथम भएकी सुम्निमाले सो स्थान प्राप्त गर्न के, कसरी अध्ययन गरिन् र अभिभावकहरूको भूमिका कस्तो रहेको थियो भन्ने कुरालाई यस पुस्तकमा विस्तारपूर्वक बयान गरिएको छ।

परिश्रमले नै मानिसलाई अगाडि बढाउने हो । जसले परिश्रम गर्छ त्यो अगाडि बढ्छ र जसले परिश्रम गर्दैन त्यो कुनै पनि हालतमा अगाडि बढ्न सक्दैन । यहाँ लेखकले सफलताका कारक तत्व भनेर विद्यार्थीहरूले उच्च अङ्क प्राप्त गर्न के कस्तो वातावरण आवश्यक पर्छ भन्ने कुरा सङ्केत गरेका छन् । उनको विचारमा विद्यार्थीको सफलताका लागि उनीहरूको मेहनत र लगनशीलताले ६० प्रतिशत, विद्यालयको वातावरणले ९ प्रतिशत, घरको वातावरणले ९ प्रतिशत, गुरुवर्गको मेहनत र लगनशीलताले १० प्रतिशत, बाबुआमाको मेहनत र लगनशीलताले १० प्रतिशत तथा भाग्यले २ प्रतिशत काम गरेको हुन्छ।

निचोडमा के भन्न सकिन्छ भने सफलताको चुरोमा परिश्रम, मेहनत, लगनशीलता, सकारात्मक सोच तथा कामप्रतिको निष्ठा भावले काम गरेको हुन्छ। विना परिश्रम सफलताको सिँढी चढ्न सकिँदैन । यदि कसैले त्यस्तो कल्पना गर्छ भने केवल कल्पना मात्र हुन्छ। संसारमा जो जति सफल भएका छन् तिनलाई माथिका कुराहरूले नै सफल बनाएको हो । त्यसको पनि एउटा नियम र पद्धति हुन्छ त्यही पद्धति समाएर हिँड्नेहरू सफल हुन्छन् यस पुस्तकले दिन खोजेको सन्देश पनि यही हो ।

*स्वाभिमानबस्ती, बारा*



# वसन्त रिजालको व्युँझेपछि कविता कृतिमा जीवनबोध

● डा. पुष्करराज भट्ट

बसन्त रिजाल नेपाली कविता लेखनको क्षेत्रमा चार दशकदेखि सक्रिय प्रतिभा हुन् । उनको जन्म वि.सं. २०१७ असार २ गतेका दिन काठमाडौंको गोकर्णेश्वर नगरपालिका ५, जोरपाटीमा दुर्गादेवी एवं रामहरि रिजालका सुपुत्रका रूपमा भएको हो । रिजालको पहिलो कविता मुक्का पत्रिकामा वि.सं. २०३९ सालमा मान्छे भई बाँचिरहेको शीर्षकमा प्रकाशित भएको थियो ।

कवि वसन्त रिजालका कवितामा सामाजिक क्षेत्रका विकृत परिवेशको आलोचनाका साथै संगतिपूर्ण समाजको चाहना अभिव्यक्त भएको पाइन्छ । उनका कवितामा विकृत परिवेशलाई विभिन्न बिम्ब एवं प्रतीकका माध्यमबाट अभिव्यक्त गरिएको छ । यी कवितामा आलोचना मात्र छैन, समस्याको समाधानको मार्ग पनि पहिल्याइएको छ । गुटगत चिन्तनले समाजको स्वस्थ विकासमा असर पार्दछ । योग्यता, क्षमताभन्दा पनि निकटताका आधारमा व्यवहार गर्ने, गलत तत्वलाई काँधमा बोक्ने प्रवृत्तिले सामाजिक विकासमा अवरोध ल्याउँछ । कवि बसन्तका कवितामा गुटका नाममा गलत कार्य गर्ने कार्यको आलोचना गर्दछन् । उनका कवितामा कुरुप जीवन संस्कृति र जीवनविरोधी गलत क्रियाकलापको आलोचना पाइन्छ । यसै सन्दर्भमा हायहाय तन्त्र कविताको एक अंशलाई यहाँ प्रस्तुत गरिएको छ ः

*कालो अन्धकारलाई चम्किलो उज्यालो भन्नुपर्छ*
*निर्धालाई लगाई कानुन*
*तिनैमाथि शासन गर्नुपर्छ*
*हाम्रा इष्टदेवले साथ दिउञ्जेल*
*गुणगान तिनकै गाउनुपर्छ*
*तिनकै सेवा गर्ने हामी*
*जयजय बाबा काले*
*बाबा तिमी नै हाम्रो भाग्यविधाता*

(पृ. ७४)

यस अंशमा समाजमा गलत तत्वको बोलबाला बढेको, असत्य पक्ष हावी भएको, सत्यका पक्षधरले पनि असत्यको जयजयकार नगर्दा दुःख पाउनुपर्ने अवस्थाबोध गरिएको छ । उनका कवितामा समाजमा रहेको विकृत परिवेशप्रति आलोचनाका साथै व्यंगात्मक चेतना अभिव्यक्त । कवि बसन्त रिजालका विकृति विरोधी, सामाजिक रुपान्तरणका पक्षलाई उजागर गरिएका, सार्थक भावविचार अभिव्यक्त भएका कवितामा कैदी-५४, चिप्लिएका जिब्रोहरू, ध्रुवे भर्सेज रामबाबुहरू, बाँदर र घाउ, जनवाद, माग, हायहाय

तन्त्र, पानीमान्छे, वसन्त आउनेछ, कायरतापूर्ण बलिदान, चुस्नेहरूको सम्मेलनमा रहेका छन् ।

उनका कवितामा राजनीतिक क्षेत्रमा देखापरेका विसंगतिप्रति तिखो प्रहार मात्र छैन, युग परिवर्तनको आकांक्षा पनि छ । उनी राजनीतिक क्षेत्रमा देखापरेका असंगतिका कारण निराश छैनन् । उनका राजनीति विषयक कवितामा विगत अनि वर्तमानको विसंगतिको आलोचनाका साथै भविष्यप्रतिको आशावादिता समेत पाइन्छ ।कवि रिजाल राजनीतिले निर्माण गरेका जटिलताप्रति सजग मात्र छैनन्, जटिलतालाई सामना गर्नका निमित्त उच्च प्रखर दिशाबोध अभिव्यक्त गर्दछन् । यसर्थमा उनी प्रखर राजनीतिक चेतनाका कवि हुन् ।

कवि बसन्त रिजालको नायक कविताको अंश यहाँ प्रस्तुत गरिएको छ :

*गुटको नाइके बहुलाएपछि*
*नाइकेबाटै स्याल हुइयाँको शुरुवात हुन्छ*
*भन्छ एउटा; गर्छ एउटै*
*त्यही नाम हो गुट*
*एउटा हाँगाबाट अर्को हाँगा चहार्न सिपालु* (पृ. २४)

यस कवितांशमा राजनीतिक संगठन गुटका कारण ध्वस्त भएको, गुटका नाइकेले संगठनमा भाँडभैलो मच्चाएको र बिग्रहको खेती गरेको विचार व्यक्त भएको छ । कवि रिजालका राजनीतिक विषयसन्दर्भको उठान गरिएका कवितामा नायक, ए मान्छे, अधुरो काम, हार्दिक श्रद्धाञ्जली, मुर्दावाद, रगत, शिरको ताज आदि रहेका छन् ।

कवि बसन्त रिजाल उत्साहका भाव उराल्ने भविष्यद्रष्टा कवि हुन् । उनका कवितामा विसंगत जीवनको आलोचना मात्र हैनन्, इतिहास, वर्तमान अनि भविष्यको युगसचेत भाव व्यक्त भएको पाइन्छ । उनी सपना मात्र देख्दैनन्, ती सपनालाई यथार्थमा परिणत भएको देख्न चाहन्छन् । उनी विसंगत जीवनयथार्थबाट विचलित छैनन् । रिजालका कवितामा जीवनप्रतिको आशावाद प्रखर रूपमा आएको छ । कवि बसन्तका कवितामा सपनासँगै साहसको माग गरिएको छ । सपनालाई विपनामा परिणत गर्नका लागि महान उत्साह हुनुपर्ने भाव व्यक्त भएको छ । उनका कवितामा भविष्यप्रतिको आशावाद, असल जीवनको आकांक्षा, बलिदानप्रतिको सम्मान अनि प्रेरणा लिएको, युवा उत्साहको स्वागत, संघर्षशीलता आएका छन् । यसै सन्दर्भमा कवि बसन्त रिजालको उत्साह कवितालाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ :

*अल्पकालीन हैन; दीर्घकालीन सपना पुरा हुन*
*लामै समय लाग्न सक्छ*
*साहस र धैर्य मागिरहेछ सपनाले*
*तर, हाम्रो सपनालाई कसैले सल्काइरहेछ*
*कागजका टुक्रा बनाएर*
*ध्वारध्वारी च्यातिरहेछ* (पृ. २०)

यस कवितांशमा मानिसका सपना पुरा गर्न व्यक्ति स्वयं जिम्मेवार हुनुपर्ने भाव पाइन्छ । उनले दीर्घकालीन सपना पुरा गर्न साहस अनि धैर्यको आवश्यकता पर्ने बताएका छन् । उनले शासनसत्तामा भएका, शक्तिको केन्द्रमा भएकाले हाम्रा सपनामाथि

परेड खेलेको, सपनालाई सल्काएको, ध्वारध्वार च्यातेको सन्दर्भलाई उठान गरेका छन् । उनका सपना, जनवाद, उपहार-उपहास, कोठा : मेरो विश्व, नयाँ वर्ष, बसन्त आउनेछ, रङ, कवितामा यस किसिमको भावगत गहनता पाइन्छ ।

यी रचनामा असल काम गरेर सार्थक परिचय स्थापना गर्ने चाहना, प्रकृति जस्तै एकनास निरन्तर आफ्नो कर्मप्रतिको प्रतिबद्धता, न्यायप्रतिको आग्रह, इतिहासको सम्मान गरेर वर्तमानको असल कर्मका माध्यमबाट भविष्य सुन्दर बनाउने चाहना, स्वाभिमानबोध, हैकमवाद विरोधी चेतना पाइन्छ । उनका कवितामा विदेशी हैकम विरोधी चेतनाका साथै शक्ति राष्ट्रको हैकमबाट मुक्त भएर स्वतन्त्र र आत्मनिर्भर हुनुपर्ने भावविचार प्रक्षेपण भएको छ । कवि रिजालका यस किसिमका भाव भएका कवितामा हिमाल, स्थगन, सूर्य, अनर्थ, बलिदान, टीका र टोपी, लामखुट्टे, व्युँझेपछि रहेका छन् । रिजालका कवितामा सामन्ती शोषणको विरोध पाइन्छ । उनका कवितामा जनतालाई शोषण गर्नेहरू प्रति आक्रोश व्यक्त गरेको पाइन्छ । यसै सन्दर्भमा उनको आगमन कवितालाई यहाँ सन्दर्भ सहित प्रस्तुत गरिएको छ :

*वीरत्वको महत्व नबुझेर*
*निर्दोष मानवताको*
*हत्या गर्न गइरहेका छन् दुष्टहरू*
(पृ. १९)

यस अंशमा मानवताविरोधी संवेदनहीन सामन्ती मनोवृत्ति र क्रियाकलापलाई प्रस्तुत गरिएको छ। समाज सामन्ती शोषणका कारण गतिहीन भएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । कवितामा गलत पक्षको विरोध एवं असल कार्यप्रतिको समर्थन पाइन्छ । उनका कवितामा बा पुस्ताको निरंकुशताको विरोध पाइन्छ । कविले मानिसको जीवन एकनास हुनुपर्ने, क्षणिक प्रगतिका कारण अहंकार नहुनुपर्ने सन्देश दिएका छन् । उनकायस किसिमका कवितामा आगमन, आमा र बा, आग्रह मान्छेलाई रहेका छन् ।

कवि वसन्त रिजालका कवितामा मानवीय संवेदनाको अनुभूति पाइन्छ । उनका कवितामा साधनहीन, विपन्न नागरिकको जीवनप्रतिको संवेदना पाइन्छ । आर्थिक,सामाजिक एवं सांस्कृतिक रूपमा कमजोर नागरिकको जीवनप्रति संवेदनशील भाव बोकेको छ । उनका कवितामा निम्न वर्गका जनताको जीवनस्तर माथि उठनुपर्ने भाव व्यक्त भएको छ। रिजालका कवितामा समाजमा देखिएका विकृति, विसंगतिको विरोध, राजनीतिका नाममा हुने गरेका गलत कर्मप्रतिको आलोचनात्मकचेत, जीवनप्रतिको आशावादी स्वर, नेपाली हुनुको गौरवबोध, आत्मगौरव भाव, सामन्ती शोषणको विरोधपाइन्छ। उनमा आफ्नो राष्ट्रप्रति अगाध आस्था छ । यसर्थमा उनी नेपाली जनमनका कवि हुन् । नेपाली कविताका क्षेत्रमा चार दशक लामो साधनाले उनलाई कविता लेखनमा आफ्नो अलग्गै छुट्टै पहिचा दिलाउने कुरामा विश्वास राख्नैपर्छ ।

*धनगढी कैलाली,*
*हाल भाषा आयोग काठमाडौँ*



# रामकृष्ण आचार्यको आदिबिम्ब कथा सङ्ग्रहको परिक्रमा

● बद्रीप्रसाद ढकाल

युवा साहित्यकार रामकृष्ण आचार्य 'विशेष्य' युवा पुस्ताका कथाकार हुन् । उनको 'आदिबिम्ब' नामक कथासङ्ग्रहले नेपालका राउटेहरूको जीवनगाथालाई प्रस्तुत गरेको छ । कथासङ्ग्रहका कथाले अझै पनि मानिसको जंगली अवस्था रहेको मानव समाजको चित्रण गर्दै वर्तमान समयलाई ढुङ्गेयुगमा पुऱ्याएको छ ।

कथाका विषयवस्तु राउटेका जीवनसँग सम्बन्धित देखिन्छन् । नेपालका पश्चिमी क्षेत्रका जंगलमा बसोबास गर्ने राउटे हिजो, आज र भोलि पनि जङ्गललाई नै आफ्नो प्राणतत्व सम्झिँदै जीवन गुजार्न बाध्य छन् । राउटेहरूले किन जङ्गललाई आफ्नो सर्वस्व सम्झेका छन् ? जीवनको आदि र अन्त्य किन जङ्गललाई नै सुम्पन्छन् ? भन्ने तथ्यलाई कथाकारले खोज तथा अन्वेषण गरी राउटे जातिको जनजीवनका यथार्थतालाई प्रस्तुत गरी जनसमक्ष ल्याउने प्रयास गरेका छन् । राउटेका जीवनशैलीका विभिन्न आयाम उर्फ जीवनमा जन्मदेखि मृत्युसम्म गरिने कर्मकाण्ड, रीतिरिवाज, रहनसहन, लवाइखवाइ र जीवनका भोगाइलाई ज्यादै नजिकबाट नियालेर सत्यतथ्यलाई प्रस्तुत गर्न खोज्नु उनको आदिबिम्ब कथासङ्ग्रहको ध्येय पनि हो जसबाट कथामा मार्मिक, कारुणिक र जीवन्तता प्रदान गरिएको छ ।

आज पनि राउटेहरू सबै दृष्टिले आदिम कविला युगमै छन् । यिनै राउटेहरूको आदिम अवस्थादेखिको मानवशास्त्रीय अध्ययन र इतिहासभन्दा आजको लवाइ, खुवाइ, रहनसहन, जीवनशैली, वेशभूषा, विवाह, व्रतबन्ध, खानपान आदि संस्कार, संस्कृति र तिनका विश्वास मात्र होइन तिनीहरूको आर्थिक व्यवस्थापन एवम् त्यस क्रमका कविला मुखियाका आर्थिक शोषण, उत्पीडनका तथ्यहरू पनि आचार्यका कथामा आएका छन् । दैलेखको दुल्लु वरिपरि वडलम्जी, छड्ने, गल्लापानीको जङ्गल, सिल्खाना, रातीमाटा, नाउलाखोला, गडाजिउला, पाँचिला स्थानतिरको परिवेशका पारिवेशिक विम्बहरूको चित्रण आदि वर्णन स्थानीयता, स्थानीय रङ्ग, गन्ध उतार्दै त्यही सेरोफेरो र नजिकको जङ्गलका बसोबास गर्ने राउटेका समग्रताको अध्ययन यहाँ समाविष्ट कथाहरूमा पाउन सकिन्छ ।

कथाकार, अन्वेषक तथा लेखक रामकृष्ण आचार्य 'विशेष्य' को यो कथासङ्ग्रह 'आदिबिम्ब' यिनै राउटे

जातिसँग सम्बद्ध कथाहरूको सँगालो हो । प्रस्तुत कथासङ्ग्रहमा बीसवटा शीर्षक दिएर कथाकारले राउटे जातिका जीवनका विविध पक्षलाई उजागर गर्दै आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक र भाषिक पक्षलाई विशेष महत्व दिएका छन् ।

यस सङ्ग्रहभित्र राउटेको बिहे, मुखिनीको मृत्यु, अँध्यारो यात्रा, राउटे र, जङ्गली प्रेम, राउटे नाच, राउटे र डर, राउटेको मगनी, हाते मिटर, हृदयको आवाज, राउटे पूजा, विसंगत जीवन, बलात्कृत विधवा, राण्टे जागरण, अनौठा मान्छे अनौठा गुण, बासी समाचार, आदिमानव, निर्वस्त्र छाउ, सम्पादन र दर्शन र राउटे शीर्षकका कथाहरू समाविष्ट छन् । राउटेसँगको संवादको क्रममा नेपाली भाषाको प्रयोगमा उनीहरूको आफ्नैपन पाइन्छ । जस्तो'क्या हेर्न आयाका हुनन् ? आयाकाआयै छन्' आदि । आर्थिक रूपबाट नियाल्दा कुनै आर्थिक स्रोत नहुने, केवल काठका भाँडा बनाएर बेच्नु बाहेक र जाडो, गर्मी जहिले पनि शरीर अर्धनग्न अवस्थामा राख्नुपर्ने चाहे ती सुत्केरी हुन् वा बिरामी, रोबोटको युगमा ढुङ्गाले हानेर बाँदरको मासु खाएर जीविकोपार्जन गर्नुपर्ने अवस्थाको समेत चित्रण गरिएको छ ।

कथासङ्ग्रह भित्रको पहिलो कथा नै 'राउटेको बिहे' शीर्षकमा रहेको छ । जसभित्र केटी माग्न जाँदा केटाकेटीले एकअर्कोलाई मन पराएको हुनु नपर्ने, पुरानो नाता सम्बन्ध, मित्रताभन्दा पनि खसीको मासु, रक्सी, महजस्ता मीठामीठा कुरा कोसेली लगेर गएपछि केटी दिने कुरा पक्काजस्तै हुने राउटे समाजको परम्परा 'राउटेको मगनी' मा वर्णन गरिएको छ । राउटेको बिहे मा नाच्ने, मदिरा पिउने कुराको चर्चा छ, तर बिहेमा अन्य कर्मकाण्ड, विधिविधान के-कस्तो पूरा गरिन्छ त्यो पनि आउन सके नयाँ हुने देखिन्छ ।

त्यस्तै 'मुखिनीको मृत्यु' कथामा अधबैंसे मुखियाले बाह्र वर्षकी बालिकालाई बिहे गर्नु, छोरा नभए स्वर्गको ढोका बन्द हुन्छ भन्ने सोच हुनु र त्यसैका निमित्त चिन्तित हुनु र प्रयत्न गर्नु, मुखिनीले गर्भधारण गर्दा खुसी भएर छोरो होस् भनी मुखियाले भगवान्‌सँग प्रार्थना गर्नु तर छोरी जन्मिँदा मुखिया भित्रभित्रै कुँडिनु, त्यति मात्र होइन दोनो सन्तान पनि छोरी नै जन्मिँदा मुखिया रिसले आगो भई 'छोरीलाई घाँटी निमोठेर मारिदेऊ' भन्नु जस्ता पुरुषप्रधान पितृसत्तात्मक सोचले पुरातन सामन्ती संस्कार र परम्पराका कुनै पराजित भएर जङ्गल पसी जङ्गली भएका राजा, महाराजाका सन्तान हुन् भन्ने कुरालाई प्रस्तुत गर्न खोजिएको छ ।

यस्तै 'जङ्गली प्रेम' मा पनि प्रेम विवाह र विवाहपूर्वको शारीरिक सम्बन्ध प्रतिबन्धित भएको र त्यस्तो भएमा चारपाटा मुडे बस्ती घुमाउने परम्परा र बन्द संस्कारको चित्रण गरिएको छ । त्यसै गरी 'हाते मिटर' म जस्तो राउटेहरू कोसी, मदुस आदि वस्तु विनिमयबाट मुद्रा विनिमयमा उक्लिसकेको स्थितिको चित्रण छ । यति भए पनि हात र बित्ताले नाप्ने नेपाली समाजको पुरानो परम्परा आज पनि राउटेहरूमा यथावत्

रहेको कुरा कपडा नाप्दा हातले नै नाने अड्डी लिएको सन्दर्भबाट देखिन्छ । राउटको जीवनशैली वा परम्परामा बिहे गरिदिएपछि दुलहादुलहीलाई नयाँ छाप्रो बनाइदिने र पति मरेप विधवालाई बस्तीभन्दा उल्टो दिशातिर फर्केको छुट्टै छाप्रो बनाइदिने भिन्न परम्परालाई कथामा समेटिएको छ । त्यस्तै राउटे समाजमा नारीको दूरावस्था, महिला तथा समाजको अति पछौटेपन, परिवर्तन, प्रगति र नयाँपन नचाहने संस्कार, संस्कृति र परम्परा, बालविवाह, बाल प्रजनन, मृत्यु, राउटे समाजमा कन्याको अभाव, समाजको सामाजिक व्यवस्थापनलगायतका कुराको वर्णन गरिएको छ ।

'बलात्कृत विधवा' मा आफ्नी पत्नीबाट सन्तान नभएपछि 'मइर नामक' राउटेको मुख हेर नहुने भनी बस्तीभन्दा अर्कै दिशातर्फ दैलो फर्काइएकी विधवागमनको वर्णन यहाँ समेटिएको छ । यसैमा मइरद्वारा हुक्कामा तमाखु खाएको चित्रण पनि छ, जसले स्व. मइरले गाउँको कुनै सम्पन्न जिम्वाल, मुखियाको झझल्को पनि दिन्छ यति मात्र नभएर असिना अर्थात् झन्झावातले राउटेबस्ती आक्रान्त हुनु, आँधी हुरी र वर्षाले राउटेका राउटी उजाडिदिनु, बस्तीमा भेल पस्नु, बस्तीमा रुवाबासी मच्चिनु, सुत्केरी मुख्यानीका टाउकामा असिनाले हिर्काउनु, चिसो पानीले कठ्याङ्ग्रिएर उनको मृत्यु हुनु मुखियाले रुँदै खाल्डो खनेर लास गाड्नु र बस्तीको कुनै सदस्यको देहान्त हुने बित्तिकै राउटेहरूमा आगो लगाएर बसाइँ जाने परम्पराअनुसार सबै बस्ती जानुजस्ता घटना शृङ्खलायुक्त यो कथा महिला र बालबालिकाका पक्षमा नभएको राउटेको जीवनशैलीको यथार्थ चित्रण हो ।

प्राचीन आदिमानवकै अवस्थामा रहेका राउटेहरू हुक्का प्रयोग गर्छन् वा गर्न सक्दैनन् स्पष्ट छैन । राउटेहरूमा भाग्यवादप्रतिको विश्वास पनि छ । छाउपडी प्रथा छ । धनबहादुर राउटे पुत्र नभएर कुनै नवधनिक वर्गको बिग्रेको शहरिया गुण्डा पुत्र जस्तो पनि लाग्दछ । यस्ता पात्र राउटे समाजमा पनि जन्मनु नवीनताजस्तै लाग्ने भएको छ ।

नेपालको झारा टराइयुक्त अनुपयोगी सैद्धान्तिक शिक्षा तथा उच्च शिक्षणमा संलग्न आभिजात्य संस्कृतियुक्त शिक्षकको हेपाहा व्यवहार 'दर्शन र राउटे' कथामा प्रस्तुत गरिएको छ । समग्र कथामा सबाल्टर्न वर्ग राउटेका विविध प्रसङ्गको यथार्थलाई देखाइएको छ । समग्रमा नयाँ विषयवस्तुयुक्त यस कथासङ्ग्रहका कथालले नेपाली साहित्यको कथा विधामा नयाँ स्वाद प्रदान गरेका छन् । कथामा सबाल्टर्न वर्गको यथार्थको चित्रणद्वारा कथाकारले नेपालका राउटेका अवस्थालाई देखाउन खोजका देखिन्छन् । यसरी आदिबिम्ब कथासङ्ग्रहमा समाविष्ट कथाका माध्यमबाट राउटेसँग सम्बद्ध मानवशास्त्रीय अध्ययन, खोज अन्वेषण हुनेछ र राज्यले तिनीहरूप्रतिको उत्तरदायीत्व पूरा गराउने छ भन्ने आशा राख्न सकिन्छ । निष्कर्षमा यस कथासङ्ग्रहका अत्यन्त रोचक, मर्मस्पर्शी र यथार्थपरक छ । कथाहरू पठनीय रहेका छन् ।

*चन्द्रागिरि-०२, काठमाडौं*



# प्रगतिवादी चिन्तन धारका आख्यान पुरुष विजय चालिसे

● **बाबुराम लम्साल**

विजय चालिसे नेपाली कथा विधाका एक मूर्धन्य प्रतिभा हुन् । उनको नेपाली कथा लेखनको सुरुआत वि.सं. २०३० मा 'आँसुमा रुझेको जीवन'बाट प्रारम्भ भएको देखिन्छ । खासगरी साहित्यिक पत्रकारिताका क्षेत्रबाट भाषासेवीका रूपमा उदाएका चालिसे एक स्थापित साहित्यि स्रष्टा हुन् । सयौँ कथाका सर्जक चालिसेका दर्जनौँ कृतिहरू प्रकाशित भइसकेका छन् । उनी विशेष गरी बालसाहित्यका क्षेत्रमा एक मेरुदण्ड नै हुन् । यसका अलावा अझ प्रौढ साहित्यले उनलाई शिखरमा पुऱ्याएको कुरामा द्विविधा छैन । विशेष गरी प्रगतिवादी चिन्तक, यथार्थवादका पक्षपोषक, प्रजातान्त्रिक आन्दोलनका शीर्ष व्यक्ति, शान्तिपूर्ण आन्दोलनका हिमायती, हिंसात्मक राजनीति गर्नेका विरोधी, लैङ्गिक विभेद, जातीय विभेद र अन्याय अत्याचार गर्नेका लागि दावानल लिने अग्रणी स्रष्टाका रूपमा चालिसेलाई देख्न सकिन्छ ।

चालिसेका आधा दर्जन कथासङ्ग्रहमध्ये 'विजय चालिसेका छानिएका कथा' (२०८०) पछिल्लो कृति हो । प्रस्तुत कृतिमा जम्मा ४३ ओटा कथाहरू छन् । सामाजिक, सांस्कृतिक र धार्मिक विचलनले निम्त्याएका विद्रुपतालाई कथाका माध्यमबाट सचेत गराउँदै नैतिकताका पाठ पढाएका छन् । चालिसेका कथाले समाजमा देखापरेका विकृति विसगङ्तिप्रति निर्मम प्रहार गरेको छ । देशको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रियता एकतालाई दख्खल पुऱ्याउने हर्कत गर्ने जो कोही देशद्रोही हुन् । त्यस्ता मानसिकता बोकेर हिँड्नेहरू आज राजनीतिको खोल ओढी जनतालाई गुमराह पार्दै स्वार्थलिप्सामा चुर्लम्म डुबिरहेको प्रतीत हुन्छ । यसले देशको अस्मितालाई नै जोखिममा पारेको छ । देशी-विदेशी क्रिया-प्रतिक्रियावादी, साम्राज्यवादी, विस्तारवादीले जरो गाड्दै गइरहेका छन् । यी र यस्तै सोच राख्ने दुराचारीहरूप्रति कथाकार उछितो काडेका छन् ।

पञ्चायत कालदेखिका मुख्य कथाहरू यस कृतिमा समावेश भएकाले पनि उक्त समयलाई आधार मानेर कथालाई हेर्नुपर्ने हुन्छ । युद्ध मोर्चामा रहेर देशमा मडारिरहेको कालो बादललाई निमिट्यान्न पार्न उद्यत रहेका वीरयोद्धा देशका सच्चा पहरेदार हुन् । देशभक्तलाई छिन्नभिन्न पार्न हरतरहले निरङ्कुशतावादीहरू नलागेका होइनन् । सबै स्वार्थ त्यागेर राष्टलाई सर्वोपरि

ठान्ने प्रजातन्त्रवादीहरू देशका असल सिपाहीहरू हुन् । यौवनावस्थामा सर्वस्व त्यागेर मुलुकको स्वतन्त्रताका लागि ज्यान दिएका छन् । ती मरेर पनि बाँचिरहेका छन् । माटोमा तिनै योद्धाहरूको सुवास छाइरहने छ र जनताको चाहना पूरा हुने छ। ... छोरो मर्दैन, यी राक्षसहरूले मार्न सक्दैनन् यसलाई । ... जुलुसको अग्रभागमा मृत छोरालाई काखीमा च्यापेर राक्षस दमन गर्न निस्केकी महाकाली झैं निःशस्त्र अघि बढ्छे । ... जुलुसका सहभागीमा उत्साह थपिन्छ (पृ, ५१)

देशमा प्रजातन्त्र आए पनि आम नागरिकले त्यसको आभास पाइरहेका थिएनन् । मानिसहरूमा आएको उत्साह क्रमशः निरुत्साहमा परिणत भएको थियो । पचासको दशकमा सुरु भएको सशस्त्र द्वन्द्वले नागरिकहरू असुरक्षित बन्दै गइरहेका थिए । महिला बालबालिकाहरू अझ यसको शिकार बन्दै गएका थिए । युवाजनशक्ति क्रमशः पलायनको अवस्थामा थिए तर परिवर्तनको नाममा हिंसाले स्थान लिइरहेको थियो । महिलाहरूले आफ्नो अस्मिता जोगाउन ठूलो संघर्ष गर्नुपरेको थियो । युद्धरत पक्ष र सरकार पक्षका बिचको दुस्मनीले महिलाहरू आहात भइरहेका थिए । त्राहीत्राही बन्दै रात कटाउनुबाहेक अर्को विकल्प थिएन तर पनि संघर्षको मैदानमा अस्तित्वको लडाइ लडिनै रहे । ... आज त उसले आफ्नो अस्मिताको रक्षा गरी, तर भोलि ... अरूको इच्छामा आफूलाई रोटीजस्तै बाँडेर बस्दिनँ ... (पृः७९) । मानवीय संवेदना मरिरहेकाले कतिपय अवस्थामा निर्धा निमुखाको बिचल्ली भइरहेको छ । सामन्तहरूले कमलरीका नाममा अत्याचार गरिरहेको अवस्थामा उनीहरू अस्तित्वको लडाइमा अग्रमोर्चामा अगाडि बढिरहेका छन् । साहुमहाजनका विरुद्ध लड्न बाध्य भएका छन् । छोरीहरूलाई कमलरी बनाएर अर्काको घरमा नोकर बनाउन थोरै पैसामा दिन बाध्य छन् । ठालुका आँखामा डामिन बाध्य ती चेलीहरूको अवस्था कारुणिक छ । यी सब गरिबीका कारणले निम्त्याएको दर्दनाक क्षण हो । अब यसका विरुद्ध जाग्नुपर्छ र छोरीहरू जोगाउनुतिर लाग्नुपर्छ भन्ने प्रगतिवादी स्वर कथाका माध्यमबाट व्यक्त भएको छ । ...अब म अर्की छोरीलाई पनि घर छुटाएर पठाउन्न ... तिमी जाऊ... विदेसियाका आँखामा आँसुको अर्को बाढी ल्याउन चाहन्न (पृः१३३) । मानवताको खडेरीले हुर्किएका छोरीहरू जोगाउन हम्मेहम्मे परिहेको अवस्थामा आफ्नो अस्तित्वको लडाइ लड्ने प्रण बाबुआमाले गर्न थालेका छन् । वर्गीय उन्मूलनको शंखनाद भए पनि उत्पीडितहरूको अवस्था उस्तै छ तर स्वको भावनालाई अब मर्न भने दिनुहुँदैन ।

समय बलवान् छ । महिलाहरू पनि आफ्नो अस्तित्वको लडाइमा छन् । हिजोको जस्तो दयनीय अवस्था आज क्रमशः हट्दै गइरहेको छ । महिलामाथि हुने व्यभिचारमा परिवर्तन भएको छ । कानुनीको परिपालना गर्ने हो भने नारीहरूमाथि कसैले गिद्धे दृष्टि लगाउन सक्दैन । त्यसैले आजका नारीहरूलाई हिजो दृष्टिकोणले हेर्नु हुँदैन । नारीहरू सक्षम बन्दै गइरहेका

छन् । वासनात्मक, रागात्मक र भोगवादी सोचदेखि महिलाहरू सचेत बन्दै गइरहेका छन् । त्यसैले सक्छौ आऊ जीवनको लडाइमा सामेल हौ नत्र भोग्या र रतिरागले मात्रै नारीलाई नहेरौँ भन्ने धारणा अभिव्यक्त हुन थालेको छ । ... के लुकेर हेर्छौ ? हिम्मत छ भने आऊ बिहे गरौँ (पृः२३९) ।

हिजोका सामन्तले आज पनि उत्तिकै दुःख दिइरहेका छन् । धनी अझ धनी बन्दै छन् भने गरिब झनझन गरिब बन्दै गइरहेका छन् । प्रजातन्त्र ल्याउन सहादत प्राप्त गर्ने परिवारका सदस्य उपेक्षित बन्दै गइरहेका छन् । कतिपय व्यक्तिहरू चप्पल लगाउन सक्ने हैसियतका थिएनन्  तर आज तिनीहरू ठूल्ठूला तारे होटलहरूमा डिनर खान जाने औकात राखिरहेका छन् । हिजोका परिवर्तनकारी आज सामन्त बनेर जनताको रगत चुसिरहेका छन् । गरिबको चुलोमा आगो बल्ने अवस्था बनिरहेको छैन । व्यवस्था फेरिए पनि दीनहीनको अवस्था फेरिएको छैन । ...मकै भट्‌मासमा अमृतको स्वाद भेट्‌ने उनी ... लन्च खान सोल्टी धाउने आजको हैसियत... प्रहरीको क्रूर पञ्जाबाट जोगाउने ती दीनहीन अनुहारहरूलाई तलै छाडेर कति पड्‌को मारिसकेका छन् उनले (पृ, ९३) ।

चालिसेका उत्तरवर्ती चरणका कथाहरूमा शासकहरूको विद्रुपताको चित्रण पाइन्छ । विभिन्न विम्ब प्रतीकहरूका माध्यमबाट देशको अस्मितालाई थाँती राखी सत्तालिप्साले निम्त्याएको नाङ्गो नाचले नेपालीहरूको स्वाभिमानमा ठेस लागेको छ । आज कुर्सीका लागि लिगलिगकोटे दौड जारी रहेको छ । कालो धनलाई सेतो बनाउने, क्रूरतालाई ढाकछोप गर्न यस्ता कर्तुत गरिएका हुन् । निषेधको राजनीति हावी भइरहेको छ । सकेजति लुटिरहेका छन् । देशको अस्तिर राजनीति र सत्तालिप्साका कारण युवाजनशक्ति विदेसिएका छन् । सत्ताको भोकले देशको अस्मितालाई दाउमा राखिएको छ । आज कालोबजारी र तस्करहरूको रजगज छ । जंगली राज सहरमा प्रवेश भइरहेको छ । साम्रज्यवादी विस्तारवादी भन्दै कुर्लनेहरू आज काँध मिलाउन पुगिरहेका छन् । आज तिनैको हालीमुहाली देखिन्छ । स्वार्थले गर्दा आज तिनै मित्र बनिरहेका छन् । ... पुतलीको प्युपाबाट झुसिलकिराको रूपान्तरण ... हिजोको वग शत्रु आजको निकटतम सहयोगी ... हिजो साम्राज्यवादी र विस्तारवादी भनिएकाहरूसँग गाला जोडेर अंकमाल साटिए (पृः१७८) ।

विजय चालिसेका कथा सरल, सरस र सहज छन् । सुगठित भाषाशैलीको प्रयोगले कथा रोचक र घोचक बन्न पुगेको छ । अखबारीय लेखनको पुट यदाकदा कथामा पाइनु चालिसेको विशेषता नै भन्नुपर्छ । विचारमा गाम्भीय, भावमा हृदयस्पर्शीता र अभिव्यक्तिमा स्पष्टता चालिसेका कथाको मेरुदण्ड हुन । यसैले पनि पञ्चायतकालदेखि गणतन्त्रकालसम्मका प्रतिनिधिमूलक कथाले वैचारिकता र वास्तविकतालाई छर्लङ्ग पार्न सफल भएको छ ।

*किहुँ, तनहु*



# कि लाउँला मैले जुग जाने मया कि

● डा. मधुसूदन गिरी

पूर्व र पश्चिमको हिजो र आजको जीवनदृष्टि अनि जीवनलाई, परिवार र समाजलाई बाँध्ने तन्तु यही हो सायद कि लाउँला मैले जुग जाने मया हाऽऽ कि लाउँदै लावैन । पश्चिमाहरू त एक छिनका लागि माया लाउँछन्, एक दिनका लागि लाउँछन्, एक वर्षका लागि... ।

हामी त जन्मजन्मान्तर (अर्को जन्ममा विश्वास गर्नेहरू) सके सात जन्म नसके यसै जन्मभरि सुखदुःख जस्तोसुकै परिस्थितिमा पनि साथ दिन सकियोस् भनेर अग्निका वरिपरि फेरो हाल्छौ वाचाबन्धन गर्छौं र दाम्पत्यजीवन आरम्भ गर्छौं । तर आज हाम्रा सोच, संस्कार, जीवन, जीवनशैली आदि कुरामा झण्डै आकाश र जमिनकै भिन्नता देखिन्छ ।

दाम्पत्य जीवनको दीर्घतम् सम्बन्धको यस तन्तुले आर्यलाई मात्र होइन अर्को महाजाति हाम्रो मङ्गोललाई पनि त्यत्तिकै बलियोसँग बाँधेको छ । गोमविक्रमको 'मगर संस्कृति परम्परा र गरिमा' नामक हालै भुँडीपुराण प्रकाशनबाट प्रकाशित पुस्तकमा सङ्कलित मूलतः मगर समुदायमै प्रचलित प्रसिद्ध सुनिमाया लयको यो लोकगीतले यही कुरालाई पुष्टि गर्दछ ।

पहिचानको खोजीको यस युगमा गोमविक्रम उर्फ गेमबहादुर क्षेत्रको मगर जातिको परिचय, मगर शब्दको व्युत्पत्ति, मगर राज्य र मगरात क्षेत्र, मगर जातिका सङ्ख्या थर, उपथर, मगर भाषाका स्थाननाम, मगर जातिका संस्कार र प्रथा, चाडपर्व, पूजा, दिवस, गीत, नाच, धर्म, संस्कृति, साहित्य, खानपान, कला, बाजा आदिका साथै लखन थापादेखि महावीर पुनसम्मका प्रमुख व्यक्तिको परिचयसहित तयार गरिएको छ ।

यसो भनिरहँदा मेरा स्मृतिपटलमा गोमबहादुर र भूमिका लेखकले नाम लिएका लखन थापा (द्वितीय) देखिएका महावीर पुनः हुँदै आजसम्मका थुप्रै नामहरू आए । लेखन क्षेत्रका जीतबहादुर सिँजाली, हर्षबहादुर बुढामगर बमकुमारी बुढा, बुँद राना, मित्रसेन थापा, प्रतिभा पुन, डा. टीकाराम उदासी, डा. दुर्गाबहादुर घर्ती र गायक जेबी टुहुरे आदिलाई सम्झौँ । त्यति मात्र होइन युद्धमा वीरताको कीर्तिमान बनाउनेमा पनि यो जातिको नाम अग्रस्थानमा छ ।

सम्भवतः आर्यादि ककेसियनहरू ककेससबाट विश्वभर छचरिन आरम्भ गरेको समयकै छेउछाउ इ.पू. ६००० तिर भूमध्य सागरीय क्षेत्रतिर देखापरेका भनिएका मङ्गोलको एक भेद मगरहरू त्यसभन्दा धेरै पहिले नै सभ्य भइसकेका भनिए पनि ती सायद आजका १६५० जति थरमा विभक्त स्पष्ट पहिचानयुक्त मगरका रूपमा थिएनन् । सम्भवतः ती त्यो आदिम महाजति मङ्गोलका विभिन्न रूप वा भेदमा विभक्त हुँदै गर्दाका आदि रूप थिए । यस सम्बन्ध मानवशास्त्रका अन्वेषकहरूले केही प्रमाण जुठाउन वा जुटाएका हुन सक्छन् ।

गोमविक्रमको यस पुस्तकमा भने आजका आधुनिक मगर विषयक अध्ययन नै छ । इ.पू. ६००० तिरको भनिएको मङ्गोलका हिन्द महासगार, पञ्जाव, नैनीताल, गढवाल हुँदै पश्चिमतिरबाट नेपाल प्रवेश गरिएका मुनाइङमाका सन्तान र चीन, बर्मा आसाम आदितर्फ लागेका भनिएका घोवोइङमाका सन्तान वा मुस्ताङतिरबाट प्रवेश गरेका भनिएका दोवोइङमाका सन्तान लगायत मङ्गोलका... छोराका सन्तान र तिनका संस्कृति, परम्परा, रहनसहनबीच के भिन्नता छ ती सबको तुलनात्मक अध्ययन गर्नु त्यति सजिलो छैन । यस पुस्तकमा रिडीपूर्व र रिडीयश्चिमका बाह्र र अठार मगर र अझ मगरातका मगर जातिका सभ्यता र संस्कृतिको परिचय प्रस्तुत गरिएको छ । यस क्रममा मगर जातिका चाडपर्व, पूजाको परम्पराका साथै मगर समाजमा प्रचलित कौडा, घाटु, गोपीनाच, छाप्रे, टप्पा, पैसेरी, जिवैमामा, भ्रमाभ्रमी, तरबारे, थाली र पुतली, नचारु, मयूर आदि गीत, सङ्गीत र नृत्य तथा ठाडी भाका, यानीमया, सुनीमया आदि लयका लोक गीतहरूका केही नमूनांश र तिनको चर्चा यस पुस्तकमा गरिएको छ । साथै सिँगारु र सोरठीका कथा, गाथा र गीतका नमूना पनि प्रस्तुत गरिएका छन् । मगर, गुरुङ संस्कृतिका यस्ता गीत-सङ्गीत र गाथाका पाठ जति प्रभावोत्पादक हुन्छन् त्यसभन्दा कैयौँ गुणा प्रभावोत्पादकतिरका ध्वनि, लय, ताल, सुर, गायन अथवा सङ्गीत अर्थात् सम्पादन एवम् वेशभूषा, गहन आदि हुन्छन् । तीमध्ये टप्पाको आञ्चलिक रङ्ग-गन्धयुक्त एउटा अंश यस्तो छ :

हे है मासु मिठो कालिजैको हा हा झोल मिठो तित्रैको

हे है साइको दर्द म के जानुँ ? हा है कलेजीभित्रैको

यी गीतहरू र यसका लयहरू यो मुखण्डमा कहाँ कहाँका मगरहरूमा के कस्तो पाठान्तर, लयान्तर, सङ्गीतान्तर र सम्पादनान्तरसहित प्रस्तुत हुन्छन् त्यहाँसम्म पुग्नु त निकै ठूलो साधनाको विषय हो, यहीको लयको सङ्गीत र लयको आरोह-अवरोहको र नोटेसन (साङ्गीत लिपि) पनि सुरक्षित गर्न सके धेरै ठूलो उपलब्धि हुने थियो ।

सेन वंशावलीमा उल्लिखित प्राचीन कालमा काश्मीरदेखि ब्रह्मासम्मै फैलिएका भनिइने नागहरू पनि मगर नै हुन् भन्ने मत पनि पाइन्छ । सांस्कृतिक

मानवशास्त्रीय दृष्टिले हेर्दा नाग जातिको संस्कृतिका अवशेष आज हिन्दू समाजमा पनि पाइन्छन् । आज पनि हामी नाग पञ्चमीमा नाग जातिको गणचिह्न भनिने सर्प र अझ नागजातिका गणमूली, मुखिया अष्ट, पद्म कर्कोटक, शेष आदिको पूजा गर्दछौँ । हाम्रा मन्दिरका टुँडाल टुँडाल र चित्रहरूमा सर्पका चित्र र मूर्ति पाइन्छन् । काठमाडौँमा त नागदह छ, त्यसका बीचमा नागको मूर्ति छ, टौदह छ, पूरै काठमाडौँको नामै नागदह रहेको इतिहास छ । यति भए पनि आजका हाम्रा मगरहरूमा सर्प अर्थात् नाग पूजाको परम्परा नपाइनुले प्रस्तुत भनाइ सत्य नै हो भन्न सकिन्न हिन्दुहरूमा गोत्रका आधारमा मूल खोज्ने परम्परा छ । आजको जीवकोष (डीएनए) परीक्षणको परम्परा पनि प्रचलनमा छैन ।

यस पुस्तकमा भग्वरका गह्रौंकोट, भीरकोट, सतौँकोट र नुवाकोट चार चौबीसे राज्य र मर्स्याङ्दी पश्चिमका १२ वटा थुम राज्यको सङ्केत पनि छ र खस राज्यको पतनपश्चात् खस साम्राज्यका सामन्तका रूपमा रहेका मगरहरूले खस, सेन र शाह थर धारण गरी स-साना अलग राज्यमा शासन गरेको चर्चा पनि छ ।

यस भनाइले नारायणहिटीका शाह अर्थात् पूर्व राजा र तिनका सन्तान चित्तौडका खान्चा खान र मिचा खानका सन्तान नभएर स्याङ्जा, ह्याङ्जा, सिँजाजस्तै शब्दान्तमा जा जोडिने परम्परा अर्थात् विशेषता अनुरूप खान्जा, मिजाका सन्तान हुन्, तिनका कुलदेवताको पुजारी पनि मगर नै भएको र कुलदेवतालाई सुँगुरको रगतको धार चढाउनु तथा स्वयं पृथ्वीनारायण शाहले पनि आफूलाई बाह्र मगरातको यी प्रस्तुत भनाइ सत्य नै हो भन्न सकिन्न । हिन्दूहरूमा गोत्रका आधारमा मूल खोज्ने परम्परा छ भनेबाट मगर हुन् भन्ने मतले बल पाउँछ ।

यी दुई मतका अतिरिक्त तेस्रो सम्भावना के पनि हुन सक्ने देखिन्छ भने उत्तरमध्यकालीन चौबीसेमध्येका केही राजाहरू केही इतिहासकारले भनेजस्तै मुस्लिम आक्रमणले भागेर आएका पनि हुनु सम्भव छ। जसमध्येका पृथ्वीनारायण शाहका पुर्खाको मगरात क्षेत्रमा आएर शासन गर्दा मगर पूजारी बनाएर मगर सभ्यता र संस्कृति ग्रहण गरी अनुकूलन प्राप्त गरेका पनि हुन् सक्छ । यसै गरी हिन्दू सोह्र संस्कारजस्तै मगरका जन्मदेखि मृत्युसमम्का थुप्रै संस्कार कर्मको परिचय यसमा छ जो प्रायः हिन्दू संस्कार र संस्कृतिसँग मिल्दछन् । मात्र मगरहरूको संस्कार परम्परा मृत्युको १२ औं दिनमा मासु खाने परम्परा जुन हिन्दुकोमा पनि उच्चवर्गीय शाह आदि केही ठकुरी गैंडाको खागले तर्पण दिने आदि परम्परासँग नजिक रहेको देखिन्छ ।

समग्रमा मगर जाति, सभ्यता र संस्कृतिको राम्रो अध्ययन प्रस्तुत गरिएको यस पुस्तकमा मगर जातिको यानीमया लयको एउटा मार्मिक लोकगीत हाऽऽऽ सत्य युगको खस्के ढुंगा यानीमाया कलियुगको सलाइ हाऽऽऽ



# कपिल लामिछानेको अणिमाका अणुहरू कृतिभित्र पस्दा

● रमेश समर्थन

'अणिमा' प्रा.डा. कपिलदेव लामिछानेको पाँचौं लघुकथासङ्ग्रह हो। यसअघि उनका अन्य लघुकथाकृति अन्यथा (२०५४), जलमानव (२०६०), बोन्साई (२०६८) र विस्थापन (२०७५)प्रकाशित छन् ।

प्रा.डा. कपिल लामिछाने (२०१५) कास्की जिल्लामा जन्मेका हुनूर हाल उनको भैरहवामा स्थायी बसोबास छ । भैरहवा बहुमुखी क्याम्पसका क्याम्पसप्रमुख पनि रहेका लामिछाने त्रिभुवन विश्वविद्यालयका सेवाविवृत प्राध्यापक हुन्। लामिछानेको साहित्यिक व्यक्तित्व सर्जक, समीक्षक, समालोचक, शोधक, सम्पादक र संस्थापकका रूपमा समेत पाइन्छ ।

'लघु आकारको छ जुनकथा' त्यो लघुकथा हो । यो सामान्यार्थ मात्र हो तर लघुकथा त्यो शक्तिशाली आख्यान हो जुन आकारमा लघु भएर पनि ठुलो सन्देश दिन्छ, 'देखन में छोटो लगे घाव करे गम्भीर' यस्तै क्षमतालाई भनिएको हो । लघुकथा यस्तो रचनाहो जसमा लेखकलाई परिवेश चित्रणका निम्ति अवकाश रहँदैन । यो त तीव्र गतिको पौडी प्रतियोगिताजस्तै हो । जसमा खेलाडी इवाम्म पानीमा हामफाल्छ, बाहिर टाउको ननिकाली निरन्तर हातखुट्टा चलाइरहन्छ र लक्ष्यमापुगेर मात्र रोकिन्छ ।

कपिल लामिछाने स्वयम् द्रष्टा पनि भएकाले यस कुरामा पूर्ण सचेत छन् । त्यसैले यसभित्रका लघुकथाहरू पनि एक सयको हाराहारीबाट चार सयभित्रकै हाराहारीमा शब्दभएका छन् र कथ्यमा कतै पनि अलमलवा ढिलासुस्ती पाइँदैन । हो, कौतूहलभने कथाको अन्तिमवाक्यसम्म नै कायम रहन्छ। यो नै लघुकथाको मूलभूत विशेषता हो ।

समीक्ष्य कृतिभित्र जम्मा ६४वटा लघुकथा छन् । यीमध्ये चौथो, पाँचौं, सातौं, आठौं, नवौं, दशौं, चौधौं, पन्ध्रौं, सोह्रौं, सत्रौं, एक्काइसौं, पच्चिसौं, छब्बिसौं, अट्ठाइसौं, बत्तिसौं, चौंतिसौं, पैंतिसौं, सैंतिसौं, अठ्तिसौं, चालिसौं, बयालिसौं, त्रिचालिसौं, छयालिसौं, सतचालिसौं, अठ्चालिसौं, एकाउन्नौं, त्रिपन्नौं, चौवन्नौं र त्रिसट्ठिऔं गरी जम्मा उनान्तिस लघुकथाहरूले आंशिक रूपमा दोस्रो पृष्ठसम्म विस्तार पाएका छन् भने अन्यले एकै पृष्ठको संरचनामा समेटिएका छन् ।

यस कृतिको प्रथम आलोच्य पक्ष के छ भने सूचीमा दिइएका कथाको पृष्ठ र भित्रको पृष्ठमा तालमेल छैन । यथा सूचीमानवौं पृष्ठमा देखाइएको

पहिलो लघुकथा नै भित्र एघारौं पृष्ठमा छ। एउटाको गडबडी भएपछि अन्यको पनिहुने नै भयो। यो गडबडी कथाभन्दा पहिलेका पृष्ठहरूमा पृष्ठसङ्केत नगरेका कारण भएको स्पष्ट हुन्छ । सामान्यतया पहिलो खण्डलाई क, ख, ग, घ आदिबाट पनि सङ्केत गर्न सकिन्थ्यो तर यहाँ चुक भएको आभास हुन्छ।

वस्तु जति सूक्ष्म हुन्छ त्यसको आन्तरिक शक्तित्यति ठुलो हुन्छ । त्यसैले त अणुभन्दा परमाणु शक्तिशाली मानिन्छ । कथ्यमा पनि लघुकथामा आणविक शक्ति हुनुपर्दछ भन्ने मान्यतालाई ह्याकुलामा राखेर नै लघुकथाकारले कृतिको नामकरण ' अणिमा' गरेको बुझ्न सकिन्छ। यो 'अणु' शब्दमा 'इमा' प्रत्यय गरेर बनेको शब्द हो गरिमा, लघिमा, गरिमा, महिमाजस्तै। यसमा कथालाई अणुशक्तिका रूपमा प्रयोग गरिएको हुनाले यसको नाम ' अणिमा' जुरेको हुनुपर्दछ।

यस कृतिमा एउटा शीर्षकका दुईवटा कथाहरूको दुई र तीन आवृत्ति भएको छ तर भित्रको सामग्री भने भिन्न छ । तीहुन् 'वृत्ति' १,२ र 'राहत' १,२,३ । 'आरक्षण' र 'संरक्षण' ले पनि झुक्याउन सक्छन् तर ती नितान्त पृथक् छन् । 'लक डाउन', कोरोनाकी माई' र कोरोना बेड' सँगै ' भाइरस' देख्दा एउटै विषय लाग्लान् तर 'भाइरस' कम्प्युटरसित सम्बन्धित छ । कथाकारले शीर्षकका रूपमा पनि एउटा बौद्धिक क्रीडा गरेको प्रतीत हुन्छ । 'राहत' शीर्षकका तीन लघुकथा कोरोनाकालसित सम्बन्धित छन् । प्रत्येकको कथ्यमा अन्तर छ । पहिलोमा व्यक्ति स्वावलम्बी र स्वाभिमानी छ जो सित्तैंमा केही लिन चाहन्नँ । दोस्रो त्यस्तो नीच पात्रको कथाहो जसको रासनको पसल छ तर सित्तैंमा पाइने राहत लिन लाइनमा लागेको बेलामा पसलमा आगलागी हुन्छ र त्यसको पनि राहत चाहन्छ । तेस्रो झन् मापाको छ जो भान्सामा अन्नको गेडो छैन भनेर राहत माग्छ र त्यही पसलमा राखेर बेच्छ। यीदुई कटु सत्य हुन् जुन कोरोनाको समयमा आमरूपमा देखिएका र सुनिएका थिए।

तीन साथी, घर, घाट र मान्छे, आरक्षण, संरक्षण, वृत्ति १ र २, फूलवाली, सहकार्य, आहा पहाड, हुर्केको रुख, आसिक, सहिदपार्क, छलाङ, सपिङ, पाउपाउ, लापर्बाही, फाँसी, दाता, मर्निङ वाक, परिवर्तन, प्रतिशोध, झपक्कको रुख, नर्सरी, अहिंसक, शिक्षा, ऊ, उनी र उहाँ, विकास, योग, भाइरस, चस्मा, रछ्यान, भगवान्, लकडाउन, नयाँअवतार, करुणा, राहत १,२,३, कोरोनाकीमाई, कोरोना बेड, लाम, एक मात्रचिन्ता, दान, दृष्टि, जगेडा, संस्कृति, मिल्ने साथी, ऊ, उनीहरू र तिनीहरू, स्यालको रोदन, उपचार, नाति मन, विशाल रुख, चरो र चारो, मोटो, पुल, घकु र भुकु, सजाय, लक्ष्मी, फलफूल, चिनु, फरक मान्छे, तलाक, बराबरी र काम्लो यसभित्रका लघुकथाका शीर्षक हुन् ।

को हुन् त लामिछानेले चिनाउन खोजेका तीन साथी ? ती समयकातीन रूप भूत, वर्तमान र भविष्य हुन् ।

समय निरन्तर चलिरहन्छ । भूत त भूत नै भयो । वर्तमान र भविष्य पनि आफ्नो समय आएपछि भूतमै परिणत हुन्छन् । समयले आफैंलाई त छोड्दैन र अतीतमा परिणत गरिदिन्छ भने हामी के हौं र ? यही हो 'तीन साथी' शीर्षक कथाको अन्तर्यमा लुकेको सन्देश । पहाड टाढाबाट हेर्दा वा कहिलेकाहीँ घुम्न जाँदामात्र राम्रो लाग्छ तर त्यहाँको जीवनको काठिन्य त्यहीँ बसेर भोग्न सकिन्छ। बाहिरबाट चिरिच्याट्ट परेको व्यक्तिको चरित्र त्यस्तै सुन्दर नहुन सक्दछ। 'आहा पहाड'ले यही भन्दछ।

'ऊ, उनी र उहाँ' को शीर्षक देख्दा मलाई प्रगतिशील लेखक श्यामप्रसादको नैबन्धिक कृति ' तँ, तिमी, तपाईं, हजुर'को स्मरण भयो । दुबैले आर्थिक आधारमा मान्छेको स्तर निर्धारण गर्ने र त्यसलाई मान वा अपमानगर्ने प्रवृत्ति देखाउँछन् भने यस कथामा भने 'ऊ' पात्रभोजन पाउने नपाउने कुरामा चिन्तित छ । ' उनी' अरूलाई चिया बेचेर जीविका चलाउने तहमा छन् । ग्राहकजो होस् उनलाई ग्राहक आइदेओस् भन्ने मात्र ध्याउन्ना छ । 'उहाँ' भने घरमा चिनीहालेको चियाखान नपाएकामा चिन्तित हुनुहुन्छ र निद्रा नलागेकामा पनि दुःखी हुनुहुन्छ । जो दुःखीवा सुखीहोस् 'उनी' लाई सरोकार छैन। यस कथाले मानवका आआफ्ना समस्या छन् र कोही पनि पूर्ण सुखी छैन भन्ने देखाउँछ ।

'करुणा' शीर्षकको कथा एउटा भ्रममा आधारित छ । करुणालाई कोरोना सुनेर भ्रममा परेको रमाइलो प्रसङ्ग यसमा पाइन्छ । 'लाम' शीर्षकमा रक्सीका लागि कोरोना जस्तो महामारीको पनि वास्तानगर्ने रक्स्याहाहरूको प्रसङ्ग छ। 'नातिमन' बालमनोविज्ञानमा आधारित छ। पाँच वर्षसम्मका बालकहरूको मन 'म र मेरो' मा सीमित रहन्छ । उनीहरूमा सामूहिक भावनाको विकास नभइसक्ने हुँदा 'हामी र हाम्रो' भन्ने भावना जागेको हुँदैन । उनीहरू प्रिय वस्तुमा आफ्नो एकाधिकार चाहन्छन् र त्यो नभएमादुःखी हुन्छन् । यस कथाको नातिलाई पनिउसको हब्बा (हजुरबा) ले उसकै साथी लालुलाई काखमा लिएको मन परेन ।

हब्बाको काखमा ऊ आफ्नो मात्र अधिकार चाहन्छ। 'तलाक'ले मुस्लिम परिवारको समस्या देखाएको छ जहाँ स्त्री केवल लोग्नेको रहमोकरममा बाँच्नबाध्य हुन्छन्। लोग्नेलाई खुसीपार्नु नै उनीहरूको उद्देश्य हुन्छ किनभने लोग्ने रिसायो भने र उसको मुखबाट तीन पटक 'तलाक'निस्क्यो भने उनीहरू बेसहारा हुन्छन् । यस कुरालाई सहज तर मार्मिक रूपमा प्रस्तुत गरिएको छ।

निष्कर्षमा हेर्दा 'अणिमा' भित्र सामाजिक अन्तर्विरोध, विकृति र विसङ्गतिप्रति आलोचना, भ्रष्टाचारविरोधी सोच, सांस्कृतिकमोह, कोरोनाले ल्याएका सामाजिकविकृति र समस्या, मानवीय समस्याहरू, लैङ्गिक हिंसा, मानवीय गुणदोष आदिहाम्रा र हाम्रै परिवेशका कुराहरू छन्। लामिछानेको 'अणिमा' यसै गरी टिपिएको साहित्य हो । त्यसैले पनि कृति पठनीय छ।



# निभेको शिखाभित्र गजलकार घनश्याम परिश्रमीको चिन्तन

● राममणि ढुंगेल

बत्ती बल्दा वातावरणभित्र उज्यालोको परिवेश निर्माण गर्दछ । जब निभ्दछ तब बाँकी रहन्न उज्ज्यालो हराउँछ शिखाको अस्तित्व र खडा गर्दछ अँध्यारोको साम्राज्य । कवि हृदय जुर्मुराउछ अँध्यारो विरुद्ध खोज्दै झिल्काहरू र ठडिन्छ उज्ज्यालो धरहरा निर्माणको दिव्य रेखा निभेको शिखाभित्र गजलको संसारमा ।

डा. घनश्याम परिश्रमीको वास्तविक नाम डा. घनश्याम न्यौपाने हो । उनको जन्म २०१५ साल असार १४ गते  कालीगण्डकी ५ स्याङ्जामा भएको थियो । उनी नेपाली साहित्यमा गजललाई मलजल गर्दै छुट्टै विधाको रूपमा स्थापित गर्ने व्यक्तित्वमध्ये महत्वपूर्ण व्यक्तित्व मानिनुहुन्छ । उनले गजलमा नै पिएचडीको उपाधि हासिल गरेका हुन् । गजलसँग सम्बन्धित उनका थुप्रै पुस्तक प्रकाशित छन् । यो मौसम (गजलसङ्ग्रह २०५०), (घामको छहारीमा गजलसङ्ग्रह २०५३), (जुनुमामा संयुक्त बाल गजलसङ्ग्रह २०६०), जुन चुहेको रात गजलसङ्ग्रह २०६०), (राम्रा चाचा मिठा पापा (बाल गजलसङ्ग्रह २०६३), गजल भूमिकावली (भूमिकासङ्ग्रह २०६३), गजल सौन्दर्य मीमांसा (गजल सिद्धान्त) २०६४, जुनको चुम्बन (गजलसङ्ग्रह २०७३ ) र निभेको शिखा (गजलसङ्ग्रह २०७७ ) आदि उनका प्रकाशित कृतिहरू हुन् ।

यहाँ उनको पछिल्लो कृति निभेको शिखाका बारेमा केही लेख्ने प्रयास गरिएको छ । यसभित्र विभिन्न विषयवस्तुसित सम्बन्धित एक सय तेत्तिस गजल समावेस छन् । गजल चारदेखि एघार सेरसम्म फैलिएका छन् । चार सेरको एउटा मात्र गजल रहेको छ। एघार सेरको तीन वटा गजल छन् । पाँच, छ र सात सेरका गजल अलि छन् । त्यसमा पनि सबभन्दा वढी ३९ वटा गजल ६ सेरका छन् । यहाँ समेटिएका प्रत्येक गजल शास्त्रीय बहर परम्परालाई पूर्णतः ध्यान दिएर लेखिएको छ। यिनमा रुक्न र अर्कानको प्रयोग कुशलतापूर्वक गरिएको छ । यी गजल गजल मात्र नभएर उत्कृष्ट गजल हुन् । डा. नारायणप्रसाद शर्मा गैरैको गहन एवम् विश्लेषणात्मक समालोचकीय भूमिकाले पुस्तकको ओज अझ बढाएको छ ।

गजलमा विभिन्न विषयवस्तु समाविष्ट छन् । गजलहरू

राष्ट्र राष्ट्रियताको भावनाले ओतप्रोत छन् । यत्रतत्र छचल्किएको छ राष्ट्रप्रेम । सिमाना मिचिनुमा आक्रोस छ । देश दुख्नुको पीडाले रन्थन्याएको छ गजलकारलाई । यसैले त उनी भन्छन्

म नेपालको सानको गीत गाउँ
सधैँ राष्ट्रको वन्दना गुनगुनाउँ १६.१
हुँ चौकीदार बन्छु देशको सिमाना रक्षक
तयार छु पऱ्यो भने स्वयम् रगत बगाउँछु ३१.६

सक्षम युवाहरूको विदेश पलायन र विदेश जान नसक्ने नचाहनेहरूमा शहरको आकर्षणले गाउँ रित्तो र उजाड बनेको छ । युवाहरू बेरोजगारीमा छन् । सदैव नसामा बेहोस भइरहनुको पीडा गजलमा आएको छ । आफन्त भनिनेहरू आफन्त जस्ता छैनन् रूपमा आफन्त देखिन्छन् व्यवहार पराईको हुन्छ । शत्रुसित नजिकिन सकिएला तर आफन्तहरूसित डराउनुपर्ने परिस्थिति निर्माण भएको छ । जसलाई विश्वास गऱ्यो उसैबाट विश्वासघात हुँदैछ ।

मपाइँत्वको बिगबिगी छ । गुरु सबै छन् चेला कोही छैन । म सबै जान्दछु, अरू केही जान्दैननूको भाव समाजमा व्याप्त छ । जो केही जान्दैन उसैको नाम चलेको छ । विद्वताको इज्जत छैन मूर्खको सम्मान छ । संस्कार संस्कृतिमा देखिँदै गएको विकृति विसङ्गति भाषाको विचलन जातीय विभेदको अवस्था बढ्दै जानुमा गजलकारमा असीम चिन्ता गडेको छ, संस्कार र गाथाहरूको संरक्षण गर्नुपर्ने आकाङ्क्षा छ ।

मालिकका सामु नोकर काप्नु पर्ने परिस्थिति विद्यमान छ । अनुहार राम्रो देख्यो तर सबै नकावधारी निस्किन्छन् । राम्रो भनेर जनता भोट हाल्छन् आखिर त्यही बेइमान निस्किन्छ । व्यभिचारी नाङ्गै बन्छ तर किञ्चित लाज मान्दैन । भनाई र गराइमा तादाम्यता छैन्, भनेको गरिँदैन नभनेको गरिन्छ । चोर विराला दूध हेरालु बसेका छन् । अधिकारमा बस्नेहरू छाडा छन् । लगाम छैन । कुराले गुड्डी हाक्छन् । परिवर्तनका कुरा खुबै हुन्छ । देश विकास र निर्माणका जनताको चाहनामा कुठाराघात भएको छ, । जनताको हाल जस्ताको तस्तै छ । राम्रोको हवाला दिइन्छ तर नराम्रो हुने गर्दछ । जनता दमन सहन बाध्य छन् । चिप्ला कुरा गर्नेहरूकै वर्चस्व छ । सोझाको कुनै स्थान छैन ।

गरिव रुवाएर धनी बन्ने संस्कार बढ्दो छ । काम गरेर पसिना बगाउनेहरू भोकै छन् । केही नगर्नेहरू डकारिरहेछन् । झुपडी जलेर खरानी हुन्छ केही पाउँदैन तर पहुच हुनेको पर्खाल ढले पनि राहत पाउँछ । योग्य व्यक्तिको भाग खोसिन्छ । आफन्तहरू अयोग्य भएपनि नियुक्तिमा पर्छन् । महलमा बस्नेहरूको सोच साँघुरो छ । निरीहमाथि ढुङ्गा प्रहार हुन्छ । कालोबजारी व्याप्त छ । झुपडी सधैँ महँगीको मारमा छ । जनताका लागि अत्यावश्यक उपभोग्य वस्तु दाल चामल नुन तेल पाइँदैन । रक्सी किराना पसलमा सजिलै पाइन्छ । साधुहरू त्रासमा बाँच्न

विवश छन् । चोर डाँकाको स्वर चर्को छ। रगतको नातामथि प्रश्नचिन्ह लागेको छ, परिवारमा ममताको खडेरी परेको छ । नातिनातिना र हजुरबा हजुरआमा नचिन्ने अवस्था आएको गजलकारको निर्क्योल छ ।

उब्जाउ हुने खेत सिमेन्टको जङ्गलमा परिणत भएका छन् । चेलीबेटीको सतित्व जोगाउन मुस्किल परेको छ । शिक्षाका नाममा व्यापार भएको छ । जेसुकै फाइदा हत्याउन गुण्डा पाल्ने प्रवृत्ति छ । कामभन्दा चाकरी गर्ने चलन बढेको छ। नामको उज्यालो छ तर अँध्यारो हटेकै छैन । परिवर्तन नाम मात्रको छ। नेताको हित भैरहेछ । जनताको हालत उही छ । आन्दोलनमा सँगै होमिए पनि कोही सदनमा छन् त कोही सडकमा। इमान बेच्नेले इनाम पाउँछ । राजनीतिले जेलिएको गाठो झन् कसिँदैछ । जनताको मुक्तिको आशामा कुठाराघात परेको छ। उनी गजलमार्फत् भन्छन्

उन्मुक्तिको छ इच्छा आजाद पन्छी जस्तै

खुल्दै खुलेन गाँठो झन् कसिँदैछ बन्धन ५६.२

पर्ती जग्गा भूमाफियाले घडेरीमा परिणत गर्न थाल्नुको व्यथा गजलमा छ। समी पिपल काटिन्छन्। पर्यावरण बिगारिन्छ । जोहरीहरू सुन र पित्तल छुट्ट्याउन सक्दैनन् । गधा र गाई छुट्ट्याउन नसक्नेले विवेकीको पदवी पाउँछ । कसैको दुःखमा कोही हाँसेर मजा मनाउँछ । बन्दुक लुकाएर मुखले शान्ति बड्बडाउछ । बलियाहरू धारिलो कर्दजस्तै निर्धामाथि निर्घात बजारिन्छन्। आस्था र अस्तित्व कागजमा सीमित हुन थालेको छ। गरिबिको कुरा गर्नेहरू पैसामा बिक्न थालेका छन् । दौर ासुरुवाल लगाएर देखावटी राष्ट्रवादको ढोँग प्रदर्शन गर्ने प्रवृत्ति मौलाएको छ, । गजलकार यसरी अभिव्यक्त हुन्छन् ।

बुझ्दैछु बल्ल तिम्रो पहिचान राष्ट्रवादी

केवल सफेद दौरा सुरुवाल पो रहेछ ७६.४

गजलमा उज्यालो विरोधीहरू अध्यारोमा खुसी हुन्छन् भन्ने धारणा छ। नोकरी गर्नेको भन्दा गरिवको मन दुखाएर चाकरी गर्दै माथि पुग्नेहरूप्रति घृणा छ। समाजमा विद्वावानको महत्व हराएर धनको मर्यादा बढेकोमा दुःख छ। ठूलाबडाको सवारीमा जनतालाई दुःख दिएकोप्रति गुनासो छ। घरमुली बिग्रिएमा घर बिग्रिन्छ भन्ने सन्देश छ । भगवान्को पूजा आरती भन्दा दिन दुःखीको सेवा गरौँ स्वर्ग नर्क यही धरतीमा छ भन्ने भाव छ। रक्सी पिउँनेहरूले जिन्दगी पिइरहेका हुन्छन् भन्ने उपदेश पनि छ। ठूलाको आश गर्दा निरासा मिल्दछ परिश्रम गरे मिठो फल प्राप्त हुन्छ भन्ने अभिव्यक्ति छ।

अन्त्यमा गजलको एउटा सेर प्रस्तुत गर्दै बिटमार्ने अनुमति माग्दछु -

उज्यालो गिरफ्तार भो आज मेरो

परेको छ सुन्दर विहानी थुनामा ८५.५ ।

*– कटुञ्जे भक्तपुर*



# तथापि कृतिभित्र शीतल गिरीको जीवनदर्शन

● **विवेक वाइबा**

शीतल गिरी नेपाली भाषा साहित्यमा स्थापित नाम हो । उनी पाँच दशक अघिदेखि नेपाली भाषा साहित्यको उत्थानमा उनी सक्रिय रहेका छन् । नेपाली भाषाको अलावा मधेस प्रदेशको तेस्रो ठूलो भाषा बज्जीकाको उन्नयनमा पनि उनको विशेष योगदान छ । यर्थात् यस भाषाको विकासमा पनि उनी निरन्तर लागिरहेका छन् । दुवै भाषामा समान किसिमले काम गरिरहेको भए पनि नपाली भाषामा उनको विशेष सक्रियता देखिन्छ ।

लामो समयसम्म निजामती कर्मचारीका रूपमा काम गरेका उनी यतिखेर सेवानिवृत जीवन बिताइरहेका छन् । कर्मचारीकै रूपमा रहँदा पनि लेखनमा सक्रिय रहेका गिरीको लेखनकर्म बुद्धयौलीको पनि अत्यन्तै सहयोगी साथी भएको छ । गिरीको खोज अनुसन्धान र अन्वेषणमा विशेष अभिरूचि देखिन्छ । भाषा साहित्यको उत्थानमा समर्पित रौतहटेली स्रष्टा गिरी यतिखेर भक्तपुरमा बसेर सृजनकर्ममा डटिरहेका छन् ।

तथापि साहित्यकार गिरीको निबन्ध सङ्ग्रह हो । उनको प्रस्तुत निवन्ध सङ्ग्रह पढेपछि मेरा मनमा उब्जिएका भाव म यहाँ प्रसतुत गर्ने जर्कोमा छु । लेख्नु आफैंमा गाह्रो काम हो, त्यसमाथि एउटा स्थापित लेखकबारे धारणा बनाउनु अझ अप्ठ्यारो हुन्छ । सक्छु वा सक्दिन थाहा छैन यद्यपि मैले त्यो दुस्साहस गरेको छु । मैले यो मेरो कर्मलाई दुस्प्रयास नै मानेको छु । यसो भनौं यो समीक्षा नभएर मेरो पाठकीय अनुभव हो । एउटै पुस्तकका पनि धेरै पाठक हुन्छन् र अनुभव पनि अलगअलग रहन्छन् । यसलाई त्यसैअनुसार बुझ्नु आवश्यक छ ।

मलाई एकपटक विगतमा पुग्न मन लाग्यो । २०४२/०४३ सालतिरको कुरा हो, त्यतिबेला बारा जिल्लामा क्रियाशील वामपन्थी नेता केशव बडाल र पुरुषोत्तम पौडेलको संगत र प्रभावले म कम्युनिस्ट आन्दोलनका आधारभूत कुरा बुझ्दै संगठित बन्दै थिए । त्यहि क्रममा कम्युनिस्ट पार्टी (तत्कालीन नेकपा माले) सम्पर्क सूत्रको रूपमा उहाँसँग मेरो भेट भएको थियो । मलाई रौतहट जिल्लातर्फ डोऱ्याउने गुरु पनि आजका सशक्त सर्जक शीतल गिरी नै थिए । आज उनीजस्ता आदरणीय व्यक्तित्वद्वारा लेखिएको पुस्तकबारे लेख्ने जमर्को

गरिरहेको छु ।

नेपालको प्राचीन, सामाजिक र सास्कृतिक विषयवस्तुलाई केन्द्रबिन्दु बनाई लेखिएका प्रस्तुत सङ्ग्रहभित्रका निबन्धहरू अत्यन्तै गहकिला छन् । त्यसो त यो शोधमुलक कुराहरूको जानकारी प्राप्त गर्न सकिने पुस्तक हो । यसमा लेखक गिरीले जीवन यात्रामा भोगेका र अनुभूत गरेका विषयबारे कलात्मक ढंगले प्रस्तुत गरेका छन् । एकसमयमा तराई मधेसमा दङ्गाफसादको आगो सल्कन खोजेको थियो । त्यहाँ बसेका पहाडी मूलका मानिसहरू अत्यन्तै प्रताडित बनेका थिए । त्यो गिरी पनि अछुतो रहेनन् । उनी गौरबाट धपाईनु परेको दर्दनाक कथाव्यथा यसमा विम्बात्मक रूपमा आएको छ । जस्तै आँधीहुरी चले पनि उनको लेखन गति रोकिएन जुन आज पर्यन्त निरन्तर चलिरहेको छ ।

गिरी ऐतिहासिक तथा पुरातात्विक वस्तु र सामग्रीहरूको खोजमा रमाउने स्रष्टा हुन् । उनले रौतहट समनपुरका जनताबाट वृटिस सेनाले गरेको गलत क्रियाकलापको विरोध गरेको घटना, ऐतिहासिक मठमन्दिर, त्यस आसपासका राणाकालीन दरबार र त्यतिबेलाको शासन व्यवस्थाका सबल र दुर्वल पक्ष बाारेमा पनि खोज अनुसन्धान गरेका छन् । त्यही खोजको परिणामका रूपमा यो निबन्धसङ्ग्रह जन्मेको हो । यसमा रौतहटको माटोको सुवास र जातजाति धर्म तथा इतिहासको वयान छ । गिरी रौतहटलाई अत्यन्तै माया र सम्मान गर्छन् भन्ने कुराको प्रमाण यो कृतिभित्र रौतहटका विभिन्न कुराहरूले प्रश्रय पाउनुले प्रष्ट पार्छ ।

इतिहास लेखनमा कैंयन ऐतिहासिक प्रमाण र घटनाक्रम मिल्दो हुनुपर्छ । तर कतिपय विषयको यथेष्ट प्रमाण र आधार पाउन सकिन्न । त्यो नै मुख्य समस्या र डर हो । यद्यपि ती विषयसँग अन्तरसम्बन्धित जनश्रुति र तिनका भनाइलाई पनि लिन सकिन्छ । यस निबन्ध सङ्ग्रहमा ती कुरालाई लेखकले विस्तारपूर्वक उल्लेख गरेका छन् । त्यसकारण पनि रौतहटको समनपुर पुरानो ऐतिहासिक ठाउँ हो । जुन गाउँका बासिन्दाले कुनैबेला अङ्ग्रेज अर्थात् इष्ट इन्डिया कम्पनीको सेनालाई धपाएको प्रसङ्ग आफैंमा गौरवपूर्ण काम हो । त्यसको गाथा लेख्न आँट गर्नु चानचुने कुरा होइन । जुनकाम गिरीले सहजै गरे ।

तथापि निबन्ध सङ्ग्रहमा सिम्रौनगढ र भग्नावशेष शीर्षकको केही अशं "सिम्रौनगढ र नान्यदेव दुबैको इतिहास छ । यति मात्र होइन नान्यदेवलाई ई.स. १०९७ तिर जाऔँ जाऔँ भन्नेहरूको ठूलै लर्को थियो । सिम्रौनगढ सम्मानित इतिहास लिएर उभिएको छ । नान्यदेवलाई श्रीधर कायस्थजस्तो मन्त्री चाहिएको छ, जसले राजाको आज्ञालाई एउटा जिम्मेवारी मानोस । सुरुदेखि नै दृष्टि दुईटा छन् । एउटा विगत हो र लोकोक्तिलाई आधार मान्दा भ्रम सिर्जना गर्दछ । अर्को वर्तमान हो र

यसले लोकोक्तिलाई वास्ता गर्दैन । प्रायशः यस्तो हुने पनि गर्दछ । धेरैजसो भग्नावशेषले अनुमान भन्दा पनि प्रमाण जुटाउँदछ ।" यस्ता इतिहासका ओझेलमा परेका कतिपय सन्दर्भ एवम् त्यससँग जोडिएका ठाउँको बारेमा खोज गरि जनसमक्ष पुऱ्याउने गहन काम गिरीले गरेका छन् ।

यस सङ्ग्रहमा उनले स्वीकार गरेको कुरा के छ भने– "यथेष्ट प्रमाणको अभावमा रौतहटको प्राग इतिहासिबारे धक फुकाएर, लेख्न सक्ने अवस्था छैन ।" लेखक गिरीले खासगरी रौतहटमा बसोबास गर्ने यादव गोत्रीय (ग्वाला) राउतहरू देखिको इतिहास जोड्दै, अनेक अनुमान् र किवदन्तीय हजारौं वर्षको इतिहासको पुनःनिर्माण गरेका छून् । रौतहट जिल्लाको पुरानो बौधापतौरा गाविस हालको मौलापुर नगरपालिकाअन्तर्गत पर्ने पतौरा गाउँमा रहेको पुरानो शिवमन्दिरको चर्चा र त्यसको ऐतिहासिक पाटोको पनि उजागर गरेका छन् ।

यस निबन्ध सङ्ग्रहको पतौरा र शिवलिङ्ग शीर्षकबाट लिईएको अंश "एउटै मात्र प्रवेशद्वार भएको शिवमन्दिरको पुर्वतर्फ बरन्डामा पाषाण स्तम्भको अवशेष देखिन्छ । पाषाण पट्टामा कुदिएका मूर्तिहरूको स्वरूप भने अस्पष्ट नृत्य मुद्रामा रहेको झझल्को पाईन्छ । यसबारेमा कुनै कुरा भन्न सक्ने स्थिति अहिलेलाई छैन । भग्नावशेषमा प्राप्त शिवलिङ्ग जमिनमाथी ६० से.मी. र मोटाई ५२ से.मी को छ ।" रौतहट जिल्लाको नामकरणबारे पनि विभिन्न अड्कलहरू छन् । एउटा भनाई छ, गोपाल, अहिर, राउतहरूको बस्ती हुँदै रौतहटको नाम प्रचलित भयो । यिनै र यस्तै विषयलाई आधार मानेर लेखिएको यो निबन्धसङ्ग्रह अत्यन्तै रोचक र पठनीय छ । ऐतिहासिक सन्दर्भले इतिहासको विरासतहरूको याद दिलाउने अत्यन्तै उत्कृष्ट काम गरेको छ ।

मध्य तराईका विभिन्न जातजातिहरूको लोकजीवन, पहाडी जनजाति, परिवर्तित खोला नदी, भूगोल, भग्नावशेष दरवार, मन्दिरहरू, स्थानीय प्रचलित किंवदन्ति र पौराणिक कथाहरूलाई विषयवस्तु बनाईएको कृति आफैंमा दमदार र बलियो छ । ....र अन्तमा शीर्षकको निबन्धबाट लिईएको अशं "रौतहटको भूमि प्राचीनकाल पनि आवाद थियो । यस्तो लाग्दछ, बागमती र बकैयाको किनारमा प्राचीन ग्रामहरू थिए । वर्तमानका गाउँबाट त्यतिखेर पनि थिए भनी म कल्पना गर्दिन । त्यसो गर्दा अनावश्यक प्रश्न देखापर्नेछ ।" रहेको छ ।

यस पुस्तकमा स्थानीय भाषा बज्जिकाको पनि भरपूर चर्चा छ । त्यतिबेलाको कैयन प्रसङ्गहरू वा किंवदन्तीले इतिहासलाई प्रमाणित गर्न नसके पनि खोजी गर्ने बाटो अवश्य देखाउछ । यस्तो चुनौतीपूर्ण काम लेखक गिरीले गरेका छन् । आगामी दिनमा आउने पुस्तकहरू अझ ओजपूर्ण बनुन् । शुभकामना र हार्दिक नमन !

*दुधिअवा, रौतहट*



# भारतीय नेपाली गीत सञ्चयन: गीति इतिहासको किनारासाक्षी

● शरद प्रधान

गीतको इतिहास निकै पुरानो छ । नेपाली गीतको इतिहासको सबै शोधखोज गर्न सकिएको छैन तैपनि भारतीय नेपाली गीत सञ्चयनमा गीति इतिहासलाई समेट्ने जमर्को गरिएको छ । मानव सृष्टिदेखि नै मान्छेले कुनै न कुनै रूपमा गीत गाइरहेको हुन्छ, गुनगुनाई रहेको हुन्छ । यति फरक छ ती आदिम गीतहरूमा ती गीतहरू प्रकृतिको सम्मोहनमा परेर गाएको हुन्थ्यो भने अहिलेका गीतमा मान्छेको पीर-व्यथा, मिलन-विछोड, राग-अनुराग आदिको बाहुल्य हुन्छ । आधुनिक नेपाली गीति इतिहास त्यति पुरानो नभए पनि कथ्यमा आधारित लोकगीत निकै पुरानो हुन । नेपाली भाषाको गीत भन्दा नेपालको अन्य भाषाजस्तै नेवारी (नेपाल) भाषा, मैथिलीको गीति इतिहास लामो छ । नेपाली आधुनिक गीत लेखनको समयलाई पर्यावलोकन गर्दा मोतीराम भट्टबाट गीत र गजल शुरु भएको पाइन्छ । रेकर्डिङ र प्रसारणका हिसाबले भने सेतुरामको रेकर्ड भएको भजन 'राम प्यारा छन्' (वि.सं.१९६५) लाई नै आधुनिक नेपाली गीतको प्रसारणमा आरम्भ विन्दु मानिएको छ ।

भारतमा भने हाजिरमान राईको मिठा मिठा नेपाली गीत (सन् १९००) लाई मानिए पनि ती गीतहरू रेकडिङ्ग भयो भएन मलाई थाहा हुन सकेन। गीतले जबसम्म स्वर र संगीत पाउँदैन गीत कविताको एउटा रूपमा स्थापित हुन्छ र यसलाई विभिन्न चरणमा विभिन्न नाम र उपनामले सम्बोधन गरेको पाउन सकिन्छ । यदि रेकडिङ्ग नभएको इतिहास हेर्ने हो भने लहरी, सवाई निक्कै पुरानो गीति विधा हो । भारतमा भारतमा नै जन्मेको गीतकारको गीत रेकडिङ्ग भएको  इतिहास हेर्ने हो भने मास्टर मित्रसेन थापा माथि विद्यावारिधि गर्ने डा. खगेन शर्माअनुसार सन् १९३६ देखि उनको गीतहरू रेकडिङ्ग भएको पाउँउछौ। नेपालको ऊस्ताद साहिँला र रत्नदास प्रकाश मित्रसेनको समकालीन हुन्। मलेवा देवीले भने सन् १९२८ मा नै कलकत्ताबाट गीत रेकर्ड गरिसकेकी थिइन् ।

सन् साठीको दशकमा आइपुग्दा नेपाल र भारत दुवैतर्फ राम्रा गीतकार हरूको उदय भइसकेको थियो। किरण खरेल, चेतन कार्की, रत्न शमशेर थापा नेपालबाट चम्किरहेका थिए भने भारतबाट अम्बर गुरूङ, हरिभक्त

कटुवाल, गोपाल योञ्जन, शरण प्रधानले वर्चस्व कायम गरेको थिए। यो कालखण्डलाई नेपाली सुगम संगीतको स्वर्णिम युग भन्न सकिन्छ। गीतकारहरूको उदयसँगै उत्कृष्ट गायक-गायिका र संगीतकारहरूले पनि नेपाली संगीतमा प्रवेश पाए। भारतीय नेपाली गीत संगीतले पनि सन् साठी कै दशकमा अलगै पहिचान बनाउन सफल हुन्छ। सय वर्ष भन्दा बढि गीत लेखनको इरिहास भारतमा छ र यस्लाई संस्थागत रूपमा दस्तावेजिकरण गर्न पर्ने बहस समय समयमा नचलेको होइन।

तर यो कार्य भने दुई वर्ष अगाडि मात्र शुरू भयो भारतीय नेपाली गीतकार संघको स्थापना भएपछि। 'भारतीय नेपाली गीत सञ्चयन'- पुस्तकमा संघ अध्यक्ष अजित बस्नेत लेख्छन्," गीतमा भाव र भाषाबारे कुरा उठ्दा साहित्यका कुरामा गीतबारे पनि प्रसङ्ग उठ्दा, ९० को दशकमा उत्तर बङ्गाल विश्वविद्यालयका डा. घनश्याम नेपाल भाषा शुद्धाशुद्धिमाथि चर्चा हुँदा नेपाली गीतहरू स्तरीय हुँदै आएका छन् तर गाउँदा मिलाउनुपर्ने हुनाले व्याकरणमाथि ध्यान नदिएको कुरा पनि सुनिएको हुनाले, "सर! साहित्यका विभिन्न विधामा आलोचना-प्रत्यालोचना हुँदा गीतमाथि पनि यस्तो अभियानको आवश्यकता देखिन्छ, तपाईंको के मत छ?" भन्दा उहाँले, "गीतकारहरू मिलेर एउटा अर्गनाइजेशन तयार गर्नुहोस् न, हाम्रो सहयोग पुग्छ भने म पनि समर्थन गर्छु।"

यति कुरा त भयो तर यो कुरा, 'कुरै'-मा रह्यो अर्थात् केही हुन सकेन। कालान्तरमा लोकप्रिय गीतकार पुरण गिरीले प्रसिद्ध कवि दलसिंह ' अकेला' सित यो कुरा राख्नुभएपछि केही गीतकारहरूसित कुरा राख्ने क्रमको परिणामस्वरूप १८ फरवरी २०२१ को दिन गोर्खा दुःख निवारक सम्मेलन दार्जीलिङमा आदरणीय गीतकार श्रीमती चन्द्रमीत लक्समको सभापतित्वमा भारतीय गीतकार वा शब्दकार, भारतीय गोर्खा नेपाली गीतकार आदि विषयमा छलफल भएपछि अन्तमा भारतीय संविधानद्वारा मान्यताप्राप्त नेपाली शब्दकै प्रयोग गर्दै भारतीय नेपाली गीतकार संघको नामकरण गरियो।

छोटो इतिहास बोकेको यो संघले दुई वर्षमा नै १६९ गीतकारहरूको गीतहरू संग्रह गरि प्रकाशित गर्नु आफैंमा एउटा इतिहास हो। दशकौं देखि गुनगुनाई रहेको गीतहरूको शब्दहरू पढ्न पाँउदा खुशी नहुनेको होला। यो संग्रहका धेरै गीतहरू नेपाल र भारत दुवै तर्फ उत्तिकै चर्चित छन् चाहे त्यो हरिभक्तको होस् या नरदेन रूम्बाको। गीतहरू लिपिवद्ध नभएर जनमानसमा आँउदा केही गीतकार मर्कामा परेका छन्। मूल गीतकारको नाममा अर्कै गीतकारको नाम परेकामा ईश्वर वल्लभ निकै पिडित भएका थिए। उनको गीत 'सारा दिन अरूलाई बाँडे" धेरै वर्षसम्म गोपाल योञ्जनको नाममा बजिरह्यो। यो गीत उनले

दार्जीलिङको मुनिसिपल स्कुलमा सरदारी काम गर्दा लेखेका थिए । यो गीत लेखिरहँदाको प्रसङ्ग ईन्द्रबहादुर राईले सगरमाथा एफएममाअन्तर्वार्ता दिँदा प्रकाश सायमीलाई भने पछि यो रेडियो नेपालले सच्चाएको हो ।

भारतीय नेपाली गीत सञ्चयनले भारतीय गीतकारहरूलाई छुट्टै अस्तित्वबोध गराएको छ। यो भागिरथ प्रयासमा अजित बस्नेत, पुरण गिरी, दलसिंह अकेलाको पूर्ण सहयोग पाउनु भएको छन् यसको सम्पादक हुन्, कमल रेग्मी । धेरै हराइसकेको गीतहरूलाई खोज्नु, उनीहरूको बारेमा लेख्नु एउटा ठूलो चुनौतीपूर्ण काम हो । तर यस्तो कार्यलाई सहजताको साथ स्विकार गरी जनसमक्ष ल्याउन सक्नु कमलको सम्पादकीय कुशलता हो । त्यति मात्र होइन भारत बसाँइमा नेपाली गीतकार हरूले लेखेको गीतहरूलाई प्रविष्ट गर्नु उनको महानता हो । नेपाली गीतहरू स्तर खस्किदै गइरहे गुनासो आइरहेको बेला युवा पुस्ताले अघिल्लो पुस्ताले लेखेको गीतलाई हेरेर आफूलाई मूल्याङ्कन गर्ने पाउने यो ठूलो अवसर हो। गीत कसरी लेखिनुपर्छ भन्ने पुस्तक प्रकाशनमा आउँनु अगाडि नै शरण, गोपाल, अम्बर, दिव्य, नोरदेनले लेखेको गीतहरूले नँया पुस्तालाई पक्कै पनि सकारात्मक प्रेरणा दिन्छ । असारे महिनामा- यो गीतको गीतकार धेरैलाई थाहा थिएन तर तुलसी गजमेर हो भनेर यो पुस्तकमा लेखिदिएपछि अब कसैले बिर्सिदैंन उनलाई ।

गीत मूलतः शृङ्गार रसप्रधान विधा हो। तर समय, वातावरण र परिस्थितिसित विकसित र परिमार्जित हुँदै गएको गीत लेखनको पृष्ठभूमि र विषयवस्तु पनि फराकिलो बन्दै गयो। विभिन्न विषयवस्तु टिपेर गीतले व्यापकता अँगाल्यो। फलस्वरूप नेपाली गीत साहित्यका अन्य विधासरह उन्नतशील बन्दै गइरहेछ । यद्यपि नेपाली गीत विधाले नेपाली साहित्यका मूल धारामा प्रवाहित हुनका निम्ति सङ्घर्षरत रहनुपरेको यथार्थ साहित्येतिहासबाट ओझेल छैन । उपसंहारमा भन्नुपर्दा, एक शताब्दीभन्दा पुरानो भारतीय नेपाली गीतमाथिको मूल्याङ्कन भने अपेक्षित रूपमा भएको पाइँदैन । “भन्ने विचार व्यक्त गरेका छन् कमल रेग्मीले। यो पुस्तकमा खोट लगाउन पर्ने ठाँउ कमै छ किनकि यसले पुरानो पुस्ताको मित्रसेनदेखि नयाँ पुस्ताका मोजेस हृदय त्रीखत्री अटेका छन् ।

अनि देउराली रून्छ नाटकको मनबहादुर मुखिया देखि त्यही नाटकको अभिनेत्री मेनुका प्रधान अटेकी छिन्।पुरानामा चन्द्रमित लखसम छिन् भने नयाँमा योगिता राई पनि छिन्। जातिय कवि अगमसिंह गिरीले पनि स्थान पाउनु भएको छ भने युगकवि श्री वीरेन्द्रले पनि । भूतपूर्व मुख्यमन्त्री पावन चामलिङ्ग देखि भूतपुर्व विधायक देवप्रकाश राई पनि अटाएको छ । नेपालमा नै जन्मेर दार्जिलिङमा दिक्षित भएका ईश्वर वल्लभ र वैरागी काँइला पनि छुटेका छैनन् तर छुटेछन् नगेन्द्र थापा जसको कालजयी गीतहरू दार्जिलिङमा नै सृजना भएको थियो ।



# 'चन्द्रागिरि अनुशीलन' चियाउँदा

● शीतल गिरी

चन्द्रागिरि नगरपालिकाभित्र रहेको पुरातात्विक, सांस्कृतिक, ऐतिहासिकता हृदयमा राखेर खोजमूलक 'चन्द्रागिरि अनुशीलन' (सांस्कृतिक पक्ष) कृति चन्द्रागिरि साहित्य समाजले प्रकाशन गरेको छ । विभिन्न जातजातिको बसोबास भएको चन्द्रागिरि क्षेत्रमा अहिलेसम्म जीवन्त पाइएका विभिन्न जातीय धर्म, संस्कृति, रीतिरिवाज, चालचलन, परम्परा आदि यस कृतिमा समेटिएको छ ।

खोजमूलक लेख-रचनाहरूमा चन्द्रागिरि अत्यन्त उज्ज्वल, गरिमामय इतिहासको थलोको रूपमा पाइएको छ । यसका सत्र जना लेखकले स्वयं देखेर, भोगेर, मस्तिष्कले अनुभव गरेर, तथ्यको आधारमा सत्य पहिल्याएर तयार पारेको कृतिका सम्पादकको कलमले लेख्न पुग्छ– "...पुरातात्विक मूर्त-अमूर्त सांस्कृतिक सम्पदालाई सुव्यवस्थित गरी संरक्षण र सम्बर्द्धन गरिनु नितान्त आवश्यक छ ।" "..... हामीले व्यक्तिगत प्रयासबाटै भएपनि अनुसन्धाताहरूका केही खोजमूलक लेख-रचना सङ्कलन गर्न सफल भएका छौँ । यस अनुसन्धानात्मक पुस्तक विद्वान्वर्ग, अनुसनधानकर्ता, शिक्षक, विद्यार्थीलगायत नेपाली इतिहास तथा संस्कृतिमा चासो राख्ने व्यक्तिहरूलाई विशेष सहयोग पुग्नेछ भन्ने आशा लिएको छु ।"

साहित्यकार कृष्णप्रकाश श्रेष्ठले 'थानकोट किंवा शोणितपुर इतिहास र सम्भावना'मा यसरी व्यक्त गर्छन्– "....भारततिर जाने एक मात्र ऐतिहासिक पैदल बाटो (हाल गणेशमान मार्ग), उपत्यकाका नगरहरूको दृश्य एवं झलक पाउन सकिने चन्द्रागिरि भञ्ज्याङ, त्रिभुवन राजपथको नागबेली परेको बाटोका साथै हिमालय श्रृङ्खलाको दृश्यावलोकन गर्न सकिने बाडभञ्ज्याङ, पृथ्वीनारायण शाहले दरबार बनाउने कल्पना गरेको दहचोकको डाँडो, वाणसुरको दरबार रहेको अनुमान गरिने वाणस्थली, पौराणिक चन्द्रप्रभातेश्वर महादेवस्थान, मातातीर्थ र आधुनिक विश्रामस्थल त्रिभुवनपार्क आदि रहेका छन् ।" गौरीप्रसाद दवाडी 'विष्णुदेवी आध्यात्मिक क्षेत्र एक परिचय'मा भन्छन्– "विष्णुदेवी प्राचीन कीर्तिपुर पाङ्गादेखि पश्चिम काठमाडौंको मध्यभागमा वैदिककालदेखि नै यक्षमती र इन्द्रमती खोलाको सङ्गममा विकसित हुँदै आएको सनातनिक स्थल हो ।"

किपुल्चाको जात्रामा संलग्न हुने

व्यक्तिले पालना गर्नुपर्ने नियमको बारेमा संस्कृति विषयका स्थापित सर्जक विवश यसरी स्वीकार्दछन्– "भैरव बोक्न छानिएका व्यक्तिले जात्रा सुरु हुने निश्चित दिनदेखि जात्रा नसकिएसम्म लसुन, प्याज आदि खान नहुने, महिनावारी भएका महिलालाई छुन नहुने, कुकुर, कुखुरा र सुँगुर छुन नहुने प्रचलन रहेको छ ।" (पृ. ३५) ज्योति पौडेल 'मच्छेनारायण मेला'को बारेमा यसरी बताउँछिन्– "मत्स्यअवतार धारण गरेको स्थान हुनाले नै यस मत्स्यनारायण क्षेत्रलाई मच्छेगाउँ भनिन्छ ।" (पृ. ३८) मच्छेनारायणको गौरवमय गाथा बताउने क्रममा लेख्न पुग्छिन–"कलात्मक गरुडस्तम्भ, लिच्छविकालीन समयका नन्दी र शिवलिङ्गले मन्दिर परिसरलाई थप शोभायमान बनाएको छ ।" (पृ. ३९) मलमास अर्थात् अधिकमासको भूमि भनेर चिनिने मच्छेनारायण क्षेत्रको बारेमा गर्वसाथ प्रशंसा गर्छन्– "वनौषधीले भरिएको यहाँको वनजङ्गल अनि त्यसको फेदमा रहेको मीनतीर्थको कञ्चन पानीमा गरिने स्नानले मानव शरीरका जुनसुकै रोग पनि नष्ट हुने भएकाले प्राचीन समयदेखि नै यस कुण्डमा डुबुल्की मार्ने प्रथा आयो होला ।" (पृ. ४०) यसैगरी तारावदन श्रेष्ठ बाल्यकालदेखि देख्दै हेर्दै आएको 'आराध्यदेव चन्दन भराटेश्वर'को ऐतिहासीक र पौराणिक पक्ष उजागर गर्दै– "चन्द्रागिरि पर्वतको काखैमा रहेको चन्दन प्रभातेश्वर महादेवस्थान धेरै प्राचीन हो ।" भन्न पुगेकी छन् ।

तेजप्रकाश श्रेष्ठ निरन्तर कलम चलाउँदै आएका साहित्यकार हुन् । यसमा उनको आँखाले देखेको 'आराध्यदेवी आद्यकालिका'को विषयमा यसरी वर्णन गर्छन्– "गुम्बज आकारभन्दा पनि पहिले कुनै मन्दिर आकार थिएन, खुला आकाशमुनि ठडिएका पत्रेचट्टानहरू ....... बिच ठडिएका दुईओटा पत्रेचट्टानको कापमा 'भग' आकारप्रकारको प्राकृतिक खोबिल्टो भित्र पारेर मन्दिर निर्माण भएको छ ।" (पृ. ५२) यसरी तेजप्रकाशले वर्णन गरेको 'भग' स्वरूप चट्टानी रूप नै आराध्य भगवती आदकालिका भएको यथार्थ जानकारी गराएका छन् ।

लेखक दिनेश थापा आनो गाउँठाउँमा 'मातातीर्थ उत्पत्ति' अत्यन्त गौरव मान्छन् र महिमा यसरी शब्दमा व्यक्त गर्छन्– "..... समस्त मानव मात्रको आराध्यदेवी आमा नै हुन् ।" 'ऐतिहासिक, धार्मिकस्थल चन्द्रागिरि : एक परिक्रमा' गरेर पर्वतमालाको बारेमा बद्रीप्रसाद ढकाले सचेत स्थानीय भएको सबल प्रमाण दिने प्रयास गरेका छन् । यस्तो पवित्र र महनीय कार्य गर्न सबै उद्धत हुने हो भने नेपाल धार्मिक दृष्टिले पर्यटकीय धाम बन्नेछ, । "समुद्री सतहबाट लगभग २००० मिटरसम्मको उचाइमा रहेको दहचोक, इन्द्रस्थान चन्द्रागिरि नगरपालिकाका पर्यटकीय-सांस्कृतिक महत्त्व बोकेका स्थलहरू हुन् ।" यसको साथै मत्स्यनारायण, मातातीर्थ, वाणस्थली, विष्णुदेवी, चन्दनभराटेश्वर, कालेश्वर, यक्षेश्वर, इन्द्रस्थान, महालक्ष्मीस्थान, आदिनारायण, चम्पादेवी, चण्डिकादेवी, चुनदेवी, वागबत्सलादेवी

तथा चण्डीभैरवको बारेमा पनि जानकारी गराएका छन् । यस समिक्षा कृतिमा भीमनारायण श्रेष्ठको 'चन्द्रागिरिमा सिन्हः जात्रा संस्कृति' मा संस्कृतिका कुरो अत्यन्त राम्ररी आएको छ। दशौं रचना भुवनहरि सिग्देलको 'दर्शनीय देवमयी इन्द्रेश्वर धाम' रहेको छ । नेपालका पवित्र पीठ र धामहरूमध्ये काठमाडौं उपत्यकाको पश्चिमस्थिच बल्खु (शक्रनदी)को सिरान तटमा देवताका राजा इन्द्रले ठूलो यज्ञ गरी स्थापना गरेको इन्द्रेश्वर धामको बारेमा गहन अध्ययन सिग्देलको भएको थाहा हुन्छ।

कलैया बारा निवासी मुकुन्द आचार्यले 'संस्कृति र चन्द्रागिरि'को बारेमा लेखेका छन् । मोफसलबाट केही दिनको लागि आउँदा सम्मान पाउँथे । केही समय थानकोट उनको बासस्थान बन्यो। जहाँ बस्थे त्यहीको बारेमा लेख्थे, सोही कुराको दसी हो– संस्कृति र चन्द्रागिरि। छोटो समयको बसाई, फरक भूगोल र संस्कृतिको अध्ययन– यही कारण छोटो लेखमा थोरै कुरा लेखेका छन्, जे लेखेका छन् राम्रो लेखेका छन् । 'ल्वहँखा'मा नचाइने सिकाली प्याखँ' शीर्षकमा इतिहास र संस्कृतिमा रुचि राख्नु हुने रत्नलाल श्रेष्ठले काठमाडौंको पश्चिम भेगमा अवस्थित प्राचीन नेवार बस्ती ल्वँकोट (ल्वहँखा)को बारेमा ऐतिहासिक तथ्य उजागर गरेका छन् ।

इतिहास र संस्कृतिको खोजमा सक्रिय रवीन्द्र रिजाल लिच्छविकालीन शीताटी द्रङ्गको संस्कृति अनुशीलन लेखमा यस्तो लेख्छन्– "लिच्छविकालीन शिलालेखहरूलाई अध्ययन गर्दा त्यस समयको सांस्कृतिक पक्ष कति गतिशील थियो र सामाजिक क्षेत्रको अवयव यसबाट नै निर्देशित भएको सहजै बुझ्न सकिन्छ । ग्राम-तल-द्रङ्गको बारेमा शिलालेखले धेरै कुरा बोध गराएको छ।"

राजेन्द्र श्रेष्ठको 'नेवार संस्कृति एक विवेचना'आलेखमा नेवार संस्कृतिको ऐतिहासिक पृष्ठभूमि र नेवार संस्कारको महत्व सङ्क्षिप्त रहेपनि ज्ञानवर्द्धक छ। श्रीहरि रूपाखेतीको 'मातातीर्थ औँसी र मातातीर्थ' शास्त्रमय, संस्कृतिमय र वर्तमान समयको पनि बोध गराईएको सशक्त, सुन्दर र शीर्षकअनुसार सफल चित्रण रहेको छ।

लेखक श्याम बलामीले 'टेकनपुरका बलामी जाति'को बारेमा उपलब्ध हुन सकेको मौलिक संस्कृति, भाषा, चाडपर्व, परम्परा, संस्कारको बारेमा जानकारी गराएका छन् । लेखकले आफ्नो जातिको पहिचान तथ्यको आधारमा खोजेका छन् । निश्चय नै 'सतुङ्गलको बुद्ध मन्दिर' बुद्धको ज्ञानको उपदेश फैलाउन नेपाल सम्बत् ७०३ भन्दा पहिले नै स्थापना भएको धारणा सुजना श्रेष्ठको रहेको छ। यहाँ सुजनाको प्रस्तुति र धारणा विद्रोहात्मक नभएर तथागतको ज्ञान जस्तै शान्त छ। चन्द्रागिरिका लेखकहरूले आफ्नो ठाउँको ऐतिहासिक, पौराणिक, पर्यटकीय, संस्कृति, संस्कार, जाति, भाषाबारे जानकारी गराउन सामूहिक रूपमा प्रयास गरेका छन् र यो कृति चन्द्रागिरिको यथार्थप्रकट गर्ने आशा हो, अन्धकारमा ज्योतितर्फ लम्काउने काम भएको छ।



# वाङ्मयसेवी छायादत्त कृतिलाई सरसर्ती पढ्दा

● डा. शेखरकुमार श्रेष्ठ

'वाङ्मयसेवी छायादत्त' २०७५ सालमा प्रकाशित कृति हो । यो नेपाली साहित्यको बालकथा, बालउपन्यास, बालकविता, बालएकाङ्की, बालनिबन्ध, किशोर कविता, बालबालिकालाई भाषा, सिप, सिर्जनाजस्ता कृतिका साथै प्रौढ कविता, भाषा पाठ्यपुस्तक, व्याकरणलगायत अनेक कृति प्रकाशन तथा सम्पादन गरी नेपाली साहित्यमा आफ्नो केन्द्रीय उपस्थिति देखाएका छायादत्त न्यौपाने 'बगर'को व्यक्तित्व र कृतित्वको वर्णन तथा समीक्षा गरिएको पुस्तक हो ।

प्रस्तुत पुस्तकमा बाल समीक्षा खण्ड, व्यक्तिवृत्त खण्ड र समालोचना खण्ड गरी तीन खण्ड छन् । युवा-प्रौढ, पहाड र तराईमा बस्ने, पढ्ने र पढाउने लेखकका समावेशी लेखरचना यसमा समेटिएका छन् । यस कृतिको बाल समीक्षा खण्डमा विद्यालय तथा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूबाट गरिएका कृति तथा रचनाको समीक्षा छ । यस खण्डमा अभिषेक खड्का र मनीष मण्डलले निबन्ध, असीम बराल, आभास सापकोटा, इन्दु अधिकारी, सन्तोष जिसी, सुशान्त चौधरीले कथा, ईशा बस्नेत, हितेश मण्डलले एकाङ्की/संवाद, कमल खत्री, विनिता श्रेष्ठले बालउपन्यासको समीक्षा गरेका छन् भने राघव फुयालले छायादत्त न्यौपानेबाट लेखिएको पुस्तक पढेपछि कृति र लेखकका सम्बन्धमा मनमा उत्पन्न कुरा व्यक्त गरिएका रचनाहरू छन् । यस खण्डमा रहेका लेखले छायादत्त न्यौपानेका कथा, कविता र एकाङ्की बालमस्तिष्क बोध गरी विषयवस्तुको ज्ञान दिन लेखिएको कुरा गरिएको छ। यस खण्डका लेखले सकारात्मक जीवन बनाउन साहित्य सिर्जना गर्ने बालसाहित्यकारका रूपमा छायादत्त रहेको कुरा व्यक्त गरेको देखिन्छ ।

प्रस्तुत पुस्तकको दोस्रो खण्डमा छायादत्त न्यौपानेको साहित्यिक जीवनको साथै जीवनवृत्त प्रस्तुत छन् । यसमा गायत्री पौडेलद्वारा लिखित छायादत्त न्यापानेको जीवनीमा जन्म, परिवार, शिक्षा, जागिर, आर्थिक अवस्था, व्यक्तित्व, लेखनको सुरुआत, विकास, विस्तार, संस्थागत संलग्नतालगायत प्रकाशित कृतिको वर्णन छ। यस खण्डका अर्का लेखक डम्बर पहाडीले छायादत्त न्यौपानेलाई

बहुआयामिक व्यक्तित्व, तारानाथ घिमिरेले देशप्रेमी, मित्रलाल पंज्ञेनीले कर्मशील साहित्यकार भनेर पुष्टि गरेका छन् भने रामप्रसाद ज्ञवालीले न्यौपानेको सङ्घर्ष र सिर्जनात्मक व्यक्तित्व चिनाएका छन् । त्यस्तै, शिवशङ्कर न्यापानेले सँगै पढ्दाको संस्मरण, श्रमशीलले 'छायादत्त' शीर्षकमा छायादत्त न्यौपानेको व्यक्तित्व र कृतित्वका पक्ष उल्लेख गरेका छन् । त्यसै गरी शोभाकान्त रिजालले बाल्यकालदेखि २०७७ सालसम्मका विभिन्न प्रसङ्गमार्फत छायादत्तलाई चिनाउने प्रयास गरेका छन् । यस खण्डका लेखहरूले मूलतः सिर्जनाको परिधिमा रहेर छायादत्तका व्यक्तित्व प्रकाश पारेको देखिन्छ । यस क्रममा मधुसूदन लामिछानेको ' बालकवि' शीर्षकको कविता

छ । यस कविताले सम्पूर्ण मानिसको जीवन, गति, लक्ष्य आदिका कुरा उल्लेख गरी स्रष्टा छायादत्त न्यौपाने मानवीय धर्म निर्वाह गर्ने, सिर्जनशील, अर्काको सुखदुःख बोध गर्ने र आफ्नो कर्तव्यपथमा निरन्तर रमाउने सर्जक भएको कुरा गरेको छ ।

प्रस्तुत पुस्तकको तेस्रो वा अन्तिममा समालोचना खण्ड छ । यस खण्डमा छायादत्तबाट लेखी प्रकाशन भएका कृतिहरूको समालोचना छ । यस खण्डको सुरुमा अम्बिका गौतमले छायादत्तका भाषाः सिकाइ, सिप र सिर्जना(शिक्षण विधि), मोटर साइकलको बिहे बालनाटक र धर्ती मुस्कुराउँछ कवितासङ्ग्रहको समालोचना छ । त्यस्तै यस खण्डमा ऋषिराम शर्मा, एकराज शर्मा, कृष्णप्रसाद पोखरेल, जीवनाथ पौडेल, धनप्रसाद सुवेदी, शैलेन्दुप्रकाश नेपालले कवितासङ्ग्रहको केन्द्रभित्र रहेर छायादत्तको बालकवित्व प्रस्तुत गरेका छन् । कृष्णप्रसाद पोखरेल, गोपीकृष्ण शर्मा, ठाकुर शर्मा भण्डारी, शैलजा पोखरेल, हरिप्रसाद सिलवालले बालकथा र बालकथाको सन्दर्भबाट स्रष्टा छायादत्तको प्रवृत्ति र बालकथामा रहेको योगदान उल्लेख गरेका छन् । त्यसै गरी गोविन्दप्रसाद आचार्य, डीपी भट्टराई, मुक्तिनाथ शर्मा नेउपाने, यादेवी ढकाल, रामचन्द्र फुयाल, शम्भुराम जोशी, हरेकृष्ण ज्ञवालीले चाहिँ निबन्ध लेखनको परिधिभित्र रहेर छायादत्त न्यौपानेलाई चिनाएका छन् । यसै क्रममा ज्ञानबहादुर भुजेलले चाहिँ बालउपन्यासकारका रूपमा स्रष्टालाई चिनाएका छन् ।

प्रस्तुत खण्डमा एकभन्दा बढी कृतिसँग जोडेर छायादत्त न्यौपानेलाई चिनाउने काम पनि भएको छ । यस सिलसिलामा तेजविलास अधिकारीले बालकथा र निबन्ध, पुष्कारराज भट्टले बालकथा र बालउपन्यास, सुशीला प्रधानाङ्गले बालकविता र बालउपन्यासको कोणबाट छायादत्तलाई नियालेका छन् । त्यस्तै, धीरकुमार श्रेष्ठ र प्रभात सापकोटाले बालनाटककारका रूपमा छायादत्तलाई चिनाएका छन् भने प्रमोद प्रधान, डा.मधुसूदन गिरी, सुकुम शर्माले समष्टि बालसाहित्यको अध्ययन

गरी छायादत्त न्यौपानेलाई मूर्धन्य बालसाहित्यकारका रूपमा चिनाएका छन् । यसै सिलसिलामा कमल ज्ञवाली, करुणा नेपाल, खिमानन्द पोखरेलले भाषा सिकाउने पुस्तक 'भाषा सिकाइ, सिप र सिर्जना' तथा खेमलाल पोखरेल र शेखर अर्यालले 'खल्तीका कुरा चल्तीका सूत्र' कृतिको विश्लेषण गरी बालबालिकालगायत प्रौढका लागि उपयोगी सामग्री तयार पार्ने स्रष्टाका रूपमा छायादत्त रहेको कुरा गरेका छन् । यस कृतिको अन्तमा एउटा अङ्ग्रेजी भाषाको रचना पनि छ । यसमा जीवनीसँग सम्बन्धित आलेख छ । यो छायादत्त न्यौपानेबाट लेखिएको जीवनीलाई खेमलाल पोखरेलले अनुवाद गरेको जीवनीसँग सम्बन्धित छ । यस लेखले छायादत्त न्यौपानेलाई जीवनीकारका रूपमा चिनाएको छ ।

छायादत्त न्यौपानेको कलम बालकविता, बालकथा, बालउपन्यास, बालनाटक, बालनिबन्ध, सूत्रदृष्टि र बालजीवनीमा पनि चलेको देखिन्छ । यसका साथै छायादत्त न्यौपानेका विद्यालय तहका पाठ्यपुस्तक, सम्पादित कृति, समालोचनाका लेखरचनाहरू र प्रौढ साहित्य पनि प्रकाशित छन् । यिनलाई भने समेटिएको देखिँदैन । मूलतः यस कृतिले छायादत्तलाई बालसाहित्यकारको रूपमा उभ्याएको छ । यसमा पनि कृतिले मूलतः बालकवि र बालकथाकार अनि अंशतः बालनाटककार र बालनिबन्धकारको रूपमा चिनाएको छ ।

प्रस्तुत कृतिको अग्रभागमा १२ पृष्ठ छ भने मूल पाठमा ३९६ पृष्ठ रहेको छ । यसमा पनि बालसमीक्षा खण्डमा १३ स्रष्टाको समीक्षा, व्यक्तिवृत्तमा ९ स्रष्टाको रचना र समालोचना खण्डमा ३७ लेखकका रचना छन् । यस कृतिको हरेक खण्डमा राखिएका रचनाहरूको क्रम लेखकको वर्णानुक्रम नाममा व्यवस्थित गरेका छन् । तेजविलास अधिकारी र रामचन्द्र फुयालबाट सम्पादित यस कृतिको मूल्य ४५० रूपैयाँ छ । यस कृतिमा खण्ड विभाजित गर्दा स्रष्टाको जीवनीसँग सम्बन्धित लेखरचनालाई अगाडि राखेर बाल समीक्षालाई समालोचना खण्डको अगाडि राखेको भए अझ लेख रचना व्यवस्थित हने कुराको बोध हुन्छ । यसका साथै कृतिमा सङ्गृहीत दुईओटा कवितालाई फरक स्थानमा नराखी एकै ठाउँमा राख्दा सम्पादन पक्ष अझ बलियो र सार्थक हुने थियो कि भन्ने आभार हुन्छ । अन्तमा दीर्घ समय साहित्य सिर्जना, विकास र विस्तारमा लागेका स्रष्टा छायादत्त न्यौपानेको नाममा प्रकाशित यस कृति सामग्रीले साहित्य सिर्जनामा लाग्नेका लागि टेकोको काम गरेको छ । यसका सामग्रीले छायादत्त न्यौपाने र बालसाहित्यको अध्ययन अनुसन्धान गर्नेलाई पनि सहयोग गर्ने अपेक्षा राख्न सकिन्छ । यसका लागि अनवरता साहित्यको पछि लाग्ने छायादत्त न्यौपाने बधाईका पात्र हुनुहुन्छ भने सम्पादक द्वय र प्रकाशक धन्यावादका पात्र बनेका छन् ।

*दक्षिणकाली, फर्पिङ*

# बगैंचाभित्रका फूलहरू

• बाबुराम लम्साल, संयोजक





## मानवहरू

• शान्ति तामाङ
*बृचेत माध्यमिक विद्यालय,*
*खनियाबास-३, धादिङ*

लिलिपुटको बामपुड्के मानवहरू
खै किन हो प्रमिथस भइदिन्छन्
सत्य युगका रामकृष्ण मानवहरू
खै किन हो देवता बनिदिन्छन्
अगाडि समाजका मानवहरू
मुनामदन बन्न सक्छन्
यिनले श्रवण कुमारले झैँ
बाआमालाई खर्पनमा बोक्लान् ?
आजका मानवहरू
मात्र दाह्रा किटकिटाउनेहरू हुन्
आलो रगत चुस्नेहरू हुन् ।

---



• फ्लोरिना गुरुङ
*गणेश कुण्ड मावि,*
*खनियाबास-४, कक्षा १०*

पुरुष प्रधान देश समाजले यो
चलन कतिसम्म स्वीकारी रहने
आँखाका दुई नानी भन्छन् छोराछोरी
तर खै किन बन्छन् बनको धरती
विश्वभरि समान भन्छन् छोराछोरी
किन बन्छन् सधैँ घरको कैदी ?



• सन्देश तामाङ
*बृचेत मा.वि.,*
*खनियाबास, धादिङ*

मेरो शरीरको बलिदान होस्
मेरो आत्माको बलिदान होस्
ईश्वर तिम्रो खातिर .
हिंसा झुटा कुरा केका लागि
जानु छ खाली हात आखिर

● **सत्यन्द्र लामा**
*दार्खा, धादिङ*



जीवनको पृष्ठभूमि
अभ्यस्त जीवन निरीह दास
सम्हाल्दै परिवेश एउटा संवेदना
परिवर्तित जन उद्वेलित मन
जानीनजानी पाइला गन्दै
कल्पिरहेको जीवन आन्दोलित मन
अभ्यस्त मानसपटल छिचोल्दै दिन
व्यतित खेप्ला आज हो कि भोलि
जन्ती र मलामी, अभाव र पीडामा
घिस्रीँदै मिस्रिँदै, बितिरहेको एक जीवन
संस्कारित जीवन बहुल संस्कृति
जोगाउन उत्सुक युवाहरूको भीड
अन्धानुकरण गर्नेहरू फुट र दवाबमा
जोगाउन पर्ने नास्तिक मनमुटाव
बाँचिरहेको एउटा जीवन
बदलिँदो जीवन व्यभिचार मुक्त
आध्यात्मिकता खोज्दा खोज्दै
राजनीतिक प्रभाव सोर्स र फोर्स
नमस्कार र चाकडीमा पलपल
लास भइरहेको जीवन ।

---

● **डेहेमा रिञ्जेन**
*कक्षा ९, बृचेत माध्यमिक विद्यालय*
*खनियाबास ३, धादिङ*



बालसखा
अस्ताउँदो घामझैँ हुँदा
मेरो आँखा अगाडि
आए जीवनका तस्वीरहरू
पहिले देखेँ मेरा बाल्यकाल
अहँ, देखिँन बालसखा मात्र
देखेँ, बाबा र आमा तथा
पलायन भएका साथीहरू
आज बुझेँ कि
बालसखा खेल्ने जुध्ने साथी हैनन्
बालसखा भनेको त हामीलाई जन्म दिई
हुर्काई बढाई गर्ने बाबा आमा पो हुन्
सायद साउदीको छातीमा
आइपुगेको नभए अहिले हुने थिइन
अस्पतालको शैयामा
र सम्झने थिइन त्यो पल ।

● **रामबहादुर तामाङ**




म त चुँडालिएको गितारको तार हुँ
यदि सक्छौ भने राम्रो गाँसेर बजाउ
म त फ्याँकिएको चुरोटको ठुटा हुँ
दया लागे प्रेमपूर्वक तानेर देखाउ ।

# बजारमा नयाँ कृति




• प्रतीक्षा रिजाल, संयोजक

## काठमाडौंलाई महासागरको पानी




यो वियोगी बुढाथोकीको नवीनतम नियात्रा सङ्ग्रह हो । २०८० मा प्रकाशित यस कृतिभित्र विदेशयात्राका २५ र स्वदेशयात्राका ४ नियात्रा छन् । घुमघाम सबैलाई मनपर्ने कुरा हो । यसैले मानिसहरू सके र भ्याएसम्म घुमघाममा रम्छन् र रमाउँछन् । घुमघाम स्वदेश र विदेश दुवैतिर गर्न सकिन्छ । यस पुस्तकमा रहेका घुमघामहरू स्वदेश र विदेश दुवैतिरका छन् । अर्थात् उनले गरेका दुवैतिरका यात्रालाई समेटिएको छ । आफू नगए पनि पढेर धेरै विषयवस्तु बुझ्न यस कृतिले सघाउँछ । यसर्थ यो कृति अत्यन्तै पठनीय रहेको छ ।


## अन्त्य कहाँबाट सुरु हुन्छ ?




अन्त्य कहाँबाट सुरु हुन्छ ? हालै बजारमा आएको नवीनतम कविताकृति हो । २०८० सालमा प्रकाशित यस सङ्ग्रहका लेखक देविका तिमिल्सिना हुन् । यस कृतिमा विभिन्न शीर्षकका ३६ कविताहरू छन् । यी कवितामा मान्छेका कुरा


छन् । मान्छेले भोगिरहेका पीडाका कुराहरू छन् । ढाँट्नेहरू ढाँटेर माथि पुगिसकेका कुरा छन् । अनि ढाँटिनेहरू जहाँको त्यहीँ र जस्ताको त्यस्तै अवस्थामा रहिरहेका कुरा पनि छन् । अनेक नाममा हामी सदियौँ कोही भएका छौँ, कसैका भएका छौँ तर आफूचाहिँ आफू हुन सकिरहेका छैनौँ । यहाँ यी र यस्तैयस्तै विषयका कविता छन् र यिनले हामीलाई हरदम दोहन गरिरहेका छन् भन्ने कुरा स्पष्ट पारिएको छ ।

## नेपथ्य नायक




नेपथ्य नायक वरिष्ठ अभिवक्ता डा. विश्वदीप अधिकारीद्वारा लेखिएको कथासङ्ग्रहको नाम हो । डा. अधिकारी सामाजिक विषयवस्तु टपक्क टिपेर कथालेख्न सक्ने राम्रा कथाकार हुन् । वि.सं. २०७६ सालमा प्रकाशित प्रस्तुत सङ्ग्रहभित्र कमजोर मान्छे, आँसु रित्तिएका आँखा, विदेशबाट फर्किएको छोरो, मोवाइल मेनिया, ज्योतिष गुरू, आफ्नै लास हेर्दाको अनुभूति, पेटैमा चिहान, नबोल्ने आँखा, भन्सारको जागिर, भ्mापड, संसदीय सुनुवाई, भित्र बाहिर व्यस्त, नामाकरण, खैरो वातावरण, खलनायक, सेकेण्ड ह्याण्ड ज्वाइँ, मात चढेको राजनीति, नेपथ्य नायक, सारिका, पहिलो जागरण र निमिषा जस्ता शीर्षकका २१ वटा कथाहरू रहेका छन् । सामाजिक पृष्ठभूमिमा घटित घटनाहरूलाई विषय बनाइएको यहाँका कथाहरू अत्यन्तै पठनीय र सङ्ग्रणीय रहेका छन् ।

## हटारू




हटारू साहित्यकार ओम रिजालको औपन्यासिक कृति हो। २०७८ चैतमा पहिलो पटक प्रकाशित यो कृति २०८० जेठमा दोस्रो पटक प्रकाशित भएको देखिन्छ । २०५९ मा (यात्राविम्ब कवितासङ्ग्रह) छपाएर कृतिकारका रूपमा देखा परेका रिजालको २०६९ मा दोस्रो कृति (रुँदै बग्दो छ मुगु कर्नाली यात्रा संस्मरण) प्रकाशित भएको थियो । हटारू उनको तेस्रो कृति हो। सामान्यतः उपन्यासमा शीर्षक नराखिने प्रचलन छ। तर यो उपन्यासमा १७ शीर्षक छन्। यी शीर्षकहरूले विषयवस्तु बुझ्न ठूलो सहयोग गर्छ। या लेखकको प्रयोग पनि हो। हटारू कर्णाली क्षेत्रको सशक्त दस्तावेज हो। कर्णाली बुझ्न खोज्नेहरूले यो पुस्तक पढ्नु अति आवश्यक छ। अर्थात् हटारूमा कर्णाली क्षेत्रको जीवन्त तस्बर देख्न पाइन्छ।

# अतिथि सम्पादकको कलमबाट

पुस्तकको समीक्षा भन्ने कुरा गहन विषय हो । हुन त समीक्षा भन्नु नै कुनै कृतिकाबारे गुण र दोष छुट्याई गरिने विवेचना, समालोचना हो । कुनै विषयबारे अनुसन्धान गर्ने काम, खोजी, गवेषण तथा कुनै विषयलाई राम्ररी वा नियालेर हेर्ने काम हो । यहाँ मैले समीक्षाको कुरा उठान गर्दा यहाँ समेटिएका सबै लेखहरू समीक्षा हुन सकेका छन् त? भन्ने प्रश्न उठन सक्छ त्यसैले यहाँ समेटिएका समीक्षाहरू विशेष गरी पुस्तक परिचय मात्र हुन् ।

यस अङ्कमा केही लेखकका केही कृतिहरूमाथि केही लेखक, साहित्यकार, अन्वेषक तथा पाठकले आद्योपान्त पढेर तर्कसहित पुष्टि गरेका पुस्तकका कुरा समेटिएका छन् । यहाँ समेटिएका लेखमा साहित्य, संस्कृति, विभिन्न स्थानका विषयमा लेखिएका कृतिका बारेमा खोज तथा अन्वेषण गरी विश्लेषण गरिएको छ । यी विश्लेषणले सम्बन्धित पुस्तकका बारेमा जान्न चाहनेहरूका लागि पक्कै सहयोग पुग्नेछन् भन्ने आशा राखिएको छ ।

कुनै पनि स्रष्टाले पुस्तक लेखेपछि पाठकसमक्ष पुग्नु नै पर्छ । पाठक समक्ष पुग्नु अगाडि नै पुस्तकभित्र के छ ? केकस्ता विषयलाई समेटिएका छन्, ती पुस्तक भित्रका कुरा जान्न जरुरी छ । पुस्तकका विषय के छन् भन्ने कुरा यस्ता पुस्तक परिचय वा समीक्षाले जान्न सहयोग पुऱ्याउँछ । पुस्तकले के कति कुरालाई समेटेर समाजका लागि के दिनसकेको छ भन्ने कुरा जान्नु पर्दछ ।

कुनै पनि स्रष्टा वा लेखकले आफूले लेखेको कुरालाई निकै महत्व दिन्छन् तर ति कुरा वास्तवमै पढ्नुपर्ने, जान्नुपर्ने वा सिक्नुपर्ने नै हो त ? त्यसका लागि समेत पुस्तक परिचय वा समीक्षा निकै महत्वपूर्ण हुन्छ, त्यही कुरालाई मध्यनजर गरेर यस अङ्कमा केही पुस्तकका परिचय समावेश गरिएको छ । आगामी दिनमा पनि यस प्रकारको कार्य गर्न जरुरी देखिएकाले पाठक र शुभचिन्तकको सल्लाह र सुझावको अपेक्षा राख्दछौं ।

# बारागढी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, खोपवा बारा

### सम्पूर्ण गाउँवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै गाउँपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौं ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

# कोल्हवी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, कोल्हवी, बारा


### सम्पूर्ण गाउँवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै गाउँपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौं ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।


नो राजनीति, साहित्यिक भे मात्र कुरो गर्नुस् भन्दिया छु नि !
राजेशमानंधर

# व्यक्तिगत विवरण सुरक्षित राखौं, साईवर अपराधबाट जोगिऔं

कम्प्युटर, मोवाईल र ईन्टरनेट प्रयोग गर्दा :

- बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रुपमा परिवर्तन गरौं ।
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिंक नखोलौं ।
- अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिऔं ।
- ह्वाट्स एप, ईमो, भाइबर, मेसेन्जर लगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं । त्यस्ता कल पटक पटक आए ब्लक गरौं ।
- आफ्ना व्यक्तिगत विवरणहरु (ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई शेयर नगरौं, सुरक्षित राखौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# विद्युत नियमन आयोग
# एक परिचय

राष्ट्रिय आर्थिक विकासको मेरूदण्डको रूपमा स्थापित हुने प्रगाढ क्षमता राखेको नेपालको विद्युत क्षेत्रलाई नियमन गर्नुका साथै उपलब्ध स्रोतको अधिकतम सदुपयोग गर्न, विद्युत क्षेत्रलाई थप प्रभावकारी एवं सुदृढ बनाउन, विद्युत उत्पादन, प्रसारण, वितरण तथा व्यापारलाई सरल, नियमित, व्यवस्थित तथा पारदर्शी बनाई विद्युतको माग र आपूर्ति बीच सन्तुलन कायम राख्न, विद्युत महसुल नियमन गर्न, विद्युत उपभोक्ताको हकहित संरक्षण गर्न, विद्युतको बजारलाई प्रतिस्पर्धात्मक बनाउन, विद्युत सेवालाई भरपर्दो, सर्वसुलभ, गुणस्तरयुक्त तथा सुरक्षित बनाउन आवश्यक रहेकाले एउटा स्वशासित एवं सङ्गठित् नियामकीय संस्थाको रूपमा विद्युत नियमन आयोग ऐन, २०७४ तथा विद्युत नियमन आयोग नियमावली, २०७५ अन्तर्गत विद्युत नियमन आयोगको स्थापना भएको हो । यस आयोगका प्रथम पदाधिकारीहरूको मिति २०७६ बैशाख २५ गते नियुक्ति भएको हो ।

विद्युत नियमन आयोग ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम ग्रिडसंहिता र वितरणसंहिता बनाई कार्यान्वयन गर्ने, विद्युत सेवाको सञ्चालन तथा मर्मतसम्भारको स्तर तथा कार्यविधि तयार गरी कार्यान्वयन गर्ने, विद्युत प्रणालीको गुणस्तर तथा सुरक्षास्तरको मापदण्ड बनाई समग्र विद्युत क्षेत्रको अभिभावकत्व ग्रहण गर्दै नेपाली विद्युत क्षेत्रलाई विकासतर्फ अग्रसर गराउने जिम्मेवारी आयोगको रहेको छ ।

आगामी दिनहरूमा थप उत्साहका साथ दक्षिण एसियाली क्षेत्रमा रहेका नियामक निकायहरूसँग सहकार्य गर्दै द्विपक्षीय, त्रिपक्षीय एवं बहुपक्षीय विद्युत व्यापार गर्ने कार्यलाई प्रोत्साहन गरी नेपालको विद्युत उत्पादन क्षमताको उपयोग गर्दै नेपालको आर्थिक समृद्धिमा सघाउ पुऱ्याउन आयोग प्रतिबद्ध रहेको छ ।

आयोगका बारेमा बिस्तृत जानकारी प्राप्त गर्न www.ere.gov.np हेर्नु होला ।

बा.जि.प्र.का.द.नं. ५/२०५२

